व्यवस्थापिका-संसद्

# अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समिति

## परिवर्तित सन्दर्भमा नेपालको विदेश नीति

# प्रतिवेदन, २०६८


व्यवस्थापिका-संसद्

अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समिति

संसद भवन, सिंहदरवार, काठमाण्डौ ।

फो नं. ४-२००२६१

**Email :- irhrc@can.gov.np**
**irahrc@gmail.com**
**Web :- can.gov.np**

# भूमिका

आधुनिक नेपालको एकीकरण पश्चात शाहीकाल, राणाकाल, प्रजातन्त्रकाल, पञ्चायतकाल, संवैधानिक राजतन्त्रकाल, निरंकुश शाहीकाल एवं वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रकालसम्म पनि नेपालको विदेश नीति तदर्थवादमा नै सीमित छ । यति लामो कालखण्डसम्म हाम्रो मुलुकले अवलम्वन गर्दैल्याएको विदेश नीतिका सबल एवं दूर्बल पाटापक्षको समीक्षा गर्दै वर्तमान विश्व परिवेश अनुकूल हुने उपयुक्त विदेश नीतिले मात्र सही अर्थमा हाम्रो मुलुकको राष्ट्रिय अस्तित्व एवं सम्मानजनक पहिचान विश्वसामु कायम हुन सक्छ ।

सरकारका विभिन्न घटकहरू बीच, सबै राजनीतिक दलहरू बीच, दल भित्रका नेताहरू बीच एवं आम नागरिकहरू बीच समेत मुलुकको विदेश नीतिका वारेमा एकरूपता देखिँदैन । फलस्वरूप विभाजित घरेलू परिस्थितिको असर वाह्य नीतिमा समेत पर्न पुगेको छ । अतः सिङ्गो राष्ट्रिय साझा सहमति सहितको स्पष्ट विदेश नीति निर्माण तथा कार्यान्वयनबाट मात्र सही अर्थमा नेपालको राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता, सुरक्षा तथा सामाजिक-आर्थिक संमृद्धि सम्भव छ ।

मुलुकमा लोकतन्त्रको स्थापना भएपछि परराष्ट्र मन्त्रालयले नयाँ विदेश नीति निर्माणका लागि बेलाबखतमा कार्यदलहरू गठन गरेको भएता पनि प्राप्त भएका सिफारिस अनुसार समय सापेक्ष ढंगले विदेश नीतिमा नयाँ आयाम दिनेतिर सरकारको ध्यान पुगेको पाइएन । एक्काइसौं शताब्दीको दोस्रो दशकतिर प्रवेश गरिसक्दा विश्वको शक्ति सन्तुलनमा फेरबदल आइसकेको छ । विश्वमानचित्रमा नयाँ राष्ट्रहरूको उदय हुनुका साथै हाम्रा दुई छिमेकी मित्रराष्ट्र भारत र चीन आर्थिक एवं सामरिक दृष्टिले विश्वका अग्रणी शक्ति राष्ट्र बन्न पुगेका छन् । मुलुकमा भएका दशवर्षे जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेस आन्दोलन र यसै क्रममा भएका अन्य बिभिन्न आन्दोलनहरूको परिणामस्वरूप २४० वर्ष पुरानो एकात्मक, केन्द्रिकृत र सामन्ती राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सहित नयाँ राजनीतिक परिवेश खडा भएको छ ।

संविधानसभा/व्यवस्थापिका-संसद् अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिको २०६८।२।१९ को बैठकले परिवर्तित सन्दर्भमा नेपालको विदेश नीतिको प्रतिवेदन तयार गरी सरकारलाई सिफारिश गर्ने निर्णय गर्‍यो । सो कार्यका लागि समितिको २०६८।३।७ मा सम्पन्न बैठकले मस्यौदा तयारी उपसमिति गठन गर्‍यो । समितिको २०६८।३।१९ को बैठकले उक्त मस्यौदा तयारी कार्यमा चार जना विशेषज्ञ संलग्न गराउने निर्णय लिएको थियो । विशेषज्ञहरू संलग्न उक्त मस्यौदा समितिले विषयसंग सरोकार रहेका विभिन्न क्षेत्रका प्रतिनिधिहरूसंग विभिन्न चरणमा व्यापक छलफल गरी तयार भएको प्रारंभिक मस्यौदा प्रतिवेदन २०६८।४।३० गतेको राष्ट्रिय गोष्ठीमा समेत वृहद् छलफल गरी परिमार्जित भयो । तत्पश्चात समितिका बिभिन्न बैठकहरूमा छलफल गरी यस प्रतिवेदनलाई २०६८।९।११ मा सम्पन्न समितिको पूर्ण बैठकद्वारा सर्वसम्मतरूपमा पारित गरियो ।

व्यवस्थापिका संसद्को कार्यसंचालन नियमावली २०६५ नियम ११५, उपनियम १(क) अन्तर्गत मन्त्रालयको नीति तथा कार्यक्रम जस्ता विषयको मूल्याङ्कन गरी सरकारलाई निर्देशन दिने तथा त्यही उपनियम १ खण्ड (छ) अनुसार सभाले सुम्पेको अन्य काम गर्ने प्रावधान भित्र रही यस समितिले

नेपालको विदेश नीति बारे मार्गदर्शन गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरेको छ । नेपालको संसदीय इतिहासमै प्रथमपटक तयार गरिएको यो प्रतिवेदन व्यवस्थापिका-संसद्मा पेश भइसके पछि यसलाई नेपाल सरकारले मार्गदर्शकको रूपमा लिँदै परिवर्तित सन्दर्भमा समय सापेक्ष विदेश नीति निर्माण गरी तद्नुसार कार्यान्वयनको पहल गर्ने छ भन्ने समितिले विश्वास लिएको छ ।

यस प्रतिवेदनको तयारीका निम्ति आवश्यक व्यवस्था मिलाइदिनुका साथै राष्ट्रिय गोष्ठीको प्रमुख आतिथ्य समेत ग्रहण गरी समितिलाई अभिप्रेरित गरिदिनु भएकोमा सम्माननीय सभामुख सुवासचन्द्र नेम्वाङ्ग, प्रतिवेदन तयारीमा संलग्न सम्पूर्ण माननीय सभासदहरू तथा संसद सचिवालयका राष्ट्रसेवक कर्मचारीहरू, विशेषज्ञहरू, छलफलमा सहभागी विदेश मामिलाका ज्ञाता सबै महानुभावहरू तथा प्रत्यक्ष  वा अप्रत्यक्षरूपले योगदान गर्नु हुने सबैप्रति समितिका तर्फबाट आभार व्यक्त गर्दछु ।

२०६८ पौष

पद्मलाल विश्वकर्मा
सभापति
व्यवस्थापिका संसद्
अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समिति

# विषय-सूची

**क्र.स.** **विषय** **पृष्ठ संख्या**

## परिचय खण्ड


पृष्टभूमि...............................................................................................१

अध्ययनको उद्देश्य.......................................................................................२

अध्ययन विधि ...........................................................................................२

अध्ययनको क्षेत्र .........................................................................................२


## प्रतिवेदन खण्ड

### भाग-१


**पृष्ठभूमि**.................................................................................................३

१.१ परिवर्तित सन्दर्भमा विदेश नीति तर्जुमाको औचित्य र आवश्यकता ................................४

१.२ बदलिएको नेपाली परिवेश ............................................................................४

१.३ नेपालको विदेश नीतिको उद्‍गम र विकास .......................................................५

१.४ समकालीन विश्व परिवेश र नेपाल ...................................................................५


### भाग-२


**नेपालको विदेश नीतिका आधार र विशेषताहरू** .................................................. ७

२.१ विदेशनीतिको समकालीन अवस्था ...................................................................८

२.२ राष्ट्रिय स्वार्थअनुरूपको विदेश नीति ................................................................८


### भाग-३


**आर्थिक कूटनीति** ......................................................................................१०

३.१ नेपालको वर्तमान आर्थिक अवस्था ..................................................................१०

३.२ आर्थिक कूटनीतिको महत्त्व ..........................................................................११

३.३ नेपालको आर्थिक कूटनीति ...........................................................................१२

३.४ आर्थिक-सामाजिक विकासका लागि विद्यमान संवैधानिक व्यवस्था ..............................१२

३.५ आर्थिक कूटनीतिका लागि बजेट व्यवस्था ..........................................................१३

३.६ आर्थिक कूटनीतिका लागि संभाव्य क्षेत्रहरू ..........................................................१३

३.६.१ वैदेशिक रोजगारी ....................................................................................१३

३.६.२ व्यापार क्षेत्र ............................................................................................१४

३.६.३ नेपाल व्यापार एकीकृत रणनीति सन् २०१० ....................................................१५

३.६.४ उद्योग ....................................................१५
३.६.५ उद्योगमा विदेशी लगानी ....................................................१५
३.६.६ पर्यटन ....................................................१६
३.६.७ जलस्रोत ....................................................१७
३.६.८ सेवा क्षेत्र ....................................................१७
३.६.९ कृषि-वन क्षेत्र ....................................................१८
३.६.१० संयुक्त-बहुपक्षीय लगानीका संम्भाव्य क्षेत्रहरू ....................................................१८
३.६.११ विदेशी लगानीका लागि केही संभाव्य निर्माण, उद्योग र सेवाक्षेत्र ....................................................१९

**भाग-४**

**संस्थागत सुधार** ....................................................२१
४.१ परराष्ट्र मन्त्रालय ....................................................२१
४.२ परराष्ट्र सेवाका कर्मचारी/ राजदूत नियुक्ति सम्बन्धमा ....................................................२२
४.२.२ शिष्टाचार एवं आचार संहिता निर्देशिका ....................................................२२
४.२.३ कन्सुलर सेवा ....................................................२२
४.२.४ राहदानी ....................................................२२
४.३ विदेश स्थित कूटनीतिक नियोगहरू ....................................................२३
४.४ महावाणिज्यदूतावासहरू ....................................................२३
४.५ परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान ....................................................२३
४.६ परराष्ट्र मन्त्रालयले प्रतिष्ठान सम्बन्धमा गर्नु पर्ने कार्यहरू ....................................................२४
४.७ अन्तर मन्त्रालय समन्वय ....................................................२४

**भाग-५**

**नेपालको विदेश नीतिका निर्णायक पक्षहरू** ....................................................२५
५.१ भौगोलिक अवस्था ....................................................२५
५.२ नेतृत्वको विकासमा पारिवारिक शासनको भूमिका ....................................................२५
५.३ विदेश नीतिमा मतैक्यताको प्रश्न ....................................................२६
५.४ भूमण्डलीकरणको प्रभाव ....................................................२६
५.५ वैदशिक सहयोगको सदुपयोग ....................................................२६
५.६ विगतका सन्धि र सम्झौताहरू ....................................................२७
५.७ दक्षिण एशियाली क्षेत्रीय सुरक्षा र नेपाल ....................................................२७
५.८ कूटनीतिक क्षमताको विकास ....................................................२७

५.९ राजनीतिक अस्थिरता ....................................................................................२८
५.१० अन्तरमन्त्रालय समन्वय र सम्बद्ध निकायहरूको भूमिका ..........................................२८
५.११ विदेश नीति निर्माणमा राष्ट्रिय सहमति ...................................................................२८
५.१२ चुनौतिपूर्ण श्रम नीति ........................................................................................२८
५.१३ खुला सीमा र सीमा कूटनीति ..............................................................................२९
५.१४ कूटनीतिक गोपनीयता एवं अभिलेख .......................................................................२९
५.१५ सुपुर्दगी सन्धि ...................................................................................................२९
५.१६ प्राकृतिक स्रोत-साधनको उपयोग ..........................................................................३०
५.१७ कूटनीतिक आचार संहिता पालन ...........................................................................३०
५.१८ आत्मनिर्भर, परनिर्भर र अन्तरनिर्भरताको प्रश्न .......................................................३०
५.१९ शरणार्थी समस्या ...............................................................................................३१
५.२० गोर्खा भर्ती केन्द्र ..............................................................................................३१
५.२१ जलवायु परिवर्तन र वातावरण संरक्षण ...................................................................३१

**भाग-६**

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको विदेश नीति** ....................................................३३
६.१. मूल विदेश नीति ................................................................................................३३
६.२. विदेश नीतिको आधार .........................................................................................३३
६.३. विदेश नीतिको प्रमुख लक्ष्य .................................................................................३३
६.४. राष्ट्रिय हितको सर्वोपरि स्थान ..............................................................................३३
६.५. छिमेकीहरूसँगको सम्बन्ध ....................................................................................३३
६.६ विदेश नीति निर्माणमा राष्ट्रिय सहमति ....................................................................३३
६.७ अन्तर्राष्ट्रिय कूटनीतिक पहल ................................................................................३३
६.८ लगानीको मूल नीति ............................................................................................३३
६.९. आणविक हतियारहरूको निःशस्त्रीकरण ....................................................................३४
६.१० सीमा कूटनीति ..................................................................................................३४
६.११ सन् १९४७ को त्रिपक्षीय सन्धि र मित्र राष्ट्र भारत सितका अन्य सन्धिहरूका सम्बन्धमा......३४
६.१२ मित्रराष्ट्र चीनसितका सन्धिहरूका सम्बन्धमा ..........................................................३५
६.१३ दक्षिण एशियाली क्षेत्रीय जलविधि निर्माण ...............................................................३५
६.१४ प्राथमिकता क्षेत्र निर्धारण ....................................................................................३५
६.१५ संस्थागत सुधार .................................................................................................३५

६.१६ वातावरण संरक्षण ....................................................................................३७
६.१७ शरणार्थीका सम्बन्धमा ....................................................................................३७
६.१८ भूमि प्रयोगको अनुमति ....................................................................................३८
६.१९ विद्युतीय रेल मार्ग सम्बन्धी विशेष नीति ....................................................................................३८
६.२० श्रम कूटनीति ....................................................................................३८
६.२१ आप्रवासी नेपाली सम्बन्धी व्यवस्था ....................................................................................३८
६.२२ अति कम विकसित र भूपरिवेष्टित मुलुकको नैसर्गिक अधिकार कायम गर्ने ....................३८
६.२३ आर्थिक सामाजिक रूपान्तरण ....................................................................................३८
६.२४ नेपाल र दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन ....................................................................................३८
६.२५ भूमण्डलीकरणको नकारात्मक प्रभावको न्यूनीकरण ....................................................................................३९
६.२६ विकास कूटनीति ....................................................................................३९
६.२७ संघीयता र विदेश नीति ....................................................................................३९
६.२८ आत्म निर्भरताको नीति ....................................................................................३९
६.२९ आपसी हितको नीति ....................................................................................३९
६.३० वैदेशिक नीति निमार्णमा नेतृत्वको विकास सम्बन्धी अवधारणा ....................................४०
६.३१ राजनीतिक स्थिरता र विदेश नीति ....................................................................................४०
६.३२ उच्चस्तरीय परामर्श परिषद्को व्यवस्था ....................................................................................४०
६.३३ राष्ट्रिय सहमति ....................................................................................४०
६.३४ अन्तर्राष्ट्रिय संगठनहरूप्रतिको प्रतिवद्धता ....................................................................................४०
६.३५ आर्थिक कूटनीति ....................................................................................४०
६.३६ विदेशी नागरिकहरूको सुपुर्दगी ....................................................................................४२
६.३७ विदेशमा रहेका नेपालीहरूको सुरक्षा ....................................................................................४२
६.३८ क्षेत्रीय सहयोग सम्बन्धी विशेष प्रस्ताव ....................................................................................४२
६.३९ विश्व शान्ति स्थापना कार्यमा योगदान ....................................................................................४३
६.४० समन्याय प्रणालीमा अडिग रहने ....................................................................................४३
६.४१ सम्बन्ध विस्तारको छनौट ....................................................................................४३

## परिशिष्ट खण्ड

**परिशिष्ट-१**

नेपालको कूल व्यापार अंश (प्रतिशतमा) ....................................................................................४४

**परिशिष्ट-२**

छिमेकी मुलुकहरूको आर्थिक-सामाजिक परिसूचाङ्क ............................................................४४

**परिशिष्ट-३**

छिमेकी मुलुकको आर्थिक वृद्धिदर (वार्षिक प्रतिशत परिवर्तन) ..............................................४५

**परिशिष्ट- ४**

आर्थिक कूटनीतिको लागि बिगत आ.व. देखि हाल सम्मको राजदूतावासगत वजेट निकासा विवरण ......४५

**परिशिष्ट- ५**

आर्थिक कूटनीतिको लागि विगत चार वर्षमा स्थायी नियोग र महावाणिज्यदूतावासमा बजेट निकासा विवरण.४६

**परिशिष्ट-६**

वैदेशिक रोजगारको अवस्था (०६८ जेष्ठ मसान्त) ...............................................................४६

**परिशिष्ट -७**

छिमेकी मुलुकहरूसंग नेपालको व्यापार (सन् २००९।१०) ..................................................४७

**परिशिष्ट -८**

सम्भाव्य निर्यात योग्य वस्तु तथा सेवाहरू ......................................................................४७

**परिशिष्ट- ९**

आ.ब. २०६६।६७ सम्म विदेशी लगानीका लागि स्वीकृत उद्योगहरू (रु. करोडमा) ....................४८

**परिशिष्ट -१०**

देशगत रूपमा स्वदेशी एवं विदेशी लगानीका उद्योग सख्या ................................................४८

**परिशिष्ट -११**

देशगत अर्वपतिहरूको संख्या .........................................................................................४९

## अनुसूची खण्ड

**अनुसूची-१**

समितिका माननीय सदस्यहरू .......................................................................................५०

**अनुसूची-२**

सचिवालय/समितिका कर्मचारीहरू ..................................................................................५१

**अनुसूची-३**

आधार-पत्र .................................................................................................................५२

**अनुसूची-४**

उप-समितिको बैठकका आमन्त्रित महानुभावहरू ...............................................................५५

**अनुसूची-५**

२०६८ असार ३० गतेको राष्ट्रिय गोष्ठीका सहभागीहरू .........................................................५७

# परिचय खण्ड

## पृष्टभूमि

विश्वमा राष्ट्रहरू बीच असल सम्बन्ध कायम गर्न विदेश नीतिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । समयको परिवर्तनसंगै नीतिहरूको पनि फेरबदल हुने गर्दछ । राष्ट्रले विगतमा अवलम्वन गरेका विदेश नीतिका सकारात्मक पक्षलाई ग्रहणगर्दै विगतका कमीकमजोरीलाई सुधार गरी आगामी दिनहरूमा मित्र राष्ट्रहरूसंगको सम्बन्ध अझ सुदृढ एवं उपयोगी बनाउने विदेश नीति आजको आवश्यकता हो ।

परिवर्तित सन्दर्भमा नेपालको विदेश नीतिको पुनरावलोकन गरी यसका केही पक्षलाई परिवर्तन गर्नु पर्ने बेला भएको महशुस गरी अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिको २०६८।२।१९ गतेको बैठकले परिवर्तित सन्दर्भमा नेपालको विदेश नीति तर्जुमा गर्ने प्रयोजनको लागि आधार-पत्र निर्माण गर्न देहाय बमोजिमको उपसमिति गठन गर्ने निर्णय गऱ्यो ।

| | |
|---|---|
| मा. श्री पद्मलाल विश्वकर्मा | संयोजक |
| मा. श्री सुरेशकुमार आले मगर | सदस्य |
| मा. श्री कुमार राई | सदस्य |
| मा. श्री राधा ज्ञवाली | सदस्य |
| मा. श्री चन्द्रिका प्रसाद यादव | सदस्य |
| मा. श्री सन्तबहादुर नेपाली | सदस्य |

तत्पश्चात् मिति २०६८।३।७ मा बसेको समितिको बैठकद्वारा परिवर्तित सन्दर्भमा नेपालको विदेश नीतिको आधार-पत्र निर्माण उपसमितिले पेश गरेको आधार-पत्र (अनुसूची-३ मा उल्लेखित) पारित गरी वर्तमान परिप्रेक्ष्यमा नेपालको विदेश नीतिको मस्यौदा तयार गर्न समितिका सभापति मा. पद्मलाल विश्वकर्माको संयोजकत्वमा देहायका मा. सदस्यहरू रहेको उपसमिति गठन गरियो ।

### उप-समितिका मा. सदस्यहरूको नामावली

| | |
|---|---|
| १) मा. श्री पद्मलाल विश्वकर्मा | संयोजक |
| २) मा. श्री चन्द्रिकाप्रसाद यादव | सदस्य |
| ३) मा. श्री जोखबहादुर महरा | सदस्य |
| ४) मा. श्री दलबहादुर राना | सदस्य |
| ५) मा. श्री नरहरि आचार्य | सदस्य |
| ६) मा. श्री नारायणमान विजुक्छे | सदस्य |
| ७) मा. श्री महालक्ष्मी अर्याल उपाध्याय | सदस्य |
| ८) मा. श्री राधा ज्ञवाली | सदस्य |
| ९) मा. श्री रामसहाय प्रसाद यादव | सदस्य |
| १०) मा. श्री रामानन्द मण्डल | सदस्य |
| ११) मा. श्री लोकेन्द्रबहादुर चन्द | सदस्य |
| १२) मा. श्री सन्तबहादुर नेपाली | सदस्य |
| १३) मा. श्री सुरेशकुमार आले मगर | सदस्य |

त्यस्तै मिति २०६८।३।१९ गते बसेको बैठकले वर्तमान परिप्रेक्ष्यमा नेपालको विदेश नीति निर्माण उपसमितिलाई उक्त मस्यौदा तयारी कार्यमा सहयोग गर्न देहाय बमोजिमका चार जना महानुभावहरूलाई विज्ञको रूपमा समावेश गर्ने निर्णय गऱ्यो ।

१) प्रा.डा. विष्णुहरि नेपाल, पूर्व राजदूत
२) श्री राजेश्वर आचार्य, पूर्व राजदूत
३) प्रा.डा. गोपाल पोखरेल, पूर्व निर्देशक, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान
४) श्री जयनारायण नेपाल, पूर्व सचिव, अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समिति

मस्यौदाको प्रारूप तयार भएपछि उपसमितिले सम्बन्धित क्षेत्रका महानुभावहरू (अनुसूची-१ मा उल्लेखित)संग विभिन्न मितिमा समिति एवं उपसमितिका बैठकहरूमा आमन्त्रण गरी सुझाव लियो । त्यही क्रममा मिति २०६८।४।३० गते राष्ट्रिय गोष्ठी गरी व्यापकरूपमा सुझाव लिने काम भयो । यसरी सुझाव संकलन भए पछि उपसमितिमा छलफल भई त्यसलाई अन्तिमरूप दिएर मिति २०६८।६।१२ मा विदेश नीतिको मस्यौदा प्रतिवेदन उपसमितिद्वारा समितिमा पेश गर्ने निर्णय भयो ।

अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानव अधिकार समितिको मिति २०६८।९।११ गतेको बैठकले उक्त मस्यौदा प्रतिवेदनलाई सर्वसम्मतरूपमा पारित गर्‍यो । समिति, उपसमिति, विषय विज्ञहरू, समितिका कर्मचारीहरू एवं सल्लाह सुझाव दिनु हुने सम्पूर्ण सरोकारवाला महानुभावहरूका प्रयासमा तयार गरिएको "परिवर्तित सन्दर्भमा नेपालको विदेश नीति प्रतिवेदन, २०६८" नेपालको आगामी विदेश नीति तर्जुमा गर्न महत्वपूर्ण आधार बन्ने विश्वास लिन सकिन्छ ।

## अध्ययनको उद्देश्य :

१) परम्परागत रूपमा रहेको नेपालको विदेश नीतिलाई समय अनुरूप परिवर्तन गर्न मद्दत पुर्‍याउने ।
२) मुलुकको स्वतन्त्रता, स्वाधीनता र सुरक्षालाई केन्द्रमा राखी अन्तर्राष्ट्रिय क्षेत्रमा मुलुकको प्रतिष्ठा अभिवृद्धि गर्न सघाउ पुर्‍याउने ।
३) प्रभावकारी आर्थिक कूटनीतिको माध्यमद्वारा राष्ट्रिय हित हुने गरी वाह्य लगानी, पूँजी तथा प्रविधि भित्र्याएर निर्यात अभिवृद्धिमार्फत मुलुकको अर्थिक विकास गर्न मद्दत पुर्‍याउने ।
४) विदेश नीति संचालन गर्ने परराष्ट्र मन्त्रालय लगायतका सम्बद्ध निकायहरुको संस्थागत सुधार गरी क्षमता अभिवृद्धि गर्न सघाउ पुर्‍याउने ।

## अध्ययन विधि

१) सम्बद्ध व्यक्तिहरूसंग छलफल र प्राप्त सुझाव,
२) गोष्ठी र अन्तरक्रिया,
३) नेपाल सरकारका विभिन्न निकायहरूका प्रतिनिधिहरूसंग छलफल एवं प्राप्त सुझाव,
४) विदेश नीति सम्बन्धमा प्रकाशित पुस्तक, प्रतिवेदन, अनुसन्धानमुलक कृतिहरू र पत्रपत्रिकामा प्रकाशित लेखहरू,
५) समितिले यस भन्दा अगाडि गरेका निर्णयहरू ।

## अध्ययनको क्षेत्र

परारष्ट्र मन्त्रालय एवं नेपाल सरकारका अन्य मन्त्रालय, सरोकार रहने अन्य संघ-संस्था तथा व्यक्तिहरू ।

## अध्ययनको सीमा

मिति २०६८।३।१९ मा बसेको बैठकमा पारित अनुसूची-३ मा उल्लेखित आधारपत्रको सीमा भित्र यो प्रतिवेदन तयार गरिएको छ ।

# प्रतिवेदन खण्ड

## भाग-१

## पृष्ठभूमि

समकालीन विश्वले २१ औं शताब्दीको एक दशक पार गरिसकेको छ । अन्तर्राष्ट्रिय सम्बन्धमा दूरगामी महत्त्वका परिवर्तनहरू देखिएका छन् । पुराना कतिपय मान्यताहरू र दृष्टिकोणमा समय सापेक्ष सुधार हुने क्रमले पनि क्रमशः गति लिएको पाइन्छ । शीतयुद्धकालीन अवस्थाको दुई-ध्रुवीय विश्वको स्थानमा बहुशक्ति केन्द्रित अन्तर्राष्ट्रिय प्रणालीतर्फ संसार उन्मुख वर्तमान परिवेश रहेको छ ।

विश्वका प्रायः सबै स्वतन्त्र मुलुकहरू द्विपक्षीय र बहुपक्षीय सम्बन्धलाई दीर्घकालीन दृष्टिबाट सुदृढ गर्दै आफ्नो सर्वोत्तम राष्ट्रियहितको सम्वर्द्धन गर्नेतर्फ उच्च प्राथमिकताका साथ अवसरको खोजी गर्दै उपलब्ध अवसरलाई सदुपयोग गरी लाभ लिन अधिकतम प्रयत्न गरिरहेका छन् ।

विश्वका प्रायः सबै स्वतन्त्र मुलुकहरू विवेकसम्मत ढङ्गबाट, राष्ट्र-राष्ट्रबीचको सम्बन्ध, सुरक्षा, स्वतन्त्रता, पारस्परिक लाभ, समन्याय र मानव कल्याणका आधारभूत मान्यताहरू अवलम्बन गर्दै आफ्नो राष्ट्रिय स्वार्थको सम्वर्द्धन तथा प्रवर्द्धन गर्न तल्लीन छन् । यिनै आधारभूत गतिविधिहरू बीचको अन्तर-सम्बन्ध नै समष्टिगत रूपमा विदेश नीतिको उद्देश्य र सार हो ।

विदेश नीतिले निर्धारण गरेका उद्देश्य र लक्ष्यतर्फ उन्मुख भई बाह्य जगतसंग सम्पर्क र सम्बन्ध विस्तार गरी लोककल्याण र संमृद्धि सुनिश्चित गर्ने उपयुक्त रणनीति नै राष्ट्रिय स्वार्थको जगेर्ना र प्रवर्द्धन गर्ने भरपर्दो माध्यम बन्न सक्दछ । विदेश नीतिले तय गरेका आदर्श, उद्देश्य र लक्ष्यहरू प्राप्त गर्न आवश्यक रणनीतिक कुशलता, परिपक्वता, सुझबुझ सहित जुनसुकै अवस्थामा निरन्तर प्रयत्नशील रहनु [१] कूटनीतिको मूल मर्म हो ।

कुनै पनि मुलुकको भौगोलिक अवस्थाले त्यस मुलुकको वैदेशिक सम्बन्धमा प्रत्यक्ष प्रभाव पार्छ । तटीय मुलुक, प्रायद्वीपीय मुलुक र भूपरिवेष्ठित मुलुकको राष्ट्रिय हित, उद्देश्य र चाहना उस्तै नहुन पनि सक्छ ।

विदेश नीतिको आधारमा कुनै एक देशले अर्को देशसंगको राजनीतिक रणनीति तयार गरी लागू गर्छ । त्यसैले कुनै पनि देशको विदेश नीति अर्को देशसंगको सम्बन्ध निर्धारण गर्ने सैद्धान्तिक आधार, देशको आकांक्षा, शक्ति र स्वार्थको समग्र रूप हो । विदेश नीतिले मुलुकको आन्तरिक शक्ति र आकांक्षालाई अभिव्यक्त गर्छ । घरेलु नीतिको विस्तारित रूप नै विदेश नीति भन्ने मानिन्छ र यसले बाह्य संसार केन्द्रित क्रियाकलाप गर्दछ । विदेश नीतिले अन्य मुलुकहरूको आचरणमा आएको परिवर्तन र अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल आफ्ना क्रियाकलापहरूलाई समायोजन पनि गर्दछ ।

एक देशले अर्को देशसंगको सम्बन्धमा आफ्नो हित, आकांक्षा र उद्देश्य प्राप्त गर्न तिनीहरूको संरक्षण र जगेर्ना गर्न तथा राष्ट्रिय हितलाई सर्वोपरी ठान्दै आफ्नो देशको भौगोलिक अवस्था, आर्थिक-सामाजिक-साँस्कृतिक अवस्था एवं राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल विदेश नीति अवलम्बन गर्छ । अतः विदेश नीति अन्तर्राष्ट्रिय समुदायद्वारा संचालित गतिविधिहरूले अन्य राष्ट्रहरूको आचरणमा परिर्वतन ल्याई आफ्नो स्वार्थ अनुरूप अन्तर्राष्ट्रिय वातावरणमा समायोजन गर्ने कुरा हो[२] ।

---

[१] Quincy Wright, The Study of International Relations, New York, 1955, p 23-24.

[२] George Modelski, The Theory of Foreign Policy, 1962, p 3.

## १.१ परिवर्तित सन्दर्भमा विदेश नीति तर्जुमाको औचित्य र आवश्यकता

ऐतिहासिक अनुभव र विभिन्न प्रयोगहरू बीच नेपाली राजनीति अभूतपूर्व संक्रमणको अवस्थाबाट गुज्रिरहेको छ । समकालीन विश्व तथा छरछिमेकका देशहरूले आ-आफ्नो सामर्थ्यलाई नयाँ चुनौतीहरू सहज रूपमा सामना गर्नसक्ने स्थितिमा पुऱ्याइसकेको अवस्थामा, नेपाल उदासीन रहन सक्दैन, रहनु हुँदैन । शताब्दीयौंदेखि सामन्ती केन्द्रिकृत र एकात्मक राज्य प्रणाली अन्तर्गत रहेको नेपाली समाज अहिले सचेत र जागरूक भएको छ । गाउँबेसी, शहर-बजार, तराई-मधेस, पहाड, हिमालका रैतीको जस्तो जीवन बिताउन बाध्य नेपालीहरू अब सही अर्थमा नागरिक हुन पुगेका छन् । नेपाली समाज अब यथास्थितिमा बस्न तयार छैन । विभिन्न वर्ग, क्षेत्र, जाति, आदिवासी/जनजाति, दलित, महिला, मधेसी, मुस्लिम लगायत सबै वर्ग र समुदाय आ-आफ्नो पहिचान, सम्मान र समान अधिकारका निम्ति आन्दोलित र प्रयत्नशील रहेको वर्तमान घडीमा हिजो व्याख्या हुँदै आएको पारम्परिक सुरक्षाको अवधारणा पर्याप्त छैन । जनता र देशको अपेक्षा र आवश्यकतालाई यथोचित किसिमले संबोधन गर्न नेपालको आन्तरिक र बाह्य दुबै नीतिमा समयोचित परिवर्तन हुनु जरूरी छ ।

नेपाली जनता आफ्नो सर्वाङ्गीण विकास चाहन्छन् । राज्यबाट प्रदान गरिने सेवा, सुविधा र अवसरहरूमा न्यायोचित हिस्सेदारीको उचित वितरणतर्फ आश्वस्त हुन चाहन्छन् । खासगरी युवा पीढीको सीप र क्षमतालाई राष्ट्रको विकासमा सहयोगी बनाउन पनि उपयुक्त विदेश नीति आवश्यक छ । सूचना, सेवा र अवसरहरू जुटाउन सकिएमा मात्र समाजको पछ्यौटेपन हटाउन सकिन्छ, गरिवी निवारण हुनसक्छ । यस दृष्टिले पनि क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा समझदारी, समन्वय र साझेदारीको दृष्टिकोणबाट अघि बढ्नु समयको माग रहेको छ । नेपाल र नेपाली जनताको सम्मान र प्रतिष्ठा अभिवृद्धि गर्न राष्ट्रिय स्वार्थको निर्धारण गर्दै त्यसको संरक्षण र सम्वर्द्धन गर्नेतर्फ सम्वेदनशील हुनु जरूरी छ । यो भावनात्मक विषय मात्र नभई जनताको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने ज्यादै महत्वको विषय पनि भएको हुँदा गम्भीर किसिमले नीति निर्माण गरी अगाडि बढ्नु पर्छ[३] ।

विदेश नीतिको प्रमुख लक्ष्य मध्ये राष्ट्रिय स्वार्थलाई अक्षुण्ण राख्दै आर्थिक दृष्टिले जनताको जीवनस्तर बलियो पार्दै जानु पनि हो । यस क्रममा राज्यले सबै सम्भावनाको खोजी गर्नैपर्छ । आर्थिक कूटनीतिका दृष्टिले पनि आफ्ना तुलनात्मक लाभका क्षेत्रहरूलाई सही रूपमा पहिचान गरी प्राथमिकताका आधारमा तिनको परिचालन गरी, आवश्यक पूर्वाधार र क्षमता वृद्धि गर्नु पर्छ । आन्तरिक रूपमा सुदृढ र सबल नहोउन्जेल देशको क्षमता कमजोर रहिरहने छ । पारदर्शीता, जवाफदेहीता, कानुनको शासन, सामाजिक न्याय, समावेशीकरण र पहिचान हुने गरी जनताको कल्याणकारी कार्यमा क्रमशः समर्पित हुनु सबै नेपालीको कर्तव्य हो भने तद्नुरूप विदेश नीति तर्जुमा गर्नु राज्य, सरकार, राजनीतिक दल र नागरिक समाजको प्रमुख दायित्व हो । साझा सहमतिको विदेश नीति निर्माणले निसन्देह राष्ट्रिय स्वार्थलाई बलियो पारी सरोकारवाला सबैको स्वामित्व कायम गर्न सक्ने छ[४] ।

## १.२ बदलिएको नेपाली परिवेश

दश वर्षसम्मको सशस्त्र विद्रोहमा रहेको नेकपा (माओवादी) र सात राजनीतिक दलहरूको संयुक्त आह्वानमा सम्पन्न ऐतिहासिक शान्तिपूर्ण जनआन्दोल (२०६३) को सफलतासंगै शताब्दियौं पुरानो केन्द्रिकृत सामन्ती राजतन्त्रको अन्त्य र गणतन्त्रको उदय भएको छ । नेपाली जनताले आफ्नो भाग्य आफै निर्माण गर्ने ऐतिहासिक अवसरको सिर्जना गरेका छन् । यो एक दूरगामी प्रभाव राख्ने युगान्तकारी घटना हो । यसमा तराई-मधेशमा भएको मधेस आन्दोलनले संघीयताको नयाँ आयाम

---

[३] गोपाल पोखरेल, "Human Security in South Asia: A perspective from Nepal", Solidarity and Peace, Kathmandu December-10 2004, p50

[४] गोपाल पोखरेल, "Foreign Policy of Nepal in The 21st Century", IFA, Kathmandu, 2009

थपेको छ । साथै नेपालका विभिन्न भागमा महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम समुदाय लगायत पछिपरेका वर्ग र क्षेत्रका जनतामा प्रतिनिधित्व, पहुँच र पहिचानप्रतिको जागरुकताले राज्य समग्र पुनःसंरचनाको सँघारमा उभिएको छ । यसरी नेपाली समाज अग्रगामी रूपान्तरणतर्फ उन्मुख वर्तमान घडीमा यसको तत्कालीन र दीर्घकालीन प्रभाव नेपालको विदेश नीतिमा पर्नु स्वाभाविक छ ।

कुनै पनि स्वतन्त्र देशको विदेश नीतिको मूल लक्ष्य त्यस देशको सार्वभौमिकता, क्षेत्रीय अखण्डता, स्वतन्त्रताको रक्षा गरी जनताको स्वाभिमान, आत्मगौरवको संरक्षणद्वारा लोकहित हुने भएकाले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको ध्यान नयाँ ढंगले यसतर्फ आकृष्ट हुनै पर्दछ ।

## १.३ नेपालको विदेश नीतिको उद्‌गम र विकास

प्राचीन तथा मध्यकालीन समयमा समेत नेपालको बाह्य जगतसँग सम्पर्क र सम्बन्ध रहेको तथ्य कतिपय ऐतिहासिक सन्दर्भ सामग्रीहरूबाट प्राप्त गर्न सकिन्छ तर पनि विशेष गरी आधुनिक नेपालको प्रादुर्भाव पछि वि.सं. १८२५ यता विदेश नीतिलाई संस्थागत गर्नेतर्फ स्वतन्त्र चिन्तन गर्न प्रारम्भ भएको हो । तत्कालीन औपनिवेशिक परिवेशलाई दृष्टिगत गरी आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहले आफ्नो दिव्य उपदेशमार्फत अघिसारेका अभिव्यक्तिले धेरै हदसम्म नेपालको स्वतन्त्र विदेश नीतिको स्वरूप प्रस्ट पार्ने कार्य थालनी गरेको पुष्टि हुन्छ । नेपालको विदेश नीति विकासको पुनरावलोकन गर्दा हालसम्म यो निम्नानुसारका चरणहरूबाट गुज्रिसकेको छ :

(क) एकीकरणको अवस्था यता सुगौली सन्धिसम्म सन् १७६८-१८१६ को राजाहरूको प्रत्यक्ष संलग्नता र निर्देशनमा आधारित विदेश नीतिको चरण ।

(ख) जंगबहादुर कुँवरबाट सन् १८४६ मा भएको कोतपर्व प्रकरणपछि १०४ वर्षसम्म संचालित निरंकुश हुकुमी जहानियाँ शासन प्रणालीको अवधिको चरण ।

(ग) द्वितीय विश्वयुद्धपछि विश्वव्यापी रूपमा आएको जागरण र प्रजातान्त्रिक लहरबाट नेपालमा सम्पन्न सन् १९५०-५१ को राजनीतिक परिवर्तन पछिको चरण ।

(घ) सन् १९५९ मा बालिग मताधिकारको आधारमा प्रथम जननिर्वाचित प्रधानमन्त्री स्व. बी.पी. कोइराला नेतृत्वको सरकारले संचालन गरेको विदेश नीतिको चरण ।

(ङ) सन् १९६० पछि निर्दलीय पचायती शासन प्रणाली अन्तर्गत संचालित विदेश नीतिको चरण ।

(च) सन् १९९० पछि संवैधानिक राजतन्त्र सहितको बहुदलीय संसदीय व्यवस्था अन्तर्गतको चरण ।

(छ) दश वर्षसम्मको नेकपा (माओवादी)द्वारा सञ्चालित सशस्त्र विद्रोह[५], २०६३ को ऐतिहासिक जनआन्दोलन, मधेस आन्दोलन र यही अवधिमा नेपाली नागरिकहरूले विभिन्न रूपमा चलाएका आन्दोलनको परिणाम स्वरूप स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रको प्रादुर्भावपछिको चरण[६] ।

## १.४ समकालीन विश्व परिवेश र नेपाल

सन् १९८० को दशक यता, खासगरी तत्कालीन सोभियत रूसको विखण्डन पछि अन्तर्राष्ट्रिय सम्बन्ध र विदेश नीतिको क्षेत्रमा उल्लेख्य रूपमा नयाँ प्रवृत्ति र संकेतहरू देखिन थालेका छन् । कतिपय शक्तिशाली र सम्पन्न पश्चिमेली राष्ट्रहरूको अगुवाइमा विकसित राष्ट्रहरू आफ्नो स्वार्थ अनुकूल विश्व व्यवस्था बलियो र अक्षुण्ण राख्न “रणनीतिक साझेदारी” जस्ता कार्यक्रमहरू मार्फत आफ्नो प्रभाव विस्तार गर्न विभिन्न गतिविधिहरू संचालन गर्दै आइरहेका छन् ।

---

[५] यस विद्रोहलाई ए. नेकपा(माओवादी) ले “जनयुद्ध” भन्ने गरेको छ ।

[६] Pokhrel, *Ibid.*

शीतयुद्धको समाप्ति पछि पनि उत्तर एटलान्टिक सन्धि संगठनले (NATO) आफूलाई सैनिक दृष्टिले अझ सशक्त र विस्तारित गर्न थप पूँजी, प्रविधि, साधन-स्रोतहरू परिचालन गर्दै आएको छ । विकासशील, साना, भूपरिवेष्ठित कतिपय मुलुकहरूको निम्ति आफ्नो राष्ट्रिय स्वार्थको जगेर्ना गर्न निकै गाह्रो भइरहेको छ । क्षेत्रीय दृष्टिबाट अफगानिस्तान (दक्षिण एशिया), पश्चिम एशिया लगायत कैयन् क्षेत्रहरूमा द्वन्द्वको अवस्था छ । एशिया-प्रशान्त क्षेत्रमा शक्तिशाली देशहरू आर्थिक एवं सुरक्षा प्रभाव विस्तार गर्न प्रयत्नशील छन् । यस्तो अवस्थामा नेपालले सक्रियताका साथ आफूलाई नकारात्मक प्रभावबाट जोगाउँदै आफ्नो पहिचान र स्वार्थलाई अक्षुण्ण राखी विश्व मञ्चमा सम्मानित स्थान सुरक्षित राख्न समय सापेक्ष विदेश नीति अवलम्वन गर्नु आजको आवश्यकता हो ।

विश्वका कतिपय क्षेत्रहरूमा, जस्तै- दक्षिण र दक्षिण-पूर्वी एशियामा क्षेत्रीय सहयोग संगठनहरू सार्क, आशियान र बिम्स्टेक सामूहिक आत्मनिर्भरतातर्फ उन्मुख छन् । विज्ञान र प्रविधिको क्षेत्रमा प्राप्त अभूतपूर्व विकास एवं सूचना क्रान्तिले ज्ञानको विस्तार गरी अन्तर्राष्ट्रिय मित्रता र मानव जीवन पद्धतिलाई अझ समुन्नत बनाउँदै सम्पूर्ण विश्वलाई नै एक ग्रामको रूपमा अघि बढाउन योगदान पुऱ्याएको छ ।

# भाग-२

## नेपालको विदेश नीतिका आधार र विशेषताहरू

जुनसुकै देशको विदेश नीति अपरिवर्तनशील र परिवर्तनशील हुनछन् । नेपालको विदेश नीति संचालनमा रणनीतिक चातुर्य, परिपक्वता र कौशलबाट भारत र चीन दुवै छिमेकी राष्ट्रहरूबाट प्रचुर लाभ लिन सकिने स्थिति विद्यमान छ । नेपालले आफ्नो प्रतिस्पर्धी क्षमता र कूटनीतिक चातुर्यमा गुणात्मक परिवर्तन सुनिश्चित गर्ने हो भने समकालीन विश्वमा उदियमान आर्थिक शक्तिका रूपमा देखापरिरहेका यी दुवै छिमेकी मुलुकहरू नेपालका निम्ति भरपर्दा विकास सहयोगी र साझेदार हुन सक्नेछन् ।

नेपालले संयुक्त राष्ट्रसंघको बडापत्रमा अटुट आस्था राख्दै आएको छ । नेपाल पंचशीलको सिद्धान्त र असंलग्नताको नीतिको आधारमा कुनै पनि विवादको शान्तिपूर्ण समाधान चाहन्छ, न्याय र समानताको आधारमा विश्व शान्तिलाई प्रश्रय दिन तल्लीन रहेको छ, पूर्ण निशस्त्रीकरणको पक्षपाती छ र जुनसुकै स्थान वा बहानामा हुने विभेद र हस्तक्षेपको विपक्षमा रहँदै आएको छ ।

नेपालको भू-राजनीतिक अवस्थिति र महत्वका दृष्टिले छिमेकी मुलुकहरूसँगको आपसी सम्बन्ध समनिकटताको नीतिमा आधारित हुनु पर्दछ । यसबाट परस्पारिक हित, आवश्यकता, सम्मान, समन्याय र समानतालाई थप सुदृढ र फलदायी बनाउन सकिन्छ । नेपालको संवेदनशील भौगोलिक अवस्थिति र छिमेकीको संवेदनशीलता बीच उचित तालमेल राख्नेतर्फ मनासिब सुझबुझ प्रदर्शन गर्न सके राष्ट्रिय स्वार्थमाथि पर्नसक्ने नकारात्मक चाप र प्रभावलाई व्यवस्थापन गर्न सकिन्छ । साथै यसबाट राष्ट्रको आर्थिक-सामाजिक रूपान्तरणमा ठूलो योगदान पुर्‍याउने छ । प्राथमिकतामा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन लगायतका नेपालका विकास कार्यक्रममा सहयोगी हुँदैआएका विश्वका समुन्नत र शक्तिशाली राष्ट्रहरूसंगको सम्बन्धतर्फ आवश्यक ध्यान पुर्‍याउनु पर्छ । संसारका सबै देशहरूसँग पंचशील र पारस्परिक समानता, समन्याय र लाभको सिद्धान्तमा आधारित सम्बन्धको विस्तार गर्नु सामयिक तथा लाभदायक हुन्छ । यसका अतिरिक्त संयुक्त राष्ट्रसंघ लगायत अन्तर्राष्ट्रिय संघसंस्थाहरूसंग पनि उच्च प्राथमिकताका साथ सम्बन्ध विस्तार गर्नु समयको माग हो ।

नेपालको विदेश नीतिका आधारभूत र महत्त्वपूर्ण पक्षहरूलाई तीन श्रेणीमा विभक्त गर्नु मनासिब ठहर्छ । पहिलो, नेपालको विदेश नीतिले सुरक्षात्मक चासोका विषयहरूमा होसियारीपूर्ण किसिमले आफ्नो अवधारणा र रणनीति तय गर्नु पर्दछ । यसबाट सार्वभौमिकता, क्षेत्रीय अखण्डता र राष्ट्रिय स्वाधीनतालाई चीरकाल पर्यन्त सुदृढ राख्न सकिन्छ । दोस्रो, समुचित मूल्य, मान्यता वा माध्यम पर्छन् । जस्तै- संयुक्त राष्ट्रसंघको बडापत्र, पंचशील र असंलग्नताको नीति, सहअस्तित्व एवं सार्कको बडापत्र अनुरूप विवादहरूको शान्तिपूर्ण समाधानको आधारमा राष्ट्रिय स्वार्थको संरक्षण गर्न । तेस्रो, आफ्नो राष्ट्रिय स्वार्थको दिगो जगेर्नाका साथै जनताको जीवन स्तर उकास्न सम्भाव्य सबै उपायहरूको खोजी गरी प्रवर्द्धनात्मक गतिविधिहरूको संचालन गर्न । उदाहरणको निम्ति आर्थिक कूटनीतिको प्रभावकारी संचालन, संयुक्त लगानी आकर्षित गरी विदेशी पूँजी र प्रविधिको समुचित उपयोग गर्न ।

यसरी अन्तर्राष्ट्रिय सम्बन्ध र विदेश नीतिमा नयाँ सोच र उपयुक्त नीति निर्माण गर्नुपर्ने आवश्यकता छ । समकालीन विश्व नयाँ अवधारणातर्फ उन्मुख देखिएको छ । शीतयुद्धकालीन समयको गठबन्धनमुखी प्रणालीको स्थान हाल प्रतिस्पर्धामा आधारित व्यापारमुखी प्रणालीले लिएको छ । हालैका दशकहरूमा शक्तिशाली तथा सम्पन्न मुलुकहरूले समेत सामरिक स्वार्थको आवश्यकताका आधारमा अरूलाई सहयोग गर्नु पर्ने परिस्थितिको सिर्जना हुनपुगेको छ । यस पृष्ठभूमिमा नेपालले आफ्नो विदेश नीतिमा प्रभावकारी, परिणाममुखी र कूटनीतिक पहलतर्फ समयसापेक्ष रूपमा समायोजन गरी कार्यान्वयन गर्न थप सक्रियता देखाउनु वाञ्छनीय छ ।

## २.१ विदेशनीतिको समकालीन अवस्था

विश्वका प्रायः सबै मुलुकहरू आ-आफ्नो राष्ट्रिय हितको सम्वर्द्धन गर्नेतर्फ सबै सम्भाव्य साधन-स्रोत, सीप र उपायहरूको खोजीमा निरन्तर प्रयत्नशील हुँदै उच्चतम आर्थिक उन्नतिको लक्ष्य हासिल गर्न सक्रिय छन् । नेपालले आफ्नो विदेश नीतिका दीर्घकालीन हितहरूलाई प्रवर्द्धन गर्नेतर्फ आवश्यक पर्ने क्षमताको अभिवृद्धि र सहयोगको वातावरण निर्माण गर्न तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान गरी तिनको सदुपयोग गर्न आर्थिक कूटनीतिको अवधारणा प्रष्ट पार्नुपर्छ तथा त्यसको कार्यान्वयन गर्न तत्पर हुनुपर्छ । नेपाल सरकारले परराष्ट्र मन्त्रालयको अगुवाइमा अन्य सरोकारवाला मन्त्रालय र निकायहरूलाई समेत समन्वय गरी विभिन्न देशहरूमा अवस्थित नियोगहरूमार्फत आफूले पहिचान गरेका क्षेत्रहरूतर्फ विश्व समुदायको ध्यान आकृष्ट गर्न थप प्रयत्न गर्नु आवश्यक छ । यसो गर्न सकिएमा देश विकासमा भरपर्दो टेवा पुग्नेछ र नेपाली जनताको संमृद्धि सुनिश्चित हुनेछ ।

समकालीन विश्व एकातर्फ सूचना र प्रविधिका क्षेत्रमा भएका अभूतपूर्व उपलब्धिहरूबाट लाभान्वित हुँदैछ भने अर्कोतर्फ वर्तमान विश्व परिवेशले उब्जाएका कतिपय चुनौतीहरूले नेपाल जस्ता पछ्यौटेपन र गरिबीको दुश्चक्रमा परेका मुलुकहरूले अत्यन्तै सावधानीपूर्वक आफ्ना प्राथमिकताहरू तय गरी अघि बढ्नुपर्ने आवश्यकता छ ।

नेपालसँग प्रचुर मात्रामा सम्भावनाहरू छन् । नेपाल संयुक्त राष्टसंघ, असंलग्न आन्दोलन र दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन लगायत विभिन्न अन्तर्राष्ट्रिय संघ-संस्थाहरूको सदस्यको रूपमा विश्व समुदायसँग आबद्ध छ । सन् १९५८ देखि नै नेपाल विश्व शान्तिका लागि संयुक्त राष्ट्रसंघको आह्वानमा आफ्ना सैनिक टुकडीहरूलाई निरन्तर रूपमा संलग्न गराउँदै, संख्यात्मक हिसावमा हाल छैठौं ठूलो योगदान गर्ने देशको श्रेणीमा आफूलाई उभ्याउन सफल भएको छ । सन् २००४ देखि नेपालले क्षेत्रीय उपमहाद्वीपीय संगठन बिमिस्टेकको सदस्यता समेत लिइसकेको छ ।

## २.२ राष्ट्रिय स्वार्थअनुरूपको विदेश नीति

नेपालको पहिचान र अस्तित्वलाई सिंहावलोकन गर्दा, संसारका लामो इतिहास र  स्वतन्त्र पहिचान भएका  १५ राष्ट्रहरू मध्ये नेपाल पनि पर्दछ । नेपाल एघारौं पंचवर्षीय योजनामा प्रवेश गरेको छ । नेपालले द्रुततर विकासका लागि राजनीतिक शक्तिहरूबीच सहमति, सहकार्य र एकताको वातावरणलाई प्रभावकारी रूपमा अगाडि बढाउनु पर्ने आवश्यकता छ । विदेश नीतिको सन्दर्भमा त राष्ट्रिय सहमति झनै अनिवार्य छ । यसो भए मात्र राष्ट्रिय र क्षेत्रीय अखण्डता सम्बन्धी मुद्दालाई प्रभावकारी रूपले समाधान गर्न सकिन्छ । विगतका कतिपय द्विपक्षीय सन्धिहरू पुनरावलोकन गरी पारस्परिक हित र समन्यायमा आधारित समाधानको खोजी गर्न सकिन्छ ।

मुलुकको सर्वोपरी हित सम्वर्द्धन गर्न पारम्परिक विदेश नीतिमा आवश्यक फेरबदल र समायोजन गर्नु वाञ्छनीय देखिएको छ । एकात्मक सामन्ती केन्द्रीकृत राज्य प्रणाली अन्तर्गत अपनाइँदै आएको विदेश नीतिलाई संघीय लोकतान्त्रिक गणतन्त्र अनुरूप बृहत्तर राष्ट्रिय हितको पक्षमा प्रभावकारी बनाउनेतर्फ नेपाल सरकार थप सक्रिय हुन आवश्यक छ ।

वर्तमान अवस्थामा राष्ट्रिय सुरक्षाको अवधारणाले सर्वाधिक महत्त्व ओगटेको छ । नेपालको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डता, शान्ति-सुरक्षा र आर्थिक-सामाजिक रूपान्तरणतर्फ परिलक्षित नीति र क्षमताको सुदृढीकरण गर्दै जानु पर्ने आवश्यकता छ । नेपालको भूराजनीतिक यथार्थता अनुरूप दुवै छिमेकी–भारत र चीनसित समसामीप्यता, पारस्पारिक समझदारी र लाभको नीतिलाई सन्तुलित रूपमा अवलम्वन तथा कार्यान्वयन गरी विश्व शान्तिमा समेत योगदान पु¥याउन नेपालको विदेश नीतिको बाह्य पक्ष सशक्त हुनु वान्छनीय छ । नेपालको अन्तरिम संविधान, २०६३ को भाग ४ को धारा ३५ को उपधारा २१ र २२ अन्तर्गतका निम्न बुँदाहरू यस सन्दर्भमा विशेष मननीय देखिन्छन् :

३५. राज्यका नीति  अन्तर्गतका बुँदाहरू :

*(२१) राज्यले संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति लिनेछ ।*

*(२२) छिमेकी मित्र राष्ट्रहरू र संसारका अरू सबै मुलुकहरूसित आर्थिक, सामाजिक एवं अन्य क्षेत्रमा समानताको आधारमा सहयोगात्मक सुसम्बन्ध कायम गरी नेपालमा शान्तिलाई अन्तर्राष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दै जाने नीति राज्यले अवलम्बन गर्नेछ ।*

साँचो अर्थमा कुनै पनि आन्तरिक एवं बाह्य दबाब वा चुनौतीबाट आफ्नो राष्ट्र, राष्ट्रिय मान्यता र राष्ट्रिय हितको बचावट गर्न सक्नु नै राष्ट्रिय सुरक्षा हो ।

नेपाल र मित्रराष्ट्र भारतका बीचमा, खास गरी सन् १९५० को सन्धि र त्यसैसंग गरिएको पत्राचारका सम्बन्धमा बद्लिएको परिवेशमा आपसी हित, आवश्यकता र समन्यायका आधारमा नयाँ सन्धि गर्नु पर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ ।

वि.सं. २००७ अघि र पछिको राजनीतिक परिवेश र शासन प्रणालीमा देखिएको आमूल परिवर्तनको आधारमा यो सन्धिका थुप्रै धाराहरूको प्रासङ्गिकता समाप्त भइसकेको छ । समर्थन वा स्वीकृतिको दृष्टिबाट भने देशहरूका बीच सम्पन्न जुनसुकै सन्धि-सम्झौताहरू कानुनी मान्यता प्राप्त संस्थाद्वारा सम्बन्धित देशका जनताको अनुमोदन वा स्वीकृति आवश्यक पर्ने अन्तर्राष्ट्रिय प्रचलन र मान्यता रहेको छ तर उक्त सन्धि हालसम्म नेपाली जनताद्वारा औपचारिक अनुमोदन गरिएको छैन । समकालीन विश्व शासन प्रणाली अन्तर्गत सर्वाधिक शक्तिशाली मानिने संयुक्त राज्य अमेरिकामा पनि राष्ट्रपतिद्वारा हस्ताक्षर गरिने जुनसुकै सन्धि-सम्झौताहरू अमेरिकी काँग्रेस (व्यवस्थापिका)द्वारा अनुमोदित हुनैपर्ने प्रचलन छ । अन्यथा त्यो स्वतः रद्द हुनपुग्दछ । अन्तर्राष्ट्रिय कानुनले पनि यस्तो विषयलाई अनुमोदन हुनैपर्ने ठान्दछ । त्यसैले उचित गृहकार्य गरी नेपाली जनता र भारतीय जनता बीच जनस्तरमा रहेको सम्बन्धलाई चीरस्थायी गर्न आवश्यक सुधारात्मक प्रयासको खाँचो छ । दुई देशका जनताको पारस्परिक हित र चाहनाअनुरूप समयसापेक्ष रूपमा उक्त सन्धिलाई परिमार्जन वा पुनरावलोकन वा नयाँ सन्धि गर्नु नै उचित हुन्छ ।

सैद्धान्तिक रूपले विदेश नीतिको संचालनमा पंचशीलको सिद्धान्त र असंलग्न नीतिको अवलम्बन गरिएको भएता पनि ब्रिटेन र भारतसँग विद्यमान रहेको नेपाली गोर्खा भर्ती केन्द्रको प्रावधानले नेपाली राष्ट्रिय स्वाधीनता माथि नै गम्भीर प्रश्न उठाएको छ । नेपालको विदेश नीतिले राष्ट्रिय स्वाभिमानको वृद्धि गर्न यस प्रावधानको उपयुक्त विकल्प दिनसक्नु समयको माग रहेको छ ।

नेपालमा रहेका भुटानी शरणार्थीहरू भारत भएर नेपाल प्रवेश गरेका थिए । तर उनीहरूलाई पुनः भारत भएर भुटान फर्कन मित्रराष्ट्रहरू भारत र भुटानबाट यथेष्ट सहयोग हुन नसकेका कारण भुटानी शरणार्थीको समस्या जटिल रूपमा रहेको छ । भुटानी शरणार्थी समस्या समाधान गर्न नेपालको कूटनीतिक प्रयत्न परिणाममुखी र प्रभावकारी हुन सकेको छैन ।

विषयबस्तु, संस्था र व्यक्तित्वका बीच उचित तालमेल र वैचारिक प्रष्टता अनिवार्य छ । त्यसैगरी संस्थागत सुधार गर्नुपर्ने अनेकौं क्षेत्रहरू छन् । नेपालका सम्पूर्ण प्रयासहरूमा समन्वय, दृढता, र इमान्दारीपूर्ण कार्यान्वयनमा ढिलो गर्नु हुँदैन । आजसम्मका प्रयासमा देखिएका कमी-कमजोरीहरूबाट उपयुक्त शिक्षा लिनु पर्छ । परराष्ट्र मन्त्रालय लगायत विदेशस्थित नेपाली नियोगहरूको संस्थागत सुधारतर्फ उचित ध्यान पुऱ्याउनु आवश्यक छ । विदेश सेवालाई प्रभावकारी र परिणाममुखी बनाई व्यवसायीकरणतर्फ विकास गर्नु जरुरी छ । उद्देश्यमूलक र व्यवसायीकरणका निम्ति आवश्यक पर्ने अध्ययन र अनुसन्धान जस्ता क्रियाकलापहरूले समयोचित नियमितता पाउनु पर्दछ । संगालिएका अनुभव र परिणाममुखी उपलब्धिहरूको व्यवस्थित रूपमा अभिलेख राखी जनता र सरोकारवालाहरूको चासो रहने हरेक विषयबारे जानकारी गराउने नियमित व्यवस्था हुनु पर्छ । विदेश नीतिअन्तर्गत तत्कालीन र दीर्घकालीन दृष्टिले किटान गरिएका सुधारात्मक क्रियाकलापहरूले विदेश नीति संचालन गर्न आवश्यक पर्ने उचित संयन्त्र निर्माणमा समेत सघाउ पुऱ्याउने छ र यस क्षेत्रलाई चाहिने नेतृत्व अभावको स्थिति क्रमिक रूपले हट्ने छ ।

# भाग-३
# आर्थिक कूटनीति

आर्थिक कूटनीति कुनै देशले आफ्नो देश र जनताको अधिकतम आर्थिक हित र संमृद्धि प्राप्त गर्न सघाउ पुऱ्याउन अरू देश र अन्तर्राष्ट्रिय संघ-सस्थाप्रति अवलम्बन गर्ने कूटनीतिक प्रयास हो । आजका विकसित र औद्योगिक देशहरूले इतिहासको विभिन्न काल खण्डमा आफ्नो देशको आर्थिक हित संरक्षण र प्रवर्द्धन गर्न आफ्नो राजनीतिक प्रभावलाई विस्तार गर्दै लगेको पाइन्छ। विकासोन्मुख र अतिकम विकसित मुलुकहरूले पनि आफ्नो सामर्थ्य र आवश्यकता अनुसार आफ्नो राष्ट्रिय हितका लागि आर्थिक गतिविधि बढाउँदै लगेता पनि शीतयुद्धको अन्त्य पछि यी देशहरूले पनि आर्थिक कूटनीतिलाई आफ्नो विदेश नीतिको एक प्रमुख अङ्गको रूपमा अवलम्बन गर्न थालेका छन् । विश्वव्यापारीकरणको प्रभाव र सूचना तथा प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकासका कारण विश्वमा परस्पर आर्थिक निर्भरता बढ्दै गएको सन्दर्भमा यस विषयको महत्व अझ बढेको छ ।

कतिपय विकासोन्मुख मुलुकहरू साधन-स्रोतको अल्पता वा आन्तरिक द्वन्द्वका कारण र फितलो प्रशासनिक व्यवस्थाबाट पीडित भई विदेशी सहयोगमा निर्भर हुन पुगेका छन् । आर्थिक कूटनीतिको माध्ययमबाट आफ्ना देशका तुलनात्मक लाभका क्षेत्र बारे अधिकतम जानकारी गराउँदै आफ्ना उत्पादनहरू र अन्य व्यापार योग्य स्रोत-साधनहरू विदेशी बजारमा पुऱ्याउँदै विदेशी पूँजी, प्रविधि र आर्थिक सहयोग भित्र्याउने होडबाजीमा विश्वका विकासोन्मुख मुलुकहरू समेत लागिपरेका छन् । आर्थिक कूटनीति द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय रूपमा संचालन गर्ने गरिन्छ ।[७]

## ३.१ नेपालको वर्तमान आर्थिक अवस्था[८]

नेपाल एउटा विकासोन्मुख र मूलतः कृषि प्रधान देश हो । हालको कूल श्रम शक्ति मध्ये ७०.६ प्रतिशत कृषिक्षेत्रमा संलग्न रहेता पनि कृषि क्षेत्रको योगदान कूल गार्हस्थ उत्पादनमा केवल ३५.७ प्रतिशत छ । गैर-कृषि क्षेत्रको हिस्सा ६४.३ प्रतिशत रहेको छ । नेपालमा विगत १० बर्षको आर्थिक वृद्धिदर सरदर प्रतिवर्ष ४ प्रतिशत रहेता पनि आ.ब. २०६७।६८ मा यसमा ह्रास आई ३.५ प्रतिशत मात्र रहने अनुमान छ ।

वैदेशिक व्यापारमा प्रतिबर्ष बढ्दै गएको आयात र सीमित निर्यात योग्य बस्तु र सेवाका कारण २०६७।६८ मा कूल व्यापार घाटा रु. १ खर्व ६८ अर्व ४१ करोड पुग्ने अनुमान छ । नेपालको कूल वैदेशिक व्यापारमा भारतको अंश सर्वाधिक बढी रहे जस्तै कूल आयात र निर्यातमा पनि भारतसंगको निर्भरता दुई-तिहाई रहेको छ (हेर्नुहोस्, परिशिष्ट १) ।

नेपालको सोधनान्तर घाटा समेत केही वर्षयता नकारात्मक रहँदै आएको छ । आ.व. २०६६।६७ को प्रथम आठ महिनामा सोधनान्तर घाटा रु. १९ अर्व १२ करोड भएकोमा विगत आ.ब. को सोही अवधिमा केही सुधार भएता पनि सोधानान्तर घाटा रु. ११ अर्व ३० करोड पुग्ने अनुमान छ ।

नेपाल जीवनस्तर सर्वेक्षण, २०६०।६१ अनुसार कूल जनसंख्या मध्ये ३०.९ प्रतिशत जनता गरिवीको रेखामुनि रहेका थिए भने सोही सर्वेक्षणका आधारमा गरिएको अनुमान अनुसार आ.व. २०६५।६६ मा गरिवीको रेखामुनिको जनसंख्या २५.४ प्रतिशत रहेको देखिन्छ । तर अन्तर्राष्ट्रिय मान्यताका आधारमा प्रति व्यक्ति प्रति दिन १.२५ अमेरिकी डलरको हिसावले गणना गर्दा नेपालको गरिवीको रेखामुनिको जनसंख्या छिमेकी मुलुकहरूको तुलनामा सर्वाधिक बढी छ भने प्रतिव्यक्ति आय सबै भन्दा न्यून रहेको देखिन्छ (हेर्नुहोस्, परिशिष्ट २) ।

---

[७] Krishan S. Rana; Economic Diplomacy : The Experience of Developing countries in Nicholas Bayne, Stephen Woolcoke (Ed). The New Economic Diplomacy: Decision-making and Negotiation in International Relations. Ashgate Publishing Ltd. 2007. p 201.

[८] आर्थिक कूटनीतिका बिषयमा उल्लेख गरिएको तथ्याङ्क अन्यथा उल्लेख भए बाहेक आर्थिक सर्वेक्षण २०६७।६८ बाट लिइएको छ ।

त्यस्तै आर्थिक वृद्धिदरको तथ्याङ्क हेर्दा पनि नेपालको अवस्था छिमेकी मुलुकहरूको तुलनामा केही अपवाद बाहेक न्यून रहेको पाइन्छ (हेर्नुहोस्, परिशिष्ट ३) ।

नेपाल भूपरिवेष्ठित मुलुक हुनुका साथै मुद्रास्फीतिको उच्चदर (१०.७ प्रतिशत), कमजोर आर्थिक र सामाजिक आधार, एक दशक लामो आन्तरिक द्वन्द्व पछिको संक्रमणकालीन तरल राजनीतिक अवस्था, शान्ति-सुरक्षा र सुशासनको कम्जोर स्थिति, श्रम समस्या, विकासका लागि आवश्यक पूर्वाधारहरूको अल्पता, विदेशी ऋण र सहयोग माथिको निर्भरता जस्ता समस्याले पीडित छ । यी समस्याहरू क्रमिक रूपमा निराकरण नगरी देशलाई आर्थिक-सामाजिक रूपान्तरणको बाटोमा अग्रसर गराउन सकिँदैन ।

## ३.२ आर्थिक कूटनीतिको महत्त्व

नेपाल एशियाका दुई ठूला गतिशील एवं उदीयमान अर्थतन्त्र भएका देशहरू- भारत र चीन वीचमा रहेको छ । नेपालको विशिष्ट भूराजनीतिक अवस्थाका कारण दुवै छिमेकीहरूसंग रहिआएको मित्रतालाई अझ घनिष्ट र सौहार्दपूर्ण बनाउँदै उनीहरूले आर्थिक एवं प्राविधिक क्षेत्रमा गरेको प्रगति र विकासबाट अधिकतम फाइदा लिनेतर्फ केन्द्रित हुन सकेमा हाम्रो आर्थिक विकासको कार्यमा भरपर्दो टेवा पुग्न सक्दछ । यसका लागि देशमा उपलब्ध साधन-स्रोत र अन्य तुलनात्मक लाभका क्षेत्रहरूको सही पहिचान गर्दै मित्रराष्ट्रहरूको सहयोग र सहभागितामा पारस्पारिक लाभको आधारमा देश र जनताको अधिकतम हित प्रवर्द्धन गर्ने दिशामा क्रियाशील हुनु आजको राष्ट्रिय आवश्यकता हो ।

मित्रराष्ट्र चीनले सन् १९७८ पछि अवलम्बन गरेको आर्थिक उदारीकरण र खुला नीतिको सफल कार्यान्वयनबाट विगत तीन दशकमा अभूतपूर्व आर्थिक विकास गरी आज विश्वको दोस्रो ठूलो आर्थिक शक्ति बन्न सफल भएको छ । त्यस्तै मित्रराष्ट्र भारतले आफ्नो विदेश मन्त्रालयमा सन् १९६६ मा नै आर्थिक विभाग गठन गरी आर्थिक कूटनीतितर्फ उन्मुख भएको थियो र सन् १९९१ पछि आर्थिक उदारीकरणको नीति लिएपछि आर्थिक विकासको क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्न सफल भएको छ (परिशिष्ट-३) । थाइल्याण्डले सन् १९८० कै दशकदेखि आफ्ना राजदूतहरूलाई परम्परागत कूटनीतिमा मात्र सीमित नराखी बजार प्रवर्द्धकको रूपमा सक्रिय पार्दैलग्यो र हाल उनीहरूलाई देशको आर्थिक हित प्रवर्द्धन गर्न प्रबन्धकको भूमिका निर्वाह गर्ने थप जिम्मेवारी समेत दिएको पाइन्छ [९] ।

कुनै पनि देशको राष्ट्रिय स्वाभिमान र सुरक्षालाई त्यस देशको आर्थिक विकासले समेत प्रभाव पार्दछ । दुई ठूला भूगोल, जनसंख्या र अर्थतन्त्र भएका देशहरूको बीचमा रहेको नेपाल जस्तो मुलुकको लागि त आर्थिक-सामाजिक विकास, राष्ट्रिय सुरक्षा र स्वतन्त्रताका दृष्टिकोणले झनै महत्त्वपूर्ण हुन्छ । देश सानो भएता पनि आर्थिक रूपले सम्पन्न छ भने विश्व समुदायका बीच प्रतिष्ठित, सम्मानित र सुरक्षित रहन सक्छ भन्ने कुरा त नेपाल जस्तै भूपरिवेष्ठित मुलुक स्वीजरल्याण्डलाई हेर्दा पनि बुझ्न सकिन्छ । देश ठूलो भएता पनि आर्थिक-सामाजिक विकासमा तुलनात्मक रूपले कमजोर छ भने त्यस्तो देश पराधीन भई शक्तिशाली देशहरूको शोषणमा परेको उदाहरण भारत र चीनकै विगतको इतिहास हेर्दा प्रष्ट हुन्छ ।

नेपालमा आर्थिक सहयोगको इतिहास हेर्दा वि.स. २००७ पछिका वर्षहरू र खासगरी वि.स. २०१३ मा प्रथम पञ्चवर्षीय योजनाको थालनी गरेदेखि नै विदेशी सहयोग लिने गरेको देखिन्छ । नेपालमा राजमार्ग, जलविद्युत योजना, शिक्षा, स्वास्थ्य, उद्योग-धन्दा आदि निर्माण गर्ने कुरामा होस् वा दक्ष जनशक्ति तयार गर्ने क्षेत्रमा होस् छिमेकीहरूका साथै अन्य मित्रराष्ट्रहरूबाट समेत उदार सहयोग प्राप्त भइरहेकै छ । तर त्यस्तो सहयोगलाई देश विकासको मेरुदण्डको रूपमा जगेर्ना र संरक्षण गर्दै आर्थिक-सामाजिक क्षेत्रको विकासमा फड्को मार्नेतर्फ उपयोग गर्ने काममा अपेक्षाकृत सफलता

[९] Kishan S. Rana, *Op. Cit.* p. 205 &206.

हासिल गर्न सकिएको छैन । त्यसैले देशमा उपलब्ध जनशक्ति र साधन-स्रोतको आधारमा आर्थिक विकासका सबै संभावना केलाउँदै व्यवहारिक नीति र कार्यक्रमका साथ १५।२० बर्षे गुरुयोजना बनाई दृढतापूर्वक अग्रसर हुनुमा नै नेपालको भविष्य सुनिश्चित र समुन्नत समेत बन्दछ । आर्थिक रूपमा संमृद्ध नबनी कुनै पनि देश सही अर्थमा स्वतन्त्र र स्वाधीन हुन सक्दैन । आर्थिक रूपले संमृद्ध नभई यथार्थरूपमा राष्ट्रिय स्वाभिमान, स्वतन्त्रता र सुरक्षाको जगेर्ना समेत हुन सक्दैन ।

## ३.३ नेपालको आर्थिक कूटनीति

बीसौं शताब्दिको अन्ततिर विश्वमा शीतयुद्धको अन्त्य, विश्वव्यापीकरणबाट राजनीतिक-आर्थिक क्षेत्रमा देखापरेको प्रभाव, सूचना प्रविधि एवं संचार क्षेत्रमा भएको अभूतपूर्व विकास आदिले विश्व शक्ति सन्तुलनमा ठूलो प्रभाव पार्नुको साथै कूटनीतिक कार्य संचालनमा समेत परिवर्तन ल्याएको छ । फलस्वरूप नेपाल लगायत अन्य विकासोन्मुख देशहरूले आर्थिक-कूटनीतिलाई प्राथमिकतामा राखी आफ्नो कूटनीतिक संयन्त्रमार्फत देशको आर्थिक-सामाजिक विकासमा सहयोग पुऱ्याउन अग्रसर हुँदैआएका छन् । देशमा व्याप्त गरिवी घटाउन र सहस्राब्दी विकासका लक्ष्यहरू हासिल गर्ने चुनौतीको सामना गर्न पनि गैर-आवासीय नेपालीहरूका साथै निजी क्षेत्रसंगको सहकार्यलाई बढाउँदै आर्थिक कूटनीतिको सफल एवं प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ ।

वि.स. २०४६ सालको पहिलो सफल जनआन्दोलनद्वारा प्रजातन्त्रको पुनर्स्थापना भएपछि परराष्ट्र मन्त्रालयबाट समय-समयमा गठित उच्च स्तरीय आयोगहरूका साथै परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र परराष्ट्र सेवा अन्तर्गतका पूर्व राजदूतहरूको संस्था (AFCAN) द्वारा गरिएका सिफारिसहरूमा परराष्ट्र मन्त्रालय, विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूका साथै अध्ययन प्रतिष्ठानको पुनर्संरचना गर्ने तथा कार्यरत जनशक्तिलाई तालिम र अभिमुखीकरणको माध्यमबाट उनीहरूको सीप, ज्ञान र दक्षता वृद्धि गर्दै आर्थिक कूटनीतिलाई प्राथमिकतापूर्वक संचालन गर्न जोड दिएको पाइन्छ । साथै योग्य तथा दक्ष व्यक्तिहरूलाई राजदूतको पदमा नियुक्त गर्दै उनीहरूले आफ्नो जिम्मेवारी निर्वाह गर्न देखाएको प्रभावकारीता र आर्थिक कूटनीतिमार्फत देशलाई पुऱ्याएको योगदानलाई आधार मानी उनीहरूको उचित मूल्याङ्कन गर्दै सोही अनुसार पुनः नियुक्तिको लागि योग्य ठहराउने वा जिम्मेवारीबाट हटाउने जस्तो विधि वस्तुनिष्ठ ढंगले अपनाउन समेत सिफारिस गरेको देखिन्छ ।

## ३.४ आर्थिक-सामाजिक विकासका लागि विद्यमान संवैधानिक व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ४ को दफा ३३, ३४ र ३५ अन्तर्गतका निम्न बुँदाहरू यस सन्दर्भमा विशेष उल्लेखनीय देखिन्छन् ।[१०]

(क) दफा ३४ को **राज्यको दायित्व** अन्तर्गतका बुँदाहरू

- (छ) राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्धन गर्ने नीति अनुसरण गर्ने,
- (ट) देशको आर्थिक-सामाजिक रूपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रूपले संमृद्धशाली बनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने,
- (ठ) श्रमिकका पेशागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्धन आदिका लागि लगानी वृद्धि गरी रोजगारी एवं आय आर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने नीति अनुसरण गर्ने,
- (ण) मुलुकमा विद्यमान जलस्रोत लगायत प्राकृतिक स्रोत-साधनको राष्ट्र हितमा प्रयोग गर्ने,

(ख) त्यस्तै दफा ३४ को **राज्यका निर्देशक सिद्धान्तहरू** अन्तर्गतको उपदफा

---

[१०] नेपालको अन्तरिम संविधान, २०६३ (छैठौं संशोधन समेत मिलाइएको रूपमा) नेपाल सरकारः कानून, न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालय, कानून किताब व्यवस्था समिति, पेज ११ देखि १५ सम्म ।

(४) ...........स्वदेशी निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवं उन्नतिशील गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ ।

(ग) त्यस्तै दफा ३५ को **राज्यका नीतिहरू** अन्तर्गतका उपदफाहरू

(६) राज्यले किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सिर्जना गरी कृषिलाई उद्योगको रूपमा विकास गर्नेछ ।

(१२) राष्ट्रिय विकासको लागि स्वदेशी लगानीलाई प्राथमिकता दिई देशमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

## ३.५ आर्थिक कूटनीतिका लागि बजेट व्यवस्था

आर्थिक कूटनीति संचालन गर्न नेपाल सरकारले विगत केही वर्षदेखि आफ्ना राजदूतावासका साथै अन्य कूटनीतिक नियोगहरूमा बजेट दिँदैआएको छ । यो सकारात्मक कदम हो । तर निकासा भएको रकम कुन नियोगले के कति खर्च कुन कुन कामका लागि गऱ्यो भन्ने विवरण स्पष्ट छैन । विगत चार आ.व.को बजेट निकासा विवरण अनुसार २७ वटा राजदूतावासतर्फ रु.७,९३,९८,६६२।०० रकम गएको देखिन्छ । त्यस मध्ये सबैभन्दा कम बजेट ६६ लाख आ.व. ०६४।६५ मा र सबै भन्दा बढी रु. २ करोड ७३ लाख आ.व. २०६५।६६ मा निकासा भएको पाइन्छ । यस अवधिमा अर्थिक कूटनीतिका लागि जम्मा रु. ३० लाख भन्दा बढी बजेट निकासा प्राप्त गर्ने राजदूतावासको संख्या ११ देखिन्छ । नयाँ दिल्ली स्थित दूतावासले उक्त अवधिमा सर्वाधिक बढी रु. ७० लाख र सबैभन्दा कम निकासा रु. ३ लाख नयाँ खुलेका चार राजदूतावासहरू मध्येको एक क्यानाडामा गएको देखिन्छ (हेर्नुहोस्, परिशिष्ट ४) ।

त्यस्तै नेपालका तीन महावाणिज्यदूतावास र दुई स्थायी नियोगका लागि आर्थिक कूटनीति शीर्षकमा विगत चार वर्षमा निकासा भएको कूल बजेट रु. १ करोड १५ लाख ५० हजार छ । न्यूयोर्क स्थित स्थायी नियोगका लागि उक्त अवधिमा जम्मा रु ३४ लाख र जेनेभाका लागि २४ लाख निकासा भएको देखिन्छ । तीन महावाणिज्यदूतावास मध्ये सवैभन्दा कम रु. ११ लाख बजेट ल्हासा र बढी हङकङ्गमा २६ लाख रकम निकासा भएको देखिन्छ (हेर्नुहोस्, परिशिष्ट ५) ।

नेपालको कूटनीतिक क्षमता अभिवृद्धि र आर्थिक कूटनीतिको प्रभावकारी संचालनसंग सूचनाको सहज पहुँच महत्त्वपूर्ण रूपमा जोडिएको एउटा पक्ष हो । यसका लागि विद्युतीय माध्यमका साथै पुस्तक र अन्य प्रकाशित सामग्रीहरूको आवश्यकता पर्दछ । तर विगत १० वर्षको “पुस्तक र अन्य सामग्री” शीर्षकमा आ.व. २०५९।६० बाहेक अरू वर्षहरूमा बजेट विनियोजन शून्य देखिन्छ । उक्त आ.व. मा परराष्ट्र मन्त्रालय र राजदूतावासबाट क्रमशः रु २ लाख र रु. १० लाख खर्च भएको तथ्याङ्क भेटिन्छ[11] ।

## ३.६ आर्थिक कूटनीतिका लागि संभाव्य क्षेत्रहरू

### ३.६.१ वैदेशिक रोजगारी

देशको विदेशी मुद्रा आर्जनमा रोजगारीका लागि विदेशिएका नेपाली युवाहरूले पठाएको विप्रेषण एक प्रमुख आधार रहँदैआएको छ । स्वदेशमा रोजागारीका अवसरहरूको कमीका कारण भारत बाहेकका देशमा हाल करिव २० लाख युवा जनशक्ति रहेको आधिकारिक तथ्याङ्क देखिन्छ । तर यसरी विदेशिनेहरूको संख्या ३० लाख भन्दा बढी भएको अनुमानित तथ्याङ्क पाइन्छ । नेपाल सरकारले हालसम्म १०८ वटा मुलुकहरू वैदेशिक रोजगारीका लागि खुला गरेको छ । जस मध्ये ८१ मुलुकमा

---

[11] परराष्ट्र मन्त्रालयको वजेट विनियोजनसम्बन्धी विवरणबाट प्राप्त जानकारीका आधारमा ।

मात्रै कामदार गएका छन् । नेपाली युवाहरूको प्रमुख गन्तव्य स्थानमा मलेसियाका साथै खाडी राष्ट्रहरू रहेको देखिन्छ (हेर्नुहोस्, परिशिष्ट ६) ।

नेपाली युवाहरूले घर-परिवार र देशबाट टाढा विदेश गई अनेक दुःख-कष्ट झेली पठाएको विप्रेषणको रकम आ.व. २०५८।५९ मा रु. १४ अर्व ८६ करोड थियो भने २०६६।६७ मा यो रकम बढेर रु २ खर्व १४ करोड पुगेको देखिन्छ । आ.व. २०६७।६८ मा यसरी भित्रिने विप्रेषणको रकम रु. ३ खर्व पुग्ने अनुमान नेपाल वैदेशिक रोजगार संघको छ ।

### ३.६.२ व्यापार क्षेत्र

निर्यात योग्य वस्तु र सेवाहरूको सीमितता र बढ्दो आयातका कारण भारत र चीनसंग मात्र हैन अन्य कतिपय देशहरूसंग नेपालको व्यापार घाटा बढ्दै गएको देखिन्छ (हेर्नुहोस्, परिशिष्ट ७) । हालसम्म नेपालले १७ देशहरूसंग व्यापार संझौता गरेको छ भने दुईवटा क्षेत्रीय व्यापार संगठनहरू (South Asian Free Trade Area, SAFTA, and Bay of Bengal Initiative for Multi Sectoral Technical and Economic Cooperation, BIMSTEC) मा संलग्नता कायम गरेको छ । तर यी दुबै संगठनहरूका गतिविधि क्षेत्रीय व्यापार प्रवर्द्धन र विस्तारका लागि हालसम्म उत्साहजनक देखिएका छैनन् ।

नेपालको व्यापार सम्झौता भएका १७ देशहरू मध्ये भारतसंग भएको सहुलियतपूर्ण व्यापार सम्झौता अन्य देशहरूसंग भएको सौविद्य प्राप्त व्यवस्था भन्दा बढी उपयुक्त र लाभप्रद भएको जानकारहरूको राय छ । मित्रराष्ट्र भारतसंग सन् १९९६ मा भएको व्यापार सन्धि सन् २००२ मा भएको सन्धि भन्दा नेपालका लागि बढी उपयुक्त एवं लाभदायक थियो । त्यसैले सन् १९९६ को सन्धिले प्रदान गरेको सुविधा प्राप्त गर्नका लागि भारतसंग कूटनीतिक प्रयास थालनी गर्नु उपयुक्त हुने देखिन्छ । साथै मित्रराष्ट्र चीनसंग पनि भारतसंग सन् १९९६ मा भएको जस्तै व्यापार सन्धि गर्नेतर्फ विशेष पहल गरिनु आवश्यक छ । तर भारतले अन्य कम विकसित देशहरूका लागि पनि आफ्नो बजार खुल्ला गर्ने प्रतिबद्धता जनाएका कारण भविष्यमा हाम्रो सुविधा प्राप्त व्यापारको स्थितिमा संकुचन आउन सक्ने सम्भावना देखिन्छ । नेपाल हाल अतिकम विकसित देशहरूको अध्यक्ष भएको हुनाले नेपाल जस्तै विश्वका अन्य अतिकम विकसित मुलुकहरूसंग पनि आवश्यक समन्वय कायम गरी आफ्ना उत्पादनहरू निर्यात गर्न विश्व व्यापार संगठन अन्तर्गत त्यस्ता देशहरूले पाउनु पर्ने भन्सार र गैर-भन्सार सहुलियत एवं सुविधा प्राप्त गर्न विशेष पहल गर्नु पर्ने देखिन्छ । तर त्यस्तो सुविधा र सहुलियत नेपालले कुन-कुन क्षेत्रमा के-कसरी लिन सक्छ भन्ने बारेमा परराष्ट्र मन्त्रालयको अगुवाइमा वाणिज्य मन्त्रालयका साथै सम्बन्धित मन्त्रालयहरू, विज्ञहरू, निजी क्षेत्र र गैर-आवासीय नेपालीहरूको संस्थासंग गहन छलफल र अन्तरक्रिया गरी आफ्नो धारणा स्पष्ट गर्नु आवश्यक देखिन्छ । साथै सोही अनुसार नेपालको व्यापार-वाणिज्य नीतिलाई समेत परिमार्जन गर्दै लैजाने दिशामा समेत सक्रिय रहनु पर्दछ । परम्परागतरूपमा अमेरिकी बजारमा हुँदै आएको नेपालको तयारी पोशाकको सहज पहुँचलाई Multi-Fiber Agreement लागू भएपछि गम्भीर असर पुऱ्यायो । त्यस्तै ऊनी कार्पेट र पश्मिनाका लागि उपयुक्त मानिएको युरोपेली देशको बजार पनि युरोपीयन युनियनले लागू गरेको बाह्य उत्पादनका लागि समान भन्सार दरका कारण अप्ठ्यारो अवस्थाबाट गुज्रन बाध्य भएका छन्[१२] ।

हालसालै नेपाल र अमेरिका बीच भएको Trade and Investment Framework Agreement, TIFA बाट नेपाली उत्पादनहरू अमेरिकी बजारमा निर्यात गर्न सघाउ पुग्ने बिश्वास बढेको छ । छिमेकी मुलुकहरूका साथै युरोपेली देशहरू, जापान, गणतन्त्र कोरिया, अष्ट्रेलिया जस्ता विकसित एवं सहयोगी मित्रराष्ट्रहरूसंग पनि यस्तै सम्झौता गर्नेतर्फ अग्रसर हुनु आवश्यक देखिन्छ ।

---

[१२] Purushottam Ojha, Implications of WTO, SAFTA and Other Regional Instruments to Nepalese Trade, Pursuit of Economic Diplomacy: Prospects and Problems. Published by Association of Former Career Ambassadors of Nepal (AFCAN) Jan 2010. p.31-35.

### ३.६.३ नेपाल व्यापार एकीकृत रणनीति सन् २०१०

बाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रकाशित यस रणनीतिक प्रतिवेदनले निर्यातका लागि सम्भाव्य १९ वटा बस्तु तथा सेवाजन्य क्षेत्रको निक्योंल गर्दै प्राथमिकतापूर्वक तिनको विकास गरी निर्यात बढाउन सकेमा नेपाललाई प्रशस्त फाइदा पुग्न सक्ने सम्भावना देखाएको छ (हेर्नुहोस्, परिशिष्ट ८)।

ती क्षेत्रहरूको समुचित विकासबाट निर्यात बढ्न गई देशको आर्थिक वृद्धिदर समावेशी हुनुका साथै गरिवी निवारण कार्यमा समेत योगदान पुग्नसक्ने देखिन्छ। त्यसैले आर्थिक कूटनीतिमार्फत त्यहाँ औंल्याइएका वस्तु, सेवा र क्षेत्रका साथै अन्य सम्भाव्य वस्तु र सेवाहरूको निर्यात प्रवर्द्धन गर्ने कार्यमा विदेश स्थित नियोगहरूलाई थप क्रियाशील बनाउँदै लैजानु आवश्यक देखिन्छ। विदेश स्थित नियोगहरूले निजी क्षेत्र र गैर-आवासीय नेपालीहरूको संस्थासंग समन्वय गरी उनीहरू कार्यरत मुलुकहरूमा समय-समयमा नेपाली उत्पादनहरूको व्यापार मेलाको आयोजना गर्दा पनि नेपाली निर्यातयोग्य वस्तुहरूको प्रवर्द्धन गर्ने कार्यमा सघाउ पुग्ने देखिन्छ।

### ३.६.४ उद्योग

नेपालमा उद्योग र कल-कारखानाको अवस्था सन्तोषजनक देखिएको छैन। परम्परागत जुट, चीनी, कपडा जस्ता उद्योगहरू रुग्ण बन्दै कति बन्द भइसके भने विगतमा मित्रराष्ट्रहरूबाट सहयोग स्वरूप स्थापित छालाजुत्ता, ईट्टा-टायल, कागज, चीनी, कृषि औजार, कपडा जस्ता उद्योगहरू कति निजीकरण गरिए भने कति वर्षौंदेखि बन्द रहेका छन्। त्यस्तै विदेशी लगानीको कोलगेट, कोडाक, युनियन कार्बाइडको नेपाल ब्याट्री उद्योगहरू पनि बन्द भैसके। डाबर नेपाल, सूर्य नेपाल जस्ता उद्योगहरू पनि श्रम, विद्युत र खस्कँदो शान्तिसुरक्षाका कारण असजिलो परिस्थितिबाट गुज्रिरहेका छन्। निजी क्षेत्रबाट संचालित तयारी पोशाक, ऊनी-कार्पेट र पश्मिना उद्योगहरू मध्ये पनि अधिकांश उद्योगहरू बन्द भइसके भने संचालनमा रहेका केही उद्योग रुग्ण अवस्थामा रहेका छन्। फलस्वरूप उद्योग क्षेत्रको योगदान कूल गार्हस्थ उत्पादनमा आ.व. २०५७।५८ को ९ प्रतिशतबाट घटेर २०६७।६८ मा ६.५ प्रतिशतमा (२०५७।५८ को स्थीर मूल्यमा) सीमित भएको पाइन्छ।

मित्र राष्ट्रहरूको सहयोगमा निर्मित उद्योगहरूका साथै हाल बन्द वा रुग्ण अवस्थामा रहेका उद्योगहरू पुन:संचालन गर्ने/गराउने तर्फ सरकारले विशेष पहल समेत गर्नुपर्छ। यसबाट रोजगारी सृजना हुनुका साथै ग्रामीण जनताको आय वृद्धिमा पनि प्रत्यक्ष प्रभाव पर्न जान्छ।

### ३.६.५ उद्योगमा विदेशी लगानी

आ.व. २०६६।६७ सम्म विदेशी लगानीका लागि स्वीकृत उद्योगहरूको संख्या १८९८ पुगेको थियो भने उक्त उद्योगहरूमा कूल विदेशी लगानी रु. ५८ अर्व भएको देखिन्छ। यी उद्योगहरूले जम्मा १,४४,५१३ व्यक्तिलाई रोजगारी प्रदान गरेका छन्। विदेशी लगानी अन्तर्गत स्वीकृत उद्योगहरूमा सर्वाधिक बढी ६३७ औद्योगिक उत्पादनतर्फ रहेका छन् भने सेवा, उद्योग र पर्यटनतर्फ क्रमश: ५६१ र ५१४ रहेको पाइन्छ (हेर्नुहोस्, परिशिष्ट ९)।

साथै आ.व. २०६७।६८ को प्रथम आठ महिनासम्मको अवस्था हेर्दा विदेशी लगानीका लागि स्वीकृति दिएका उद्योगहरूको कूल संख्या २०१८ पुगेको छ भने कूल लगानी रु.६० अर्व ४४ करोड हुन गई करिव १,४९,१९१ व्यक्तिले रोजगारी प्राप्त गर्ने देखिन्छ (आर्थिक सर्वेक्षण, ०६६।६७)।

त्यस्तै देशगत रूपमा विदेशी तथा संयुक्त लगानीबाट स्थापित हुने उद्योगको संख्यामा आ.ब. ०६६।६७ को फागुनसम्म चीनबाट सर्वाधिक बढी ५८, भारतबाट २७, गणतन्त्र कोरियाबाट २० र अमेरिकाबाट १० रहेका छन् भने ०६७।६८को फागुन मसान्तसम्म चीनबाट ४०, भारतबाट १५, गणतन्त्र कोरियाबाट ११ र अमेरिका र जर्मनीबाट ६/६ रहेको देखिन्छ (हेर्नुहोस्, परिशिष्ट १०)।

भारत र चीन जस्ता ठूला अर्थतन्त्र भएका मुलुकहरूका वीचमा रहेको नेपालले दुवै छिमेकीहरूको बढ्दो आर्थिक गतिविधिबाट फाइदा लिन सक्नुमै आर्थिक विकासको गति भर पर्ने कुरा निर्विवाद छ। यसका लागि दुबै मित्रराष्ट्रहरूका जनताले प्रयोग वा उपयोग गर्ने सामग्रीका साथै ती देशका

प्रान्त वा राज्यहरूको विकास निर्माणका कार्य र तिनमा खपत हुने सामग्रीहरूको उत्पादनमा केन्द्रित भई तिनको निर्यात वृद्धि गर्न सकिएमा नेपालले छोटो समयमै आफ्नो आर्थिक वृद्धिदर तीब्र पार्न सक्छ ।

देशमा शान्ति सुरक्षा, उर्जा, सडक र राजमार्गहरूको पर्याप्तता, विदेशी लगानी-मैत्री नीति, राजनीतिक स्थिरता र दक्ष एवं अनुशासित श्रम शक्ति जस्ता पूर्वाधारहरू सुनिश्चित नभई विदेशी लगानीको त के कुरा स्वदेशी लगानी पनि बढ्न नसक्ने कुरा प्रष्टै छ । त्यसैले यी कुराहरू जति चाँडो निश्चित गर्न सकिन्छ त्यसैमा विदेशी पूँजी र प्रविधि भित्रिने कुराले गति लिन सक्छ ।

### ३.६.६ पर्यटन

पर्यटन क्षेत्रको प्रवर्द्धन, विकास र विस्तारले नेपाललाई दशकौंसम्म आर्थिक प्रतिफल दिँदै रोजगारी वृद्धिमा पनि सघाउँछ । भनिन्छ एउटा पर्यटकको आगमनले देशमा नौवटा रोजगारीको अवसर सिर्जना गर्छ । नेपालको प्राकृतिक सुन्दरता, सगरमाथा लगायत उच्च हिमाली श्रृंखला, भगवान् बुद्धको जन्मस्थल लुम्बिनी, हिन्दूहरूका आराध्यदेव पशुपतिनाथ, मुक्तिनाथ, वराहक्षेत्र, खप्तड, पाथिभरा, मनकामना, जानकी/सीताको जन्मस्थल जनकपुर जस्ता धार्मिक तीर्थस्थलहरूका साथै तराई-मधेस, पहाड र हिमाली क्षेत्रमा फैलिएर रहेको जैविक विविधताको भण्डार, जंगल, सफारी र दुर्लभ पशुपंक्षीहरूको वासस्थान क्षेत्र, विश्वसम्पदा सूचीमा सूचीकृत काठमाडौं उपत्यकाको कलात्मक सांस्कृतिक धरोहर, हँसिलो अनुहार, मिलनसार व्यवहार र पाहुनाको स्वागत तथा सत्कार गर्ने नेपाली विशिष्ट परम्परा र संस्कारका कारण नेपालमा पर्यटन क्षेत्रको भविष्य उज्वल देखिन्छ ।

आ.व २०६६।६७ मा पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा रु.२८ अर्व १३ करोड ९० लाख बराबर थियो भने आ.व. २०६७।६८ को पहिलो ६ महिनामा उक्त आर्जन रु. १३ अर्व ५१ करोड बराबर भयो । पर्यटन क्षेत्रबाट गत आ.व. को ६ महिनामा प्राप्त विदेशी मुद्रा नेपालको कूल विदेशी मुद्रा आर्जनको ७.५ प्रतिशत रहेको देखिन्छ । २०६६ पुसदेखि ०६७ पुससम्मको अवधिमा नेपालमा देशगत रूपमा सर्वाधिक बढी पर्यटक आउनेमा भारतबाट १९.३ %, स्वीजरल्याण्डबाट ९.३ प्रतिशत, श्रीलंकाबाट ७.६ प्रतिशत, अमेरिकाबाट ६.२ प्रतिशत, बेलायतबाट ५.९ प्रतिशत, फ्रान्सबाट ४.१ प्रतिशत अनि जर्मनी र जापानबाट ३.९ प्रतिशत रहेको देखिन्छ । त्यस्तै पर्यटकको सरदर बसाइ १२.७ दिन रहेको पाइन्छ (आर्थिक सर्वेक्षण, ०६७।६८) ।

नेपालले सन् १९९८ लाई पहिलो पल्ट नेपाल भ्रमण वर्ष घोषणा गरेता पनि अपेक्षाकृत पर्यटक संख्या र उनीहरूको बसाइको अवधिमा खासै वृद्धि भएन । अहिले सन् २०११ लाई नेपाल पर्यटन वर्ष घोषणा गरी “पर्यटनका लागि संगसंगै” भन्ने नाराका साथ १० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको छ । बि.सं.२०६६ पुसदेखि २०६७ पुससम्मको अवधिमा नेपाल आउने पर्यटकहरूको संख्या करिव ६ लाख ३ हजार पुगेको अनुमान छ भने सन् २०११ को अन्त्यसम्ममा यसमा के कति उपलव्धि हुने हो हेर्न बाँकी नै छ ।

नेपाल आउने पर्यटकको संख्या वृद्धि गर्न र उनीहरूको बसाइ लम्याउनका लागि नेपालले अझ धेरै गर्न बाँकी छ । शान्ति सुरक्षा, सरसफाइ, पूर्वाधारको यथेष्ट विकास, हवाई यातायातको सुविधाजनक व्यवस्था गर्नुका साथै पर्यटकहरुको आवागमन र अन्य गतिविधिमा असर पर्ने गरी हुने बन्द हडतालको प्रकृयालाई निरुत्साहित गर्नु पर्ने देखिन्छ । देशका पर्यटन उत्पादनहरू (Tourism Products )को पर्याप्त प्रचार-प्रसार हुनु नितान्त आवश्यक छ । मोरिसस र सिङ्गापुर जस्ता देश तथा चीनको हङकङ र तिब्बत जस्ता प्रदेशले उनीहरूको जनसंख्या भन्दा बढी पर्यटक वर्षेनी भित्र्याउँदै आएका छन् । ती मुलुकहरू र क्षेत्रबाट पनि सिक्दै हाम्रो पर्यटन विकास कार्यलाई गति दिन सकेको खण्डमा नेपाल र नेपालीले यथेष्ट लाभ लिन सक्ने देखिन्छ ।

हाल नेपालले ३६ वटा देशहरूसंग द्विपक्षीय हवाई सेवा सम्झौता गरी १५ देशका २३ सहरबाट दैनिक ३०/३२ बटा हवाई उडानहरूमार्फत पर्यटक भित्र्याउँदै आएको छ । तर देशको राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम भने ह्रासोन्मुख अवस्थामा पुग्नु देशका लागि नै दुःखदायी

यथार्थ बनेको छ । अतः नेपालको वायुसेवाको संख्या र गुणस्तरमा आवश्यक सुधार गर्दै सुविधा सम्पन्न क्षेत्रीय हवाई मैदान एवं दोस्रो अन्तर्राष्ट्रिय हवाई मैदान बनाउँनेतर्फ सक्रियतापूर्वक अगाडि बढ्नु आवश्क देखिन्छ । पर्यटन क्षेत्रबाट नेपालले अपेक्षाकृत लाभ लिन सकेको देखिँदैन ।

### ३.६.७ जलस्रोत

आ.व. २०६६।६७ को अन्त्य सम्ममा देशभर जम्मा ६९७ मे.वा.विद्युत उत्पादन भएको थियो । त्यसै गरी तापीय विधुतकेन्द्रबाट ५३.४ मे.वा. र सौर्य केन्द्रहरूबाट उत्पादन भएको १०० कि. वा. समेत कूल विद्युत उत्पादन ७५१ मे.वा. पुगेको छ । नेपालको हालको विद्युत मागको तुलनामा यो निकै न्यून छ र वर्षा याममा पनि देश र जनता "लोड् सेडिङ्को" मार खेप्न बाध्य छन् । अझ भारतमा उर्जाको बढ्दो मागका कारण नेपालसंग बढी भएको विद्युत किन्ने भारत ठूलो बजार हो भनिएता पनि हाल नेपालले भारतबाट विद्युत किन्दै आएको विडम्बनापूर्ण अवस्था छ ।

नेपाल जलस्रोतमा विश्वकै दोस्रो धनी देश भएता पनि पर्याप्त सिंचाइ सुविधाको अभावमा कृषि क्षेत्रलाई अझै मनसुनी वर्षाले प्रभावित पार्दै आएको छ । समयमा र पर्याप्त वर्षा भए किसानको आयका साथै राष्ट्रिय आयमा पनि बृद्धि हुन्छ, नत्र दुवै पक्ष त्यसको नकारात्मक प्रभावबाट पीडित हुन्छन् । विडम्बना नै भन्नुपर्छ, नेपाल जलस्रोतमा धनी देश भएता पनि पिउने पानी, सिंचाइ र विद्युत उत्पादनको क्षेत्रमा यसरी बर्षौदेखि अभावग्रस्त रहिआएको छ ।

खाडी मुलुकहरूका लागि तेल, अफ्रिकी देशहरूका लागि सुन र हीरा खानीको महत्व भएजस्तै नेपालका लागि पनि प्रकृतिले दिएको जलस्रोतको भण्डारलाई नेपाल र नेपालीको अधिकतम हित हुने गरी सदुपयोग गर्नुपर्छ । विश्वका अरू मुलुकहरूको अनुभव लिंदै र विगतका कमी कमजोरीबाट पाठ सिक्दै जलस्रोतको बहुआयामिक उपयोग सम्बन्धी राष्ट्रिय साझा नीति बनाई अगाडि बढ्नुको बिकल्प छैन । जल माफियाको चलखेल र जलराजनीति दुवै नेपालका लागि हितकर छैनन् । जलस्रोतको सही उपयोगबाटै नेपालको कृषि, बन, उद्योगधन्दा र सामाजिक क्षेत्रको समेत विकास भई देश संमृद्धितर्फ बढ्ने हुँदा यस्तो संवेदनशील र महत्वपूर्ण राष्ट्रिय विषयमा सबै पक्ष र वर्गका वीच राष्ट्रिय सहमति हुनु आवश्यक छ ।

अब बन्ने-बनाउने विद्युत उत्पादन केन्द्रहरू जलाशय (Storage) प्रकृतिको हुने र त्यसबाट सिँचाइ, जलक्रीडा, मत्स्यपालन, बाढीपहिरो नियन्त्रण जस्ता बहुआयामिक फाइदा लिने सोचाइ राख्नु उपयुक्त हुन्छ ।

२०६८ साल श्रावण १० गते नेपाल सरकारले जल विद्युत विकास कम्पनी गठन गरी राष्ट्रिय-अन्तर्राष्ट्रिय पूँजी आकर्षण गर्दै जल विद्युतका क्षेत्रमा लगानी गर्ने कामको सुरुवात गरेको छ । यस कम्पनीमा स्रोत जुटाउने कार्यमा पनि विदेश स्थित नेपालका नियोगहरूलाई सक्रिय पार्नु उचित एवं आवश्यक देखिन्छ ।

कुनै पनि योजना र परियोजनाको कार्यान्वयनमा वाधा विरोध नआउने र लगानीकर्ताको जीउधनको समुचित सुरक्षा हुनुका साथै उचित रूपमा आफ्नो पूँजी, लाभांश र नाफा परिवर्त्य मुद्रामा स्वदेश लान पाउने जस्ता कुराहरूको पूर्ण प्रत्याभूति नभई विदेशी लगानी आउँदैन । आज यी कुराको पूर्ण सुरक्षा भएका कारण मित्रराष्ट्र चीन बाह्य लगानीको आकर्षक गन्तव्य बनी विश्वको दोश्रो ठूलो अर्थतन्त्र बन्न सफल भएको यथार्थ सर्वविदित नै छ ।

### ३.६.८ सेवा क्षेत्र

नेपालको अनुकूल हावापानी, मौसम र दक्षिण एशियाका प्रमुख शहरहरूबाट सजिलै आउन-जान सकिने अवस्था, भाषा, खानपान र रहनसहनमा पनि समानताका साथै तुलनात्मक रूपमा जीवन निर्वाहका लागि सस्तो पनि भएका कारण शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा समुचित स्तरीय सेवा दिने नीति र कार्यक्रम अवलम्बन गर्नु नेपालको दीर्घकालीन राष्ट्रिय हितमा हुन्छ । स्तरीय शिक्षा र स्वास्थ्य सेवा प्राप्तिका लागि हजारौं नेपालीहरू विदेशिएका छन् । तर देशमै स्तरीय शिक्षा र स्वास्थ्य सेवा दिने व्यवस्था भएमा दक्ष जनशक्ति र पूँजी दुवै पलायन हुनबाट बच्नुको साथै दक्षिण

एशियाका मुलुकहरूबाट उक्त सेवा लिन नेपाल आउँदा त्यसबाट प्रत्यक्ष र अप्रत्यक्ष धेरै प्रकारको लाभ लिन सकिन्छ । त्यस्तै सूचना र प्रविधिका (IT) क्षेत्रमा समेत विकास हुँदा विशेषतः सफ्टवयरको विकास गर्न र कम्प्यूटरका माध्यमबाट आफ्नै देशमा बसी विदेशी मुलुकहरूका लागि गरिने काम (Outsourcing) बाट पनि विदेशी मुद्रा आर्जन गर्न सघाउ पुग्ने देखिन्छ । आजको सही सोचाइले देश र जनताका साथै भावी पीढीको पनि हित गर्ने हुँदा यस्ता विषयमा गम्भीरतापूर्वक विचार गरी अग्रसर हुँदा नै राष्ट्रिय हित प्रवर्द्धन हुने कुरा निर्विवाद छ ।

### ३.६.९ कृषि-वन क्षेत्र

नेपालको आर्थिक-सामाजिक विकासमा कृषि-बन क्षेत्रले खेल्ने भूमिका अत्यन्त महत्त्वपूर्ण छ । कृषि र बन क्षेत्रको विकास एक अर्काका लागि सहायक एवं पूरक दुवै हुन् । नेपालको तराई-मधेशदेखि हिमाली क्षेत्रसम्मको मौसमी विविधताका कारण उच्च मूल्य प्रकृतिका कृषि-बन पैदावारको उत्पादन गर्न सकिने धेरै सम्भावना छ । विशेषत: भारत, चीन, ईजरायल, पाकिस्तान, थाईल्याण्ड, भियतनाम, बर्मा, जस्ता देशले यस क्षेत्रको विकासबाट प्राप्त गरेको सफलताका आधारमा नेपालले पनि कृषि-बन क्षेत्रको विकासलाई विविधीकरण र व्यावसायीकरण गर्दै जाँदा यस क्षेत्रमा आश्रित जनताको क्रयशक्ति बढाई उनीहरूको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन सकिन्छ । कृषि-वन क्षेत्रको एकीकृत विकास कार्यले भूक्षय रोक्न र बाढी-पहिरो नियन्त्रण गर्ने कार्यमा पनि सहयोग पुग्न जान्छ ।

सन् २००१ मा मित्रराष्ट्र चीनसंग नेपालले कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र बजार व्यवस्थापन गर्नका लागि एउटा महत्वपूर्ण सम्झौता गरेको थियो । नेपाल सरकारले लागू गरेको दीर्घकालिन कृषि योजना (Agricultural Perspective Plan, APP) लाई सघाउने उद्देश्यले भएको उक्त सम्झौता कार्यान्वयनमै नआई त्यसै तुहियो । चीनसंग भएको उक्त सम्झौतालाई परिमार्जन गरी नवीकरण गर्नुका साथै अन्य मित्रराष्ट्रहरूबाट पनि सहयोग लिँदै कृषि क्षेत्रमा व्याप्त गरिबी घटाउने कार्यमा पहल गरिनु आवश्यक देखिन्छ ।

हाल विकशित औद्योगिक राष्ट्रका साथै अन्य उदीयमान ठूलो अर्थतन्त्र भएका देशहरूले उत्सर्जन गरेको "क्लोरो फ्लोरो कार्बन" को दुस्प्रभावका कारण पृथ्वीको तापक्रम बढ्न गई त्यसको मारमा नेपालको हिमाली पर्यावरण (Himalayan Eco-System) क्षेत्र पनि पर्दैआएको छ । विश्व बैंकले उल्लेख गरे अनुसार जलवायु परिवर्तनले पार्ने नकारात्मक प्रभाव सबै देशहरूमा पर्ने भएता पनि विकासोन्मुख मुलुकहरू त्यसबाट बढी पीडित हुने देखिन्छन् । जलवायु परिवर्तनको नकारात्मक असर खास गरी त्यस्ता विकासोन्मुख देशहरूमा ७० देखि ८० प्रतिशतसम्म पर्ने अनुमान गरिएको छ । तापक्रममा हुने २°C को वृद्धिले अफ्रिकी र एशियाको कूल गार्हस्थ उत्पादनमा ४ देखि ५ प्रतिशतसम्मको स्थायी ह्रास समेत आउन सक्ने खतरा विश्व बैंकले औल्याएको छ[१३] ।

### ३.६.१० संयुक्त-बहुपक्षीय लगानीका संम्भाव्य क्षेत्रहरू

नेपालको कमजोर आर्थिक अवस्थाका साथै राष्ट्रिय सहमतिको अभावका कारण देशमा विद्यमान साधन-स्रोतहरूको लाभप्रद उपयोग गर्न सकिएको छैन । खनिज अन्वेषण तथा उत्खनन् कार्य, ठूला जलविद्युत योजना, लोकमार्ग, सुरुङमार्ग, ठूला सिँचाइ योजना, रेलमार्ग आदि जस्ता योजना कार्यान्वयनका लागि ठूलो धनराशीको आवश्यकता पर्दछ । यस्ता योजनाहरूको निर्माण कार्यले देशमा प्रशस्त रोजगारीको अवसर सृजना भई देश र जनताको आर्थिक स्तर वृद्धि गर्दै जान सम्भव हुन्छ । यी र यस्ता विकास निर्माण कार्य संचालनका लागि नेपालले अवलम्बन गरेको मिश्रित आर्थिक व्यवस्था अन्तर्गत राष्ट्रिय हित अनुकूल हुने गरी विदेशी पूँजी र प्रविधि आकर्षित गर्न उदार विदेशी लगानी नीति नभई हुँदैन । त्यस्तै शान्तिसुरक्षा, सुशासन र छिटो छरितो निर्णय प्रक्रियाको पनि त्यत्तिकै आवश्यकता पर्दछ । उदाहरणार्थ वर्षौंदेखि विदेशी पूँजी र प्रविधि आकर्षित गर्न सफल भएकै कारण चीन र भारत दुवै आर्थिक विकासको गति तीव्र पार्न सफल भएका छन् । विदेशी लगानीका

---

[१३] The world Bank: Deevelopment and Climate Change, 2010 pxx.

लागि ठूलो बजारको रूपमा रहेको मित्रराष्ट्र चीनले सन् २०१० मा सर्वाधिक बढी १०५.७ अर्व अमेरिकी डलर भित्र्याएको थियो भने सन् २०११ मा यो अङ्क १०६ अर्ब भन्दा बढी हुने अनुमान छ[१४]। त्यस्तै मित्रराष्ट्र भारत सन् २०१०।११ को आ.व. मा अमेरिकी डलर २७ अर्व भित्र्याउन सफल भएको थियो ।[१५]

त्यसैले नेपालले विदेशी लगानी नीतिमा समसामयिक सुधार गर्दै छिटो छरितो निर्णय गर्नका लागि प्रधानमन्त्रीको अध्यक्षतामा संवन्धित मन्त्रालय, विज्ञहरू, विकास विज्ञ र निजीक्षेत्र समेतलाई संलग्न गराई एउटा उच्चस्तरीय इकाई Fast Track गठन गर्नु आवश्यक छ । नेपालमा हालसम्म भएको विदेशी लगानीका योजनाहरुको विवरण हेर्दा तुलनात्मक रूपमा छिमेकी राष्ट्रहरु चीन र भारतबाट बढी लगानी आउनसक्ने संभावना देखिन्छ (हेर्नुहोस्, परिशिष्ट-१०) ।

आजको विदेशी लगानी भित्र्याउने प्रतिस्पर्धी युगमा नेपाल सरकार, निजीक्षेत्र र नेपाली नियोगहरू निकै चुस्त, छिटोछरितो र सहयोगी हुँदा मात्र विदेशी लगानी भित्र्याउन सजिलो हुन्छ ।

### ३.६.११ विदेशी लगानीका लागि केही संभाव्य निर्माण, उद्योग र सेवाक्षेत्र

३.६.११.१ तराई-मधेशमा -पूर्व -पश्चिम रेलमार्ग
३.६.११.२ पहाडी क्षेत्रमा -पूर्व-पश्चिम लोकमार्ग
३.६.११.३ हिमाली क्षेत्रमा-ताप्लेजुङ-दार्चुला लोकमार्ग
३.६.११.४ चुरे क्षेत्र लोकमार्ग
३.६.११.५ उत्तर-दक्षिण लोकमार्ग
३.६.११.६ हुलाकी मार्ग
३.६.११.७ सुरुङ मार्ग
३.६.११.८ ठूला सिमेन्ट उद्योग
३.६.११.९ ठूला सिँचाइ तथा जलविद्युत योजना
३.६.११.१० मल कारखाना
३.६.११.११ चिनी उद्योग
३.६.११.१२ जुट उद्योग
३.६.११.१३ खनिज अन्वेषण एवं उत्खनन्
३.६.११.१४ अन्तर्राष्ट्रिय र क्षेत्रीय हवाई मैदान निर्माण
३.६.११.१५ अन्तर्राष्ट्रिय स्तरका शिक्षण संस्थाहरू निर्माण एवं संचालन
३.६.११.१६ अन्तर्राष्ट्रिय स्तरका मेडिकल कलेज र हस्पिटल निर्माण एवं संचालन
३.६.११.१७ स्तरीय सूचना -प्रविधि पार्क निर्माण एवं संचालन
३.६.११.१८ बहुमूल्य जडीबुटी उत्पादन, प्रशोधन र बजार व्यवस्थापन

माथि उल्लेख गरिएका क्षेत्रहरूमा विदेशी लगानी भित्र्याउने कार्यमा सरकारी निकायका साथै निजी क्षेत्र र गैर-आवासीय नेपालीहरूको संस्था NRN को पनि महत्वपूर्ण भूमिका र योगदान रहन्छ। यदि सरकारी र निजी क्षेत्र दुबै हातेमालो गर्दै जिम्मेवारीपूर्वक अग्रसर हुने हो भने पूँजी र प्रविधि जुटाउन त्यति कठिनाइ नहोला । हाल माथिल्लो तामाकोशी जस्तो जलविद्युत योजनामा पूँजी जुटे जस्तै माथि उल्लेखित ठूला योजनामा देश भित्रैबाट ३५।४० प्रतिशत पूँजी संकलन गराउन सकिने सम्भावना देखिन्छ । उदाहरणार्थ कुनै एक राम्रो र फलदायी योजना संचालन गर्दा लाग्ने कूल लागतको १० प्रतिशत सरकारी क्षेत्रबाट, १० प्रतिशत निजी क्षेत्र र जनस्तरबाट, १० प्रतिशत

---

[१४] China Daily, July 28, 2011.
[१५] The Hindu, June 28, 2011.

स्वदेशी वित्तीय संस्थाबाट , १० प्रतिशत गैरआवासीय नेपालीहरूबाट लगानी आउन सक्यो भने बांकी ६० प्रतिशत मित्रराष्ट्रहरू, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूबाट लिन सकिने सम्भावना रहन्छ। अर्को शब्दमा भन्नु पर्दा, कुनै योजनामा स्वदेशी लगानीको जति बढी हिस्सा हुन्छ त्यस्तो योजनामा विदेशी पूँजी र प्रविधि आउने सम्भावना त्यत्तिकै बढी रहन्छ।

विश्वका अर्वपतिहरू भएका (अमेरिकी डलरमा) १० देशहरूको विवरण हेर्दा अमेरिकामा सबैभन्दा बढी ४१२ जना, चीनमा ११५ जना, रुसमा १०१ जना र भारतमा ५५ जना रहेको देखिन्छ। यस प्रकार नेपालका छिमेकी राष्ट्रहरू चीन र भारत क्रमशः दोस्रो र चौथो स्थानमा रहेको पाइन्छ (हेर्नुहोस्, परिशिष्ट ११)। साथै हाम्रै छिमेकी मुलुकहरू चीन र भारतसंग रहेको विदेशी मुद्राको संचिती (Forex Reserve ) हेर्दा पनि राम्रो योजनाको लागि विदेशी पूँजी आकर्षित गर्न सकिने सम्भावना देखिन्छ। सन् २०११ जुन महिनाको अन्त्यसम्म चीनमा विश्वकै सर्वाधिक बढी विदेशी मुद्राको भण्डार ३२०० अर्व अमेरिकी डलर (US $ 3.2 Trillion )[१६] संचिति थियो भने भारतमा सन् २०११ मईको अन्त्यसम्म अमेरिकी डलर ३१६.८ अर्व (US $ 136.8 Billion ) संचिति रहेको देखिन्छ[१७]। विगत ३०।४० बर्ष यता आर्थिक संमृद्धि प्राप्त गर्ने देशहरूलाई नियाल्दा राजनीतिक स्थिरता, जिम्मेवार र दूरदर्शी नेतृत्व, पूर्वाधारहरूको पर्याप्तता, सुशासन र शान्ति सुरक्षाको प्रत्याभूति गर्दै निर्यात योग्य वस्तु र सेवाको विकास जस्ता कुरा प्रमुख रूपमा देखिन्छन्। निर्यात बृद्धिबाटै आर्थिक विकास (Export Led Growth) गर्न सफल देशहरूमा हेर्दा नेपालका छिमेकी चीन र भारतका साथै गणतन्त्र कोरिया, सिंगापुर, मलेसिया र चीनको हङकङ र ताइवान प्रमुख देखिन्छन्। अतः राष्ट्रिय उत्पादन बढाउँदै निर्यात बृद्धि गर्न नेपाल सरकार पनि दृढ इच्छा शक्ति सहित अग्रसर हुनु अपरिहार्य छ। देशमा रोजगारीको अवसर बृद्धि गर्दै जनताको आय स्तर सुधार गर्ने नेपालका सबै राजनीतिक दलको आर्थिक उद्देश्य देखिन्छ। सोही उद्देश्यलाई हृदयङ्गम गर्दै मुलुक र जनताको बृहत्तर आर्थिक हितको लागि संसद्मा संकल्प प्रस्तावमार्फत सामूहिक प्रतिवद्धता जाहेर गर्न अब अवेर गर्नु हुँदैन। यस्तो प्रतिवद्धता जाहेर गर्दा त्यसबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा सकारात्मक सन्देश प्रवाह भई स्वदेशीका साथै विदेशी पूँजी र प्रविधि भित्र्याउन अनुकूल वातावरण समेत बन्न जान्छ र देश भित्रै रोजगारीको अवसर बढ्न गई जनताको आय स्तर बृद्धिमा समेत गुणात्मक सुधार हुन जाने देखिन्छ।

क्षेत्रीय र अन्तर्राष्ट्रिय भूमिका न्यून र कमजोर आर्थिक अवस्था भएको मुलुक भएकोले नेपालले आर्थिक-राजनीतिक क्षेत्रका ज्ञाताहरुबाट राजदूतहरुको चयन गर्दा राष्ट्रिय हित प्रवर्द्धन गर्न अपेक्षाकृत सफलता प्राप्त हुने देखिन्छ। विश्वका सम्पन्न र विकसित मुलुकका राष्ट्रप्रमुख वा सरकारप्रमुखहरूका साथै विशेष प्रतिनिधि मण्डल एवं राजदूतहरू समेत आफ्नो देशको उत्पादन बिक्रीका लागि सक्रिय हुने गरेको उदाहरण बोइङ्ग वा एयर बसको बिक्रिदेखि न्यूक्लीयर इनर्जी र सामरिक हात-हतियारसम्म पुग्ने गरेको देखिन्छ।

---

[१६] Repblica Daily, July 25, 2011.
[१७] The Economic Times, July 29, 2011.

# भाग-४
# संस्थागत सुधार

परराष्ट्र मन्त्रालय तथा अन्तर्गतका नियोगहरू र सम्बन्धित निकायहरूमा परिवर्तित सन्दर्भमा समय सापेक्ष सुधार आवश्यक छ । परराष्ट्र मन्त्रालय लगायत संबद्ध निकायहरूले मुलुकलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउने र अन्तर्राष्ट्रिय सम्बन्धको माध्यमद्वारा राष्ट्रिय हित र स्वार्थलाई प्रवर्धन गरी आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक विकासमार्फत मुलुकलाई संमृद्ध बनाउन राष्ट्रिय नीति निर्धारण गरी तद्नुकूल विदेश नीति तय गर्नु पर्ने हुन्छ ।

## ४.१ परराष्ट्र मन्त्रालय

परराष्ट्र मन्त्रालयलाई विगतका अध्ययन प्रतिवेदनहरू समेतको आधारमा समयानुकूल पुनर्संरचना गर्न जरुरी देखिन्छ । मन्त्रालयलाई विद्यमान महाशाखा, ब्यूरो र शाखाको आधारमा मुलुकको विशेष, क्षेत्रीय र संगठनात्मक दृष्टिबाट सक्षम र दायित्वपूर्ण बनाउनु पर्ने हुन्छ । नियोग तथा राजदूतावासहरूलाई आफू मातहत मुलुकका राजनीतिक, आर्थिक, सामाजिक, सुरक्षा लगायतका गतिविधिहरूको नियमितरूपले मूल्याङ्कन, पुनरावलोकन र अनुगमन गर्ने जिम्मेवारी दिनु पर्ने हुन्छ । विदेश स्थित राजदूतावास र नियोगहरूबाट भैरहेका कामहरूको लेखाजोखा गर्ने एवं तिनको समस्या र आवश्यकता पहिल्याई तदनुसार प्रभावकारी कार्य गर्ने जिम्मेवारी लिनु पर्ने देखिन्छ ।

परराष्ट्र मन्त्रालयको नाम परिवर्तन गरी विदेश मन्त्रालय राखी, मन्त्रालय/सम्बन्धित निकाय र ऐन नियमहरूमा पनि तदनुसार संशोधन गर्नका साथै निम्नानुसार सुधार गर्नु पर्ने देखिन्छ :-

४.१.१ सक्षम नेतृत्व तथा कर्मचारीहरूको नियुक्ति, तालिमको व्यवस्था र नियमित सरुवा एवं बढुवाका साथै प्रभावकारी रूपले दण्ड/पुरस्कारको व्यवस्था लागू गर्ने ।

४.१.२ परराष्ट्र मन्त्रालयका कर्मचारीहरूलाई व्यावसायिक मर्यादा कायम राख्न स्वदेश तथा विदेशको अभिमुखीकरण/तालिमको व्यवस्था गरी योग्य, दक्ष र सक्षम बनाउने ।

४.१.३ परिवर्तित सन्दर्भमा आर्थिक कूटनीति, अन्तर्राष्ट्रिय कानून, पर्यटन, उद्योग, वाणिज्य, वातावरण, अर्थ लगायतका विज्ञहरूका साथै विकाससंग सम्बन्धित र प्रविधि क्षेत्रमा समेत परराष्ट्र मन्त्रालयको कार्यक्षेत्र विस्तार भएको हुँदा क्षमतावान् कर्मचारीहरूलाई निश्चित प्रक्रिया पूरा गरी अन्तर-मन्त्रालय सेवा परिवर्तन/सरुवाको व्यवस्था गर्ने ।

४.१.४ पुस्तकालय व्यवस्थापनमा सुधार, सूचना तथा प्रविधि सेवाको सुविधा, भौतिक साधन-स्रोत सम्पन्न बनाउनुका साथै ऐतिहासिक एवं संवेदनशील राष्ट्रिय महत्त्वका विषयहरूका कागजातहरूको माइक्रोफिल्म तयार गरी अभिलेख, उचित दस्तावेजीकरण एवं गोपनीयताको समुचित व्यवस्था मिलाउने ।

४.१.५ परराष्ट्र मन्त्रालयले सम्बन्धित मन्त्रालय एवं क्षेत्रीय सहयोग सम्बन्धी सार्क, बिम्स्टेक जस्ता संगठनहरूबाट आवश्यक सहयोग जुटाउन समन्वय गर्ने ।

४.१.६ आर्थिक कूटनीति प्रवर्द्धन, नीति निर्माण, कार्यान्वयन, अनुगमन एवं अर्थ, श्रम, पर्यटन जस्ता क्षेत्रमा सहचारी नियुक्ति लगायतका कार्य गर्न संयुक्त संयन्त्र निर्माण गर्ने ।

४.१.७ लागू औषध नियन्त्रण, सम्पत्ति शुद्धीकरण लगायत समस्या समाधान गर्न गृह मन्त्रालयले परराष्ट्र मन्त्रालयसंग समन्वय गरी विशेष सतर्कता अपनाउने ।

४.१.८ विभिन्न उद्देश्यले नेपाल आउने विदेशीहरूको तथ्याङ्क अध्यावधिक गर्ने/गराउने र उनीहरूको गतिविधिमाथि निगरानी राख्ने ।

४.१.९ क्याम्पस तथा विश्वविद्यालयहरूमा अन्तर्राष्ट्रिय सम्बन्ध एवं कूटनीति विषयको अध्ययन-अनुसन्धान गर्ने/गराउने व्यवस्था गर्ने ।

४.१.१० गृह मन्त्रालय, रक्षा मन्त्रालय र भूमि सुधार मन्त्रालयसंग समन्वय गरी परराष्ट्र मन्त्रालयले सीमा समस्यालाई वैज्ञानिक ढङ्गले सीमाङ्कन, नक्शाङ्कन र सत्यापन गरी सीमा व्यवस्थापन गर्ने ।

४.१.११ विदेशमा ग्रिनकार्ड/पी.आर. लिई बसेका नेपालीहरूलाई राजदूत जस्तो राष्ट्रिय जिम्मेवारी नदिने नीति लिने ।

४.१.१२ मन्त्रालयका लागि आवश्यक ऐन/नियममा समसामयिक सुधार गर्ने ।

## ४.२ परराष्ट्र सेवाका कर्मचारी/ राजदूत नियुक्ति सम्बन्धमा

४.२.१.१ परराष्ट्र मन्त्रालय लगायत सरोकार हुने अन्य मन्त्रालय समेतका व्यवसायिक विज्ञबाट ५०% र राजनीतिक क्षेत्रका कूटनीतिक एवं परराष्ट्र विज्ञबाट ५०% राजदूत नियुक्ति गर्ने ।

४.२.१.२ विदेश स्थित नियोगमा काम गर्ने कर्मचारीले अतिरिक्त रोजगारी गर्न नपाउने व्यवस्था गर्ने र निश्चित पदावधि सकिए पछि अनिवार्य रूपले स्वदेश फर्कनु पर्ने वाध्यात्मक कानूनी व्यवस्था गर्ने ।

४.२.१.३ कर्मचारी/राजदूत नियुक्तिको मापदण्ड र कार्यादेश तोक्ने, जस अनुसार सम्बन्धित देशको भाषा, आर्थिक, सामाजिक, साँस्कृतिक र भौगोलिक जानकारी भएका विज्ञ व्यक्तिहरूलाई प्राथमिकता दिई परराष्ट्र सेवाका कर्मचारी/राजदूतको नियुक्ति गर्ने ।

४.२.१.४ कर्मचारी/राजदूत नियुक्ति गर्दा समावेशीतामा ध्यान पुर्‍याउँदै आम रुपमा ३३ % महिला समावेश गर्ने ।

४.२.१.५ कर्मचारी/राजदूतको कार्यसम्पादनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था लागू गर्ने ।

## ४.२.२ शिष्टाचार एवं आचार संहिता निर्देशिका

धेरै जसो मुलुकहरूमा विदेशी प्रतिनिधिहरूलाई स्वागत तथा विदाइ गर्ने शिष्टाचारको प्रक्रिया र व्यवस्थाका लागि निर्देशिकाको व्यवस्था गरिएको हुन्छ । नेपालको सन्दर्भमा शिष्टाचार एवं आचार संहिता सम्बन्धमा निम्नकुराहरू गर्नुपर्ने देखिन्छ :

४.२.२.१ विदेश मन्त्रालयको शिष्टाचार शाखाले भेटघाट गराउने सम्पर्क बिन्दुको रूपमा कार्य गर्ने ।

४.२.२.२ शिष्टाचारको प्रक्रिया र व्यवस्थाका लागि निर्देशिका बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

४.२.२.३ व्यवस्थापिका-संसद्ले पनि विदेशीहरूसंग भेटघाट गर्ने छुट्टै निर्देशिका बनाई लागू गर्ने ।

४.२.२.४ शिष्टाचार एवं भेटघाट निर्देशिकामा व्यवस्थापिका-संसद् सचिवालय र सुरक्षा निकायहरू समेत समावेस गर्ने ।

४.२.२.५ गृह मन्त्रालयले जारी गरेको विदेशीहरूसंग भेटघाट सम्बन्धी निर्देशिका, २०६८ र परराष्ट्र मन्त्रालयद्वारा जारी कूटनीतिक आचार संहिता, २०६८ को प्रभावकारी कार्यान्वयन गर्ने ।

४.२.२.६ आफ्नो देशको मर्यादालाई कायम गर्दै विदेशी पाहुनाहरूलाई शिष्टाचारको व्यवस्था गर्ने ।

४.२.२.७ भियना अभिसन्धि अनुसार विदेशीहरूलाई समेत आफ्नो शिष्टाचार र मर्यादा पालना गर्ने वातावरण निर्माण गर्ने ।

### ४.२.३ कन्सुलर सेवा

कन्सुलर प्रतिनिधिहरू आफ्नो मुलुक तथा विदेशी सरकार बीच एक राज्य तथा यसका नागरिक बीच सम्पर्क बिन्दुको रूपमा कार्य गर्ने भएकोले यो सेवा संवेदनशील छ । यस सेवालाई व्यवस्थित र ग्राहकमुखी बनाउन निम्नानुसार गर्नुपर्ने देखिन्छ :

४.२.३.१ मुलुक भित्र रहेका कूटनीतिक समुदायलाई सेवा सुविधामा एकरूपता कायम गर्नुका साथै शीघ्र तथा प्रभावकारी सेवा प्रदान गर्ने ।

### ४.२.४ राहदानी :-

विदेशका लागि राहदानी आधिकारिक र महत्त्वपूर्ण चिनारी दस्तावेज भएको हुँदा यसको वितरण, अभिलेख तथा प्रयोग सावधानीपूर्वक गर्नुपर्ने हुन्छ । नेपालमा राहदानी वितरण गर्न परराष्ट्र मन्त्रालय र जिल्ला प्रशासन कार्यालयहरूलाई जिम्मेवारी प्रदान गरिएको छ । हाल मेशिनद्वारा पढ्न

सकिने राहदानीको प्रयोगको थालनी भएको छ । परराष्ट्र मन्त्रालय र गृह मन्त्रालयले समन्वय गरी सावधानीपूर्वक राहदानी वितरण गर्ने व्यवस्था मिलाउन निम्नानुसार गर्नुपर्ने देखिन्छ :

४.२.४.१ पचहत्तरै जिल्लाबाट सरल र सहज ढंगले राहदानी उपलब्ध गराउने व्यवस्था गर्ने ।

४.२.४.२ राहदानी दुरूपयोग रोक्न प्रभावकारी कानूनी व्यवस्था गर्ने ।

## ४.३ विदेश स्थित कूटनीतिक नियोगहरू

विदेश स्थित कूटनीतिक नियोगहरूले विदेश नीतिको कार्यान्वयन गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । कुनै पनि देशले आफ्नो देशको आवश्यकता र आर्थिक स्थितिलाई ध्यान दिई नियोगहरूको स्थापना गर्नुपर्ने हुन्छ । कूटनीतिक नियोगहरू राजनीतिक, आर्थिक र सामाजिक पारस्परिकताको आधारमा स्थापना गरिएको हुन्छ । कूटनीतिक नियोगहरूले निम्नानुसार कामहरू गर्नुपर्ने देखिन्छ :

४.३.१ आर्थिक कूटनीति विस्तार गर्न आवश्यक जनशक्ति एवं आर्थिक तथा प्राविधिक स्रोत जुटाउने ।

४.३.२ सम्बन्धित क्षेत्रका विज्ञ व्यक्तिलाई सहचारी नियुक्त गर्ने ।

४.३.३ नियोगलाई प्रभावकारी बनाउन परराष्ट्र मन्त्रालयले स्पष्ट र नियमित निर्देशन दिने ।

४.३.४ कूटनीतिक नियोगहरू सम्बन्धी प्रचलित आर्थिक ऐन-नियमको समसामयिक सुधार गर्ने ।

## ४.४ महावाणिज्यदूतावासहरू

विदेश स्थित वाणिज्य/महावाणिज्यदूतावासहरूले मूलतः व्यापारिक कारोवार एवं आर्थिक कूटनीति सम्बन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछन् । महावाणिज्य दूतावासहरूले परम्परागत काम मात्र नगरी देशको आर्थिक वृद्धि गर्नेतर्फ अग्रसर हुनका साथै निम्नानुसार कार्य गर्नुपर्ने देखिन्छ :

४.४.१ आर्थिक सम्बन्ध प्रवर्द्धन गर्न सक्ने क्षमताका आधारमा वाणिज्यदूत तथा महावाणिज्यदूत नियुक्त गर्ने ।

४.४.२ सम्बन्धित कर्मचारीहरूको स्पष्ट कार्यादेश बनाउने ।

## ४.५ परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

परराष्ट्र सेवाका कर्मचारीहरूलाई तालिमको व्यवस्था, अध्ययन अनुसन्धान र परराष्ट्र मामिला सम्बन्धी विभिन्न कार्यहरू गर्न परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको स्थापना भएको देखिन्छ । परराष्ट्र मामिला सम्बन्धी अध्ययन अनुसन्धान गर्नु प्रतिष्ठानको प्रमुख कार्य हो । २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि स्थापना भएको यस प्रतिष्ठानले अझै पनि प्रभावकारी कार्य गर्नसकेको देखिँदैन । प्रतिष्ठानले निम्नानुसार कार्य गर्नुपर्ने देखिन्छ :

४.५.१ परराष्ट्र सेवाका कर्मचारी/महावाणिज्यदूत/वाणिज्यदूत/नव-नियुक्त राजदूतहरूलाई तालिम / अभिमुखीकरणको व्यवस्था गर्ने ।

४.५.२ अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विषयमा बैठक/गोष्ठी/अन्तरक्रियाको आयोजना गर्ने ।

४.५.३ परराष्ट्र मामिला सम्बन्धी विषयमा प्रकाशन सम्बन्धी कार्यहरू गर्ने ।

४.५.४ प्रतिष्ठानका लागि पुस्तकालय, विदेश मामिला सम्बन्धी पाठ्यसामग्री एवं तथ्याङ्क अध्यावधिक गरी अध्ययन स्रोत केन्द्रको रूपमा विकास गर्ने ।

४.५.५ इच्छुक व्यक्तिलाई अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विषयमा ३ देखि ६ महीना सम्मको खुल्ला तालिम संचालन गरी संस्थालाई आर्थिक रूपले आत्मनिर्भर बनाउने ।

४.५.६ आवश्यकतानुसार विदेशी प्रशिक्षकहरू समेत झिकाई तालिम/प्रशिक्षणको व्यवस्था गर्ने ।

४.५.७ प्रतिष्ठानले आफ्नो स्रोत-साधनको व्यवस्था गरी क्षमता विकास गर्ने ।

४.५.८ प्रतिष्ठानले विकाससंग सम्बन्धित मन्त्रालयहरू, गैसस, अन्तर्राष्ट्रिय गैससहरू, मध्यस्थ-व्यावसायिक संस्थाहरू, द्विपक्षीय वाणिज्यसंघहरू, उत्पादन संघहरू, पर्यटन सम्बद्ध संगठन र प्रतिष्ठानहरूसंग संपर्क-संजाल विकसित गर्ने ।

## ४.६ परराष्ट्र मन्त्रालयले प्रतिष्ठान सम्बन्धमा गर्नु पर्ने कार्यहरू

४.६.१ प्रतिष्ठानलाई स्वायत्त र अधिकार सम्पन्न निकायको रूपमा विकास गर्ने ।

४.६.२ परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानमा योग्य कार्यकारी निर्देशक तथा अन्य सदस्यहरू नियुक्त गर्ने ।

४.६.३ प्रतिष्ठानलाई नेपाल सरकारले आवश्यक जनशक्ति, आर्थिक, भौतिक स्रोत र साधन उपलब्ध गराउने ।

४.६.४ प्रतिष्ठानलाई उच्च स्तरको तालिम संस्था र अनुसन्धान निकायको रूपमा रूपान्तरण गर्ने ।

४.६.५ विदेश नीतिका सम्बन्धमा विषयगत एवं नेपालले अवलम्बन गरेका विदेश नीतिको अध्ययन गर्ने/गराउने ।

४.६.६ अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय कानून तथा सन्धि-सम्झौताहरू बारे अध्ययन, अनुसन्धान गर्ने/गराउने ।

४.६.७ परिवर्तित सन्दर्भमा नेपालको कूटनीतिलाई समय सापेक्ष सुधार गर्न अध्ययन गरी सिफारिश गर्ने ।

४.६.८ प्रतिष्ठानलाई चिन्तन केन्द्र (Think Tank) को रूपमा विकास गर्दै परराष्ट्र लगायत सम्बद्ध मन्त्रालय/निजी क्षेत्र/विदेशी संघसंस्थाको समन्वय र सम्पर्क थलोको रूपमा विकास गर्ने ।

४.६.९ परराष्ट्र मन्त्रालय र दूतावासहरूले प्रतिष्ठानसंग मिलेर वैदेशिक सहायतामा संचालित आयोजनाहरू, द्विपक्षीय, बहुपक्षीय गतिविधिहरू, नेपालमा रहेका अन्तर्राष्ट्रिय गैससहरू, विदेशी लगानी भएका आयोजनाहरू, प्रमुख आयातकर्ता र वस्तुसूची, प्रमुख निर्यातकर्ता र वस्तुसूची, दूरसंचालकहरूको सूची, प्रमुख पर्यटन, अन्य वस्तु, प्रमुख जलशक्ति आयोजनाहरू, प्रमुख वाणिज्यसंगठन सूची, लगानी ऐन नियमहरू, कर सम्बन्धी ऐन नियमहरू लगायतका अन्तर्राष्ट्रिय कानून, सन्धि सम्झौता, नक्शा, सूचना, संग्राहलय अध्यावधिक राख्ने ।

## ४.७ अन्तर मन्त्रालय समन्वय

परिवर्तित सन्दर्भमा नेपालको विदेश नीति सम्बन्धी सम्पूर्ण विषयहरू परराष्ट्र मन्त्रालयका मात्र विषय हुन सक्दैनन् । बदलिएको राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश, आधुनिक संचार र प्रविधि, आर्थिक-राजनीतिक-सामाजिक विकास, अन्तर्राष्ट्रिय सन्धि सम्झौताले विश्व नै एक समाजको रूपमा विकसित भएको छ । विदेश नीति निर्माण र कार्यान्वयनमा व्यवस्थापिका-संसद् सचिवालय, श्रम, पर्यटन, उद्योग, गृह, रक्षा, कानून, अर्थ, जलस्रोत, वातावरण, महिला वालवालिका तथा समाजकल्याण, राष्ट्रिय योजना आयोग, वनसंग सम्बन्धित विषयहरू र सम्बन्धित मन्त्रालयको अप्रत्यक्ष रूपले सरोकार र संलग्नता हुन्छ । अन्तर मन्त्रालय समन्वयका लागि निम्नानुसार गर्नु पर्ने देखिन्छ :

४.७.१ सम्बन्धित मन्त्रालय र निकायहरूसंग समन्वय गर्न परराष्ट्र मन्त्रालयले सचिवस्तरीय अन्तर मन्त्रालय संयत्र निर्माण गर्ने ।

४.७.२ समन्वय कार्यलाई प्रभावकारी पार्न परराष्ट्र मन्त्रालय र सम्बन्धित मन्त्रालय एवं निकायहरूले समेत आ-आफ्नो मातहत महाशाखा/शाखा गठन गर्ने ।

४.७.३ परराष्ट्र मन्त्रालयसंग सम्बन्धित विषयहरूमा समन्वय गर्न परराष्ट्र मन्त्रालयले निरन्तर भेटघाट, छलफल, गोष्ठी र बैठकहरू आयोजना गर्ने ।

४.७.४ अन्तरमन्त्रालय समन्वय संयन्त्रलाई कार्यक्रमिक रूपमा प्रभावकारी बनाउने ।

# भाग ५

# नेपालको विदेश नीतिका निर्णायक पक्षहरू

नेपालको विदेश नीति निर्माण गर्दा यसका सबल र दुर्बल पक्षहरूको विश्लेषण हुनु हुनुपर्छ । नेपालले भोग्नुपरेका केही जटिलताहरूको पहिचान र तिनको समाधानतर्फ उन्मुख हुन विदेश नीतिका निर्णायक पक्षहरूको निम्नानुसार संश्लेषण प्रस्तुत गरिएको छ :

## ५.१ भौगोलिक अवस्था

आज भन्दा झण्डै ६००० वर्ष पूर्व मानिएको पौराणिक काल (Mythological Period) महाभारतमा नेपाल मुलुकको उल्लेख भएता पनि[१८] २००० वर्ष पहिलेदेखिको लिखित इतिहास किराँत,[१९] लिच्छवी, मल्ल, शाह र राणा हुँदै आजको अवस्थासम्म पुगेको छ ।[२०] वि.स.१८२५ मा पृथ्वी नारायण शाहको नेतृत्वमा विस्तारित र एकीकृत नेपाल पूर्व पश्चिम फैलिएको थियो । त्यस पछि पनि नेपालको सीमाना पश्चिममा सतलज र पूर्वमा टिस्टा पुऱ्याउँदा समेत पूर्व पश्चिम नै फैलिएको थियो । सुगौली सन्धि (सन् १८१६) पश्चात् नेपालको सीमा खुम्चिएर पूर्व, पश्चिम र दक्षिणतिर भारतसँग १८०८ कि.मि.भूवेष्टित मात्र बाँकी रहेको छ । उत्तरतिर चीनसँग तथा पूर्व, पश्चिम र दक्षिणतिर भारतसँग जोडिएकाले भारतसँग बढी आवागमन हुनु स्वाभाविक हो ।[२१] यस किसिमको परिस्थितिमा परराष्ट्र एवं इतिहासविद्हरू[२२] परराष्ट्र नीति निर्माणमा भूगोल र बाह्य प्रभावलाई प्रमुख कारक तत्त्व मान्ने गर्दछन् । नेपालमा पनि यसको प्रभाव पर्दैआएको छ । व्यापार र पारवहनका लागि छिमेकी मुलुकको समुद्रितटदेखि आफ्नो देशसम्म निर्वाध आवत जावत गर्न स्थलमार्ग भूपरिवेष्टित मुलुकका नैसर्गिक अधिकार भएता पनि व्यवहारमा नेपालले भौगोलिक स्थितिको कारण आफ्नो खुला विदेश नीति निर्माणमा इतिहासको लामो कालखण्डदेखि हालसम्म जटिलता खेप्दै आउनु परेको जगजाहेरैछ ।

## ५. २ नेतृत्वको विकासमा पारिवारिक शासनको भूमिका

आधुनिक नेपालका निर्माता पृथ्वी नारायण शाहले स्थापना गरेको शाहवंशीय राज्यसत्ता जंग बहादुरले सन् १८४६ मा आफ्नो नियन्त्रणमा लिए र उनका सन्तानहरूले सन् १९५० अर्थात् १०४ वर्षसम्म शाहवंशीय छाता मुनि रहेर श्री ३ को रूपमा परिवारको शासन जोगाउन बृटिशहरूलाई रिझाउने काम गरे । सन् १८५७ को भारतको सिपाही विद्रोह (Sepoy Mutiny) दबाउन जंगबहादुरकै नेतृत्वमा नेपाली फौज गएबाट जंगबहादुरले नै यसको शुरुवात गरेको देखिन्छ । सन् १८१६ को सुगौली सन्धिको वारेमा पनि कैयन् नेपालीहरूले त्यसको विरोध गर्दागर्दै पनि सन्धि भएको देखिन्छ । यस्तो कूटनीतिले राष्ट्रिय स्वाधीनता भने जोगियो तर उपनिवेशवादको विरुद्ध जानुको सट्टा भारत स्वतन्त्र भए पछि पनि सन् १९४७ मा गरिएको त्रिपक्षीय सन्धि २००७ साल पूर्वका दिनहरुसम्म गोर्खा भर्ती केन्द्र रोजगारीका लागि भन्दा पनि शासकको निजी आम्दानीको स्रोतका रूपमा रहँदै आएको देखिन्छ ।

परिवारको प्रभावले यसबाट आउने "रोयल्टी" पछिसम्म पनि शासकका परिवारले लिने गरेको इतिहास छ । २००७ सालमा राजा त्रिभुवनले भारतीय शरणमा गई राज्यसत्ता पुनः शाहवंशमा

---

[१८] योगी नरहरिनाथसँगको अन्तरवार्ता ।

[१९] D.R. Regmi, Ancient Nepal, Rupa & Co, New Delhi, 2007.

[२०] जयराज आचार्य, नेपालको परराष्ट्र नीतिः एक विमर्श, प्रजातन्त्र तथा विकास केन्द्र, काठमाण्डौ, २००९, पे.१३ ।

[२१] D.R.Regmi, Medieval Nepal, Vol. I & II and Modern Nepal, Vol. I & II, Rupa & Co., New Delhi, 2007.

[२२] http://www.answers.com : ल्योपोल्ड फोन राँके (Leopold von Ranke).

कायम गरे । यो क्रम अन्तिम राजा ज्ञानेन्द्रसम्म नै कायम रह्यो भन्दा अत्युक्ति नहोला । पारिवारिक शासन टिकाउन सकिन्छ कि भनी मोहन सम्शेरले भारतसँग सन् १९५० को सन्धि गरे भने प्रधानमन्त्री मातृकाले पनि भारतलाई बढी सुविधा हुने गरी "कोशी सम्झौता" गरेको देखिन्छ । त्यस्तै गरी सन् १९५९ को "गण्डक" र सन् १९६५ को "हतियार सम्बन्धी संम्झौता" पनि राजा महेन्द्रले आफू र पंचायत टिकाउन गरेको देखिन्छ । तर राजा वीरेन्द्रले आफ्नै निर्णयमा केही कदमहरू चाल्दा आर्थिक नाकाबन्दी नै खेप्नु पर्‍यो । यसरी पारिवारिक तथा निजी स्वार्थले राष्ट्रिय स्वार्थलाई विभिन्न कालखण्डमा चुनौतीपूर्ण र प्रत्यक्ष रूपमा ओझेलमा पारेको देखिन्छ ।

## ५. ३ विदेश नीतिमा मतैक्यताको प्रश्न

विगतमा छिमेकीहरुसंगको कूटनीतिक सम्बन्धमा समदूरी (Equi-distance), विशेष सम्बन्ध (Special Relations), भाइचाराको सम्बन्ध (Brotherly Relation), भू-सामिप्य वा समसामिप्य (Geo-proximity or Equi-proximity), ऐतिहासिक सम्बन्ध जस्ता शब्दावलीहरू प्रयोग गरियो र आधारभूत सिद्धान्तका रूपमा लिइने व्यवस्था भयो । तर छिमेकी भारतसंग उल्लेख्य रूपमा विश्वासको ढोका खोल्न सकिएन । असंलग्न (Non-Aligned) राष्ट्र भनियो तर वस्तुगत रूपमा विश्लेषण गर्ने हो भने असंलग्न रहन पनि सकिएन । वैदेशिक वस्तुहरूको बजारको रूपमा रहनु र भूमि सुधार व्यवस्था प्रभावकारी नरहनुको कारणले नेपाल इतिहासको हरेक काल खण्डमा सार्वभौमसत्ता सम्पन्न र स्वतन्त्र भएता पनि यस्तो अवस्थालाई कतिपय राजनीतिक विश्लेषकहरुले अर्ध-औपनिवेसिक (Semi-Colonial) र अर्ध- सामन्ती (Semi- Feudal) भनी व्याख्या गरेको पाइन्छ । सरकारी आँकडा अनुसार बीस लाख भन्दा बढी युवाहरू अहिले पनि भारत बाहेक विदेशमा काम गरिरहेका छन् । असंलग्नता र पंचशीलका सिद्धान्त एवं संयुक्त राष्ट्र संघ र सार्कका (SAARC) वडापत्रहरूका आधारमा सम-न्यायको (Equi-justice) अवधारणातिर उन्मुख विदेश नीति भनिएता पनि गुण र दोषको आधारमा अन्य देशहरूसंगको कूटनीति संचालन गर्न नसकिएकोले अब त्यसतर्फ काम गर्नुपर्ने आवश्यकता छ । तसर्थ परिवर्तित सन्दर्भमा नेपालको विदेश नीति सतर्कताका साथ राष्ट्रियहितको प्रवर्द्धनतर्फ उन्मुख हुनु पर्ने आवश्यकता बोध गरिएको छ । यस अर्थमा विदेश नीति वारे साझा राष्ट्रिय सहमति एवं मतैक्यता अनिवार्य छ ।

## ५.४ भूमण्डलीकरणको प्रभाव

विश्व व्यापार संगठन को सदस्य भएता पनि नेपालले वस्तुहरूको उत्पादन नगरी निर्यात बढाउन सक्दैन । औद्योगिक राष्ट्रहरू (G-8), विकसित एवं विकासशील राष्ट्रहरूको समूह (G-20), उदीयमान आर्थिक शक्तिहरू (BRICA) ले वस्तुहरूको उत्पादनमा पछाडि परेका राष्ट्रहरूलाई हतियार लगायत अन्य उपभोग्य वस्तुहरूको बजार क्षेत्र बनाइरहेको अवस्था छ । नेपाल सदस्य रहेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC), युरोपियन युनियन (EU), आसियान (ASEAN) र आपेक (APEC) जस्तो प्रभावशाली हुन सकेन । अति कम विकसित, त्यसमा पनि भूपरिवेष्टित (Land Locked Least Developed Country: LLLDC) देश नेपालमा पनि भूमण्डलीकरणको असर पर्नु स्वाविकै हो । यसको सकारात्मक पक्ष हुँदा-हुँदै पनि मूलत: व्यापार घाटामै सिंगो अर्थतन्त्र चल्नुले नेपाल आर्थिक रूपले परनिर्भर भएको हुँदा प्रभावकारी आर्थिक कूटनीतिको टड्कारो आवश्यकता भएको छ । परनिर्भरतालाई कम गर्दै स्वतन्त्र, आत्म निर्भर र सम-न्यायमा आधारित आर्थिक कूटनीति संचालन गर्नु आजको आवश्यकता हो ।

## ५.५ वैदशिक सहयोगको सदुपयोग [२३]

यथार्थमा भन्नुपर्दा अहिलेसम्मको नेपालको कूटनीतिक अभ्यास "डोको कूटनीति" जस्तो भएको छ । दातृ राष्ट्रले दिन्छन् भनेर लामो समयदेखि डोको थापियो, तर लगानीको धेरै अंश चाहिँ चुहियो ।

---

[२३] See: Bishnu Hari Nepal, "Nepal's Doko Diplomacy Must End", FIRE, Kathmandu, 23-30 October 2008, pp.1-3.

यसलाई गणतन्त्र आएपछि पनि सन्तोषजनक रूपमा रोक्न सकिएको छैन । वैदेशिक सहयोगको सदुपयोगबाट नेपालको कूटनीतिक स्थितिमा विश्वसनीयता बढ्न सक्छ ।

## ५.६ विगतका सन्धि र सम्झौताहरू

मित्रराष्ट्र चीनसँगका पछिल्ला सन् १८५६, [२४] सन् १९५६ र सन् १९६० का सन्धिहरू प्रमुख हुन् । ती सन्धिहरूमा पछिल्लोले अघिल्लोलाई विस्थापित गर्दै आएको छ । मित्र राष्ट्र भारतसित भएका सन् १९४७ को गोर्खा भर्ती सम्बन्धी त्रिपक्षीय सन्धि, सन् १८१६ को ब्रिटिश इण्डियासँग भएको “सुगौली सन्धि” जसलाई सन् १९५० को सन्धिले विस्थापित गरेको छ,[२५] सन् १९५४ को “कोशी संभौता”, सन् १९५९ को “गण्डक सम्झौता”, सन् १९६५ को “हतियार सम्बन्धी गोप्य संम्झौता” विवादित छन् । सन् १९९६ को महाकाली सन्धि (पञ्चेश्वर-टनकपुर प्याकेज) तत्कालीन संसद्को दुवै सदनले आफ्नो दृष्टिकोण सहित पारित गरेकोमा आजसम्म सोको कार्यान्वयन हुन नसकेको अवस्था छ । सन् २००४ को सार्क एपेक्स बोडि "साफ्मा नयाँ दिल्ली घोषणा पत्र” (SAFMA New Delhi Declaration)[२६] पश्चात् भारत सरकारले पटक-पटक पुनरावलोकनको लागि तयार रहेको आधिकारिक रूपमा जनाएता पनि यस विषयमा नेपालको तर्फबाट ठोस गृहकार्य सहित पहल हुन सकेको छैन ।

## ५.७ दक्षिण एशियाली क्षेत्रीय सुरक्षा र नेपाल

शीतयुद्ध कालदेखि अहिलेसम्म दक्षिण एशिया एउटा संवेदनशील क्षेत्रको रूपमा रहेको छ । विदेश नीतिका केही विद्वान्हरु छिमेकी परिवर्तन हुँदैन भन्ने मान्यता राख्दछन् तर भर्खरैको इतिहासमा यस क्षेत्रमा छिमेकीहरु पनि परिवर्तन भए । यस परिस्थितिमा पनि नेपाल आफ्नो स्वतन्त्र अस्तित्वका लागि निरन्तर सजग र सतर्कताको स्थितिमा रहनुपर्ने अवस्था बनेको देखिन्छ । विगत दुई दशकदेखि भुटानी शरणार्थी, सन् १९५९ देखि नै तिब्बती शरणार्थी र हाल आएर अफगानिस्तान, सुडान, सोमालिया आदि राष्ट्रहरूबाट आउने शरणार्थीहरूको बोझ पनि उठाउँदै आउनु परेको परिप्रेक्ष्यमा आजको विदेशनीतिको चुनौती पारस्परिक आशंकाको यथास्थितिवाद (Status-quoism) मा रहने कि क्षेत्रीय सुरक्षा वारे नयाँ परिभाषा सहित पारस्परिक विश्वासको अग्रगमनमा जाने भन्ने वीचको छनोट बन्न पुगेको छ ।

## ५.८ कूटनीतिक क्षमताको विकास

कूटनीतिमा दुस्साहस होइन, साहस हुनुपर्छ भन्ने मान्यता रहेको हुन्छ । विगतको नजिरलाई नै हेर्दा पनि सन् १९६९ मा राजा महेन्द्रले तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्ट मार्फत सन् १९५० को सन्धिलाई निष्कृय (Defunct) सन्धि भनेर किटान गरेका थिए । [२७] त्यही वर्ष नेपाल सुरक्षा परिषदको अस्थायी सदस्य निर्वाचित भएको र द्विपक्षीय समझदारीद्वारा नेपालको उत्तरी सीमाबाट भारतीय सुरक्षा निकायलाई फिर्ता पठाइएका महत्वपूर्ण घटनाहरु देखिन्छन् । सन् १९६२ मा नेपालको कालापानीमा भारतीय सैनिकको उपस्थिति भएको देखिएको छ, जो हालसम्म पनि कायमै छ । कूटनीतिक रूपमा हेर्दा सन् १९८८ मा संयुक्त राष्ट्र संघको शान्ति सेनामा नेपाली सेना सम्मिलित भएको समयमा संयुक्त राष्ट्रसंघ शान्ति सेनाले “नोवेल शान्ति पुरस्कार” प्राप्त गऱ्यो । सन् १९८९ मा नेपाल पुनः सुरक्षा परिषदमा अस्थायी सदस्य चुनिएको थियो । त्यसपछि नेपाल लगायत छिमेकीहरूसँग सम्बन्ध सुधार्न भारतले गुजराल डक्ट्रिन (Gujral Doctrine) ल्याएको देखिन्छ । अर्कातिर नेपालले “खम्पाविद्रोह”को सफल दमन गर्न सकेबाट राष्ट्रिय स्वाधीनताका सवालमा

---

[२४] Bhasin: 1994, Vol. I, pp. 23-27.

[२५] Avtar Singh Bhasin (edit), Nepal's Relations With India and China (1947-1992), Vol. 2, Siba Exim Pvt. Ltd., Delhi, 1994, p.38.

[२६] See: " Inter-state Conflicts in South Asia", SAFMA Regional Conference, NEW DELHI DECLARATION, 9-11 October, 2004.

[२७] See: The Rising Nepal, 24 June 1969.

नेपालको आत्म- विश्वासमा थप उर्जा प्राप्त भयो । सन् १९९० मा नेपालमा बहुदलीय व्यवस्था आइसकेपछि भएका उपलब्धि हेर्दा अति कम विकसित मुलुकहरु (एल.डी.सी.)को अध्यक्ष हुनु ठूलो अवसर हो भने संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा अस्थायी सदस्य (सन् २००६) र साधारण सभा अध्यक्ष (२०१०) मा भएको पराजय नेपालको कूटनीतिक कमजोरीको रूपमा देखिएको छ । यद्यपि शान्ति सेनामा नेपालको उच्च स्थान जारी रहेको छ। यी घटनाहरुले कूटनीतिक क्षमताको अभिवृद्धि गर्नुपर्ने आवश्यकता स्पष्ट हुन्छ ।

## ५.९ राजनीतिक अस्थिरता

राजनीतिक क्रान्तिको इतिहास हेर्दा क्रान्ति गर्नु भन्दा यसका आकाङ्क्षालाई संबोधन गर्ने र टिकाउने कुरा जटिल देखिन्छ । यस प्रक्रियामा उपयुक्त राष्ट्रिय नेताको आवश्यकता हुन्छ । आधुनिक इतिहासकै कुरा गर्दा भारतका गान्धी, चीनका माओ, भियतनामका हो चि मिन्ह, सिंगापुरका लि क्वान यू आदि नेता आफ्नो देश तथा विश्व राजनीतिक एवं आर्थिक क्रान्तिका द्योतक बने । नेपालमा यसको विकासको क्रमका बारेमा केही संकेत र चेतावनी विशेषज्ञहरूले संविधान सभाको चुनाव पछिका गतिविधिहरू हेरेरै निकै पहिला दिइसकेका थिए ।[२८] उदाहरणार्थ बी.पी.कोइरालाले इजरायल र पाकिस्तानलाई २०१६ सालमै मान्यता दिएर स्थापित गरेको नेपालको स्वतन्त्र व्यक्तित्व र कूटनीतिको उचाइबाट शिक्षा लिन सकेको भए राजनीतिक अस्थिरताबाट राष्ट्रिय स्वाधीनता माथि नै खतरा उत्पन्न हुने दिशातर्फ देश धकेलिने थिएन । अहिले पनि राजनीतिक अस्थिरताले विदेश नीतिमा असर पारेको अवस्था छ ।

## ५.१० अन्तरमन्त्रालय समन्वय र सम्बद्ध निकायहरूको भूमिका

परराष्ट्र, अर्थ, गृह र शिक्षा मन्त्रालयहरु, राष्ट्रिय योजना आयोग एवं अन्य सम्बद्ध निकायहरू बीचको समन्वयको अभाव पटक-पटक खड्किने गरेको पाइएको छ । त्यसैगरी परराष्ट्र मन्त्रालय र कूटनीतिक नियोगहरू, कन्सुलेटहरूले केही अपवाद बाहेक २१ औं शताब्दीको कूटनीतिक कौशल देखाउन असमर्थ रहेको देखिएको छ । जुन उद्देश्यले "परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान" गठन भएको थियो त्यो पनि पूरा हुननसकेको अवस्था छ । पर्यटन मन्त्रालय र अध्यागमन विभाग बीच खुल्ला भिसा प्रणाली र हाल नियंत्रित गरिएका बाह्र मुलुकका नागरिकहरूको सम्बन्धमा पनि मतैक्यता देखिंदैन ।

## ५.११ विदेश नीति निर्माणमा राष्ट्रिय सहमति

राष्ट्र रहे मात्र पार्टीहरूको अस्तित्व रहने हुनाले राष्ट्रको विदेश नीतिमा एक रूपता हुनु आवश्यक हुन्छ । यद्यपि खास विषयवस्तुहरूमा फरक नीतिहरू पनि हुनसक्छन् । नेपालको विदेश नीतिका सवालमा साझा राष्ट्रिय अवधारणा बन्न नसकेको अवस्था विद्यमान छ । सरकारका घटक, राजनीतिक दलहरूमै एवं नागरिकहरूमा फरक-फरक दृष्टिकोण रहँदै आएको छ। त्यसैगरी संघीय इकाइहरुको सीमांकनले पनि विदेश नीतिमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले ठोस राष्ट्रिय सहमति कायम गर्न जरुरी छ ।

## ५.१२ चुनौतिपूर्ण श्रम नीति

सरकारी तथ्याङ्क अनुसार नेपालबाट भारत बाहेक अन्य देशहरुमा बीस लाख भन्दा बढी नेपालीहरू कामको खोजीमा विदेशिने गरिरहेका छन् । कमजोर अर्थ व्यवस्थालाई विप्रेषण (Remittance) ले केही सघाउ पुऱ्याएता पनि देश निर्माणका कर्णधार युवाहरू निरन्तर विदेशिने स्थिति रहिरहेमा

[२८] See: Dr. Bishnu Hari Nepal, "Leadership Crisis in the Yougest Federal Democratic Republic of the World: Comprehensive Peace Agreement At the Brink of Zero-sum-Game", The Himal Today, Year-9, Issue 17, Kathmandu, 2066, pp.20-22 .

देशको आर्थिक रूपान्तरण कठिन हुन्छ । देशका सामु यो ठूलो चुनौति हो । यसको उपयुक्त विकल्पवारे अहिलेदेखि नै गम्भीरतापूर्वक विचार गर्नु आवश्यक छ ।

## ५.१३ खुला सीमा र सीमा कूटनीति

नेपालको मित्र राष्ट्र भारतसँग झण्डै १८०८ कि.मी.लामो खुला सीमाना रहेको छ । बृटिश-इण्डियासँग सन् १८१६ को सुगौली सन्धि पछिको सीमानामा पनि कूल ६०,००० (साठी हजार) हेक्टर नेपाली भूभाग अतिक्रमण भएको विज्ञहरूको दावी छ । कालापानीमा मात्रै ३७००० (सैतिस हजार) हेक्टर नेपालको भूमि भारतीय पक्षबाट ओगटिएको छ भन्ने छ [२९] भने सुस्तामा १४,००० (चौध हजार) हेक्टर भूमि भारतीय पक्षबाट अतिक्रमण भएको अनुमान छ । [३०] कालापानीका सवालमा भारतीय विदेश मन्त्रालयबाट सन् १९५२ र "बृटानिका एटलास्" बाट सन् १९६९ मा प्रकाशित लिपु लेक नेपाल भारत संयुक्त सीमाको रूपमा उल्लेख गरिएकाले कालापानी नेपाली भू-भाग हो भन्ने ठोस् प्रमाणको रूपमा देखिएको छ । [३१] दशगजा क्षेत्र जुन रूपमा खाली हुनु पर्ने हो सबै स्थानमा त्यसो हुन सकेको छैन । खुला सीमानाले आवागमन, बजार, दैनिकी आदिमा दुई देशका जनतालाई सहज त बनाएको छ तर चोरी, डकैती, कालोबजारी, सीमापार आतंकवाद, अतिक्रमण, चेलीबेटी बेचविखन, अपराधीकरण, अपहरण जस्ता विकराल समस्याहरू पनि बढेका छन् । भारतीय पक्षबाट "इण्डियन रिभर लिङ्किङ्ग प्रोजेक्ट" (IRLP) का नाममा विभिन्न सिमावर्ती स्थानमा बाँध निर्माण कार्य हुनुले भैंसालोटन र लक्ष्मणपुर लगायत अन्य १९ ठाउँमा वर्षा याममा नेपाली भूभाग र गाउँहरू डुवानमा पर्ने गरेका छन् । त्यसैगरी सुखा याममा विद्यमान सन्धि सम्झौता अनुसार पाउनु पर्ने पानी पनि नेपालले पाउन सकेको छैन । यसरी खुला सीमालाई व्यवस्थित राख्न कूटनीतिक तहबाट सक्रिय पहल गर्नु नेपालका निम्ति अनिवार्य जिम्मेवारी बनेको छ ।

## ५.१४ कूटनीतिक गोपनीयता एवं अभिलेख

गोप्य दस्तावेजहरूको अभिलेख एवं रेकर्ड र जिम्मेवारी विदेश नीतिका महत्वपूर्ण अंग मानिन्छन् । परराष्ट्र मन्त्रालयमा पुराना दस्तावेज, सन्धि, संझौताहरूको रेकर्ड र संवेदनशील सन्धि सम्झौताका मस्यौदाहरू गोप्य राख्ने विशेष व्यवस्थाको आवश्यकता छ ।

## ५.१५ सुपुर्दगी सन्धि (Treaty of Extradition)

नेपाली भूमिमा रहेको अन्य मुलुकको कुनै नागरिकलाई सम्बन्धित देशमा सुपुर्दगी गर्ने सम्बन्धमा छिमेकी लगायतका देशहरुसंग सन्धिको टुंगोमा पुग्न सकिएको छैन । भारतसँग सन् १९५३[३२] मा गरिएको व्यवस्था बाहेक अहिलेसम्म केही संशोधनहरू भएकाछन् । तर भारतले माग गरेको सन्धिमा हस्ताक्षर गर्नु अघि नेपालले गंभीरतापूर्वक गृह कार्य गर्नु आवश्यक छ । त्यस्तै चीनको स्वशासित क्षेत्र तिब्बतबाट गैर कानूनी रूपमा नेपाल प्रवेश गर्ने व्यक्तिलाई चीन सरकारलाई सुपुर्दगी गर्ने वा तेस्रो मुलुक भारत जान दिने सवालमा पनि "संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्च आयोगको कार्यालय" साथै "शरणार्थी सम्बन्धी उच्च आयुक्तको कार्यालय" र नेपाल सरकार बीच बारम्बार असहज स्थिति उत्पन्न हुने गरेको अवस्था पनि छ । नेपालले सही गरेका अन्तर्राष्ट्रिय सन्धि-परिसन्धिहरूमा आफ्नो प्रतिबद्धता जनाउँदा-जनाउँदै पनि सहज स्थिति भने देखिएको छैन । भुटानी

---

[२९] Buddhi Narayan Shrestha , Border Management of Nepal, Bhumichitra Co, Pvt. Ltd., 2003, p.165-175.

[३०] व्यवस्थापिका संसद् , अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समिति, कञ्चनपुर देखि झापा सम्म नेपाल - भारत सीमावर्ती क्षेत्रका समस्याग्रस्त स्थानहरुको अध्ययन भ्रमण प्रतिवेदन, २०६६, पे· नं· ५ ।

[३१] अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समिति, व्यवस्थापिका संसदलाई गृह मन्त्रालयबाट मिति २०६८/३/३० को च.नं. १७१७ को प्राप्त पत्र र संलग्न नक्साहरु अनुसार ।

[३२] See: Bhasin : 1994

शरणार्थीहरूलाई स्वदेशमा फिर्ता  गर्ने विषयलाई जति नै द्विपक्षीय भने पनि यसको सही र पूर्ण समाधानका लागि भारतको सकारात्मक दृष्टि र सहयोग अनिवार्य बनेको छ।

## ५.१६ प्राकृतिक स्रोत-साधनको उपयोग

भारतको गंगामा बग्ने पानी मध्ये सुख्खा याममा ७१% र वार्षिक सरदर ४१% पानी नेपालका कोशी, गण्डकी, कर्णाली र महाकाली जलप्रणाली (River Systems) बाट[३३] बग्ने गर्दछ। कूल क्षमता ८३००० देखि ८४००० मे.वा. विद्युत उत्पादन मध्ये आर्थिक रूपले संभाव्य ४५०००-५०००० मे.वा.विद्युत उत्पादनको क्षमता राख्ने देश नेपाल लोडसेडिङ्ग, सुख्खा, बाढी, भूक्षय, वनविनास लगायतका प्राकृतिक प्रकोपको सामना गरिरहेको छ। रोडा ढुंगा, बालुवा, काठ, जडीबुटी लगायत नेपालको पैदावार पनि अनियन्त्रित रूपमा निर्यात भैरहेको छ। यस विषयमा गंभीरतापूर्वक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन हुन नसकेको अवस्था छ। खासगरी माथिल्लो-तामाकोशी जस्तै राष्ट्रिय लगानीबाट ठूला-साना आयोजनाहरू परिचालन गर्नुपर्छ र विदेशीको मुख ताकेर बस्नु भन्दा प्राकृतिक स्रोतहरुलाई आफ्नै तरीकाले उपयोग गर्नेतिर ध्यान दिनुपर्छ। तराईमा रहेको पेट्रोलियम खानीलाई उचित वातावरण निर्माणको अभावका कारण विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न सकिएको छैन। नेपालले उपरोक्त विषयहरुमा आवश्यक पहलकदमी गर्नु आवश्यक छ।

## ५.१७ कूटनीतिक आचार संहिता पालन

राजधानी स्थित विदेशी नियोगका पदाधिकारीहरुले नेपालका संवेदनशील नाका तथा क्षेत्रहरूको अनियन्त्रित भ्रमण र संगठन विस्तार एवं दूतावासले सीधै विकास आयोजनाहरूको वितरण गर्ने प्रणालीले गर्दा राष्ट्रिय सुरक्षा मात्र नभएर क्षेत्रीय सुरक्षालाई नै चुनौती दिने घटनाहरूको पुनरावृत्ति हुनथालेको छ।  "खम्पाकाण्ड" घटिसकेको हाम्रो मुलुकमा उत्तरतिर मात्र नभएर दक्षिणतिरका नाकाहरू पनि संवेदनशील देखिन्छन्।

त्यसैगरी स्वदेशी नेता, कूटनीतिज्ञ तथा अधिकारीहरूले पनि जथाभावी विदेशी कूटनीतिज्ञ, पार्टीका नेता, सरकारी पदाधिकारीहरूसँग खुला भेटघाट, भ्रमण, राष्ट्रिय र निजी कार्यक्रमहरूमा सहभागी हुने परिपाटीले एकातिर तोकिएको व्यक्ति, तह र ठाउँभन्दा बाहिर जाँदा कूटनीतिक आचार संहिता भंग भैरहेको हुन्छ भने अर्कातिर देशको विदेश नीति, स्वाधीनता, राष्ट्रिय अखण्डता, गोपनीयता, राष्ट्रिय मर्यादामा समेत क्षति पुगिरहेको हुन्छ। हालसालै गृह [३४] र परराष्ट्र मन्त्रालयले[३५] यस विषयमा कूटनीतिक आचार संहिता जारी गरेका छन्। परराष्ट्र मन्त्रालय वैदेशिक नियोगका वारेमा भियना अभिसन्धिका आधारमा थप प्रष्ट हुनु पनि जरुरी छ।

## ५.१८ आत्मनिर्भर, परनिर्भर र अन्तरनिर्भरताको प्रश्न

आजको विश्वमा कुनै पनि देश सवै कुरामा आत्मनिर्भर छ भनेर भन्न सकिँदैन। उदाहरणार्थ अमेरिकाले उर्जा प्राप्तिका लागि खाडी मुलुकहरूमा संलग्नता जारी राखेको छ। जापानले कच्चा पदार्थ आयात गरेर वस्तुहरू पुन: तिनै देशहरूमा बेच्दछ। स्वीट्जर्ल्याण्डले दक्षिण अमेरिका, अफ्रिका आदि ठाउँबाट उपभोग्यवस्तुहरू आयात गर्दछ। तसर्थ आजको विश्व अन्तर निर्भरतामा आधारित छ। तर नेपालको चुनौती क्षेत्रीय भूसामिप्य, सामाजिक व्यवहार, भाषिक सामिप्यता, सांस्कृतिक आधारहरूलाई मापदण्ड बनाएर सानो देश ठूलो देशमाथि भरपरेको भन्ने मनोविज्ञान रहेको छ। यसलाई एउटा देश अर्को देशमाथि निर्भर रहेको भनी बुझ्नु भन्दा अन्तरनिर्भरता (Inter-dependance) को अवस्था हो भन्ने ठान्नु पर्दछ। सीमानामा उपभोग्य वस्तुहरूको खरिद गर्न

[३३] Dr. Bishnu Hari Nepal, "Nepal's National Water Plan and Regional Issues", Managing South Asia's Waters, SAPANA South Asian Studies Vol IV, Lahore, 2004, p.63.

[३४] Circular of the Ministry of Home Affairs, 2068. V.S.

[३५] Circular of the Ministry of Foreign Affairs, 2068. V.S.

दुवैतिरका नागरिकहरू सीमाना वारिपारि आउनेजाने गर्दछन् भने यो भूसामिप्यताको प्रतीक हो । यथार्थमा नेपालले पर्याप्त उपभोग्य सामानहरू दिन नसके पनि "सेतो मोती" (White Gem) को रूपमा रहेको जलप्रवाह त भारत तथा अन्य छिमेकी देशलाई अविरल प्रदान गरिरहेको छ । यसरी हेर्दा नेपाल भारत वा अन्य मुलुकमाथि भरपर्ने (Dependant) राष्ट्र हो भनेर किटान गर्न मिल्दैन । यस्तै कुरा उत्तरतिरको मित्र राष्ट्र चीन र अन्य राष्ट्रसँग पनि लागू हुन्छ । त्यसकारण अन्तरनिर्भरतालाई परनिर्भरता भन्ने मानसिकताबाट माथि उठ्नु आजको आवश्यकता हो ।

## ५.१९ शरणार्थी समस्या

वर्तमानमा नेपालको विदेश नीतिको अर्को जटिल चुनौतीका रूपमा शरणार्थी समस्या रहेको छ । झण्डै दुई दशक अघि नेपाल प्रवेश गरेका र आजसम्म करिब १२०,००० भुटानी शरणार्थीहरू मध्ये ४६,००० अमेरिका लगायत ८ मुलुकहरूले आश्रय दिई लगेका छन् भने हाल मुलुकमा ६५,००० देखि ६७,००० को संख्यामा बाँकी भुटानी शरणार्थीहरू छन् ।[३६] यिनीहरूलाई दुइटा क्याम्पहरू बेलडाङ्गी र शनिश्चरेमा केन्द्रित गर्ने राज्यले सोच बनाएको छ । शरणार्थीहरूलाई स्वदेश फिर्ता (Repatriation) को कार्यमा वाहृय कारणले गर्दा नेपाललाई सफलता प्राप्त भएको छैन ।

त्यसैगरी तिब्बती शरणार्थीको मामिलामा पनि सन् १९९३ को गणना अनुसार १३,००० को संख्या रेकर्ड गरिएको थियो तर हाल २०,००० भन्दा माथि रहेको राज्यको अनुमान छ ।[३७] हालै आएर सन् २००८ र त्यसपछि भएका तिब्बतीहरुको प्रदर्शनले नेपालको "एक चीन नीति" को कार्यान्वयनमा व्यवधान खडा गर्ने गरेको छ । भुटानी र तिब्बती शरणार्थीहरू मध्ये तिब्बतीलाई व्यापार गर्ने छुट दिइएको छ भने भुटानीलाई छैन । यस विषयमा नेपालले गंभीरतापूर्वक सोचेर कदम चाल्नु पर्ने देखिन्छ ।

## ५.२० गोर्खा भर्ती केन्द्र

गोर्खा भर्ती केन्द्रले युवाहरूलाई सानो रोजगारीको मौका त दियो तर वैदेशिक सैन्य शक्तिमा सेवा गर्दा सदैब राष्ट्रको शिर उँचो भएको छैन । बेलायतले गोर्खा सैनिकलाई नागरिकता नै दिने व्यवस्था गरेबाट नेपाल झन् घाटामा परेको छ र गोर्खा भर्ती सम्बन्धी राज्यको विदेश नीतिलाई पुनरावलोकन गर्नुपर्ने भएको छ । अन्ततोगत्वा गोर्खा सैनिक भर्ती बन्दै गर्नुपर्ने भएकाले सोको प्रक्रियामा नेपालले बैकल्पिक व्यवस्था गर्दै जानुपर्ने देखिन्छ ।

## ५.२१ जलवायु परिवर्तन र वातावरण संरक्षण

नेपालको कूल क्षेत्रफल १४७,१८१ वर्ग कि.मि. पृथ्वीको पूर्ण जमीनको अंश मध्ये ०.१% मात्र पर्दछ तर यसको जैविक विविधता (Bio-diversity) को भने विशिष्ठ स्थान रहेको छ । सन् १९८० को दशकमा यहाँको आरक्षित क्षेत्र केवल ८% मात्र थियो भने अहिले १८% छ र यो अंक एशियाकै उच्चतम अंक मध्येमा पर्दछ । फलतः नेपालमा विश्वका फूलफुल्ने विरुवाहरू (Flowering Plants) मध्ये २.०% भन्दा बढी पाइन्छन् । चराहरूमा त ८.०% भन्दा बढी नेपालमै छन् भने ४.०% भन्दा बढी स्तनधारी जनावरहरू नेपालमै छन् । त्यस्तै १०३ जाति-जनजातिहरू (Ethnic Communities) मध्ये ९१ वटाले (धेरैको आफ्नै लिपि भएको) आफ्नै भाषा बोल्दछन् । त्यसैले जैविक विविधताको विश्व मानचित्रमा नेपालको विशिष्ठ स्थान छ । तर औद्योगिक राष्ट्रहरूको अत्यधिक उत्पादन बृद्धिले गर्दा क्लोरो-ल्फोरो कार्बनको मात्रा (Amount of C-F-C) दिन पर दिन बढ्नाले पृथ्वीको तापक्रममा बृद्धिभई "हरितगृह प्रभाव" (Green House Effect) को शिकार नेपाल पनि भएकोछ । विश्व वन्यजन्तु कोष (WWF) को एक प्रतिवेदन अनुसार अमेरिकाको उपभोग्य वस्तुको उत्पादनको दर यस्तै कायम रहेमा ४.५ वटा अरू पृथ्वीहरू, सन् २००७ को जस्तो चीनको रहेमा १.२ अरू

---

[३६] गृह मन्त्रालयले मिति २०६८।३।३० मा "अन्तराष्ट्रिय सम्बन्ध र मानव अधिकार समिति"मा दिएको विवरण अनुसार ।

[३७] Ibid

पृथ्वीहरू र छिमेकी भारतको रहेमा ०.५ अरू पृथ्वीहरूको जरुरत पर्दछ । [३८] यसको प्रत्यक्ष असर हिमालयमा परेकाले दक्षिण एशिया सिंगै विश्वको संवेदनशील क्षेत्र घोषणा भएको छ । नेपाल आगामी ३० वर्ष भित्र अत्यन्त खतरायुक्त भनी तोकिएका मुलुकहरू मध्ये बंगलादेश र भारत पछि चौथो देशमा पर्दछ ।[३९] कोपनहागेन शिखर सम्मेलन (Copenhagen Summit) ले[४०] अति कम विकसित ४८ वटा राष्ट्रहरू (LDC's) लाई क्षतिपूर्ति स्वरूप ३०.० अर्ब डलर सन् २०१० र २०१२ को बीचमा कृषि, पूर्वाधार विकास, स्वास्थ्य र जनजीविकाका क्षेत्रमा प्रदान गरिने निर्णय गरेको थियो ।[४१] तर त्यसको प्रभावकारी वितरण हुन सकेन र पहिल्यै ऋणमा डुबेका अति कम विकसित मुलुकहरू त्यसमा पनि नेपाल जस्तो भू-परिवेष्टित अति कम विकसित मुलुकहरूलाई ऋण स्वरूप दिने भन्ने नीतिले ऋण माथि ऋण थोपार्ने योजना भएको छ । यसलाई अनुदानमा परिणत गरी ३०.० अर्ब डलरको चौथो पीडित राष्ट्रको अंश नेपालले पाउने गरी अति कम विकसित राष्ट्रको अध्यक्षको हैसियतले खेल्नु पर्ने कूटनीतिक भूमिका अत्यावश्यक देखिएको छ ।

---

[३८] WWF Report, 2010, Beijing

[३९] Maplecroft Report, 2010, *The Kathmandu Post*, 21.10.2010, p.4 .

[४०] December 2009

[४१] The Himalayan Times, 17 November 2010, P. 2

# भाग ६

# संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको विदेश नीति

"अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समिति" राज्यको प्रयोजनका लागि परिवर्तित सन्दर्भमा निम्नानुसार विदेश नीति सिफारिस गर्दछ :

## ६.१. मूल विदेश नीति

नेपालको राष्ट्रिय सुरक्षा, अखण्डता, स्वाधीनता र स्वतन्त्रता, सार्वभौमसत्ता, सीमाना, नागरिकहरूको सामाजिक तथा सांस्कृतिक मूल्य र मान्यताहरूको जगेर्नालाई सर्वोपरी राखी राष्ट्रिय हितका आधारमा सबै मित्रराष्ट्रहरूसंग सुसम्बन्ध कायम गर्दै आर्थिक रूपान्तरण र समृद्धिको दिशामा अघि बढ्न गुण र दोषको आधारमा द्विपक्षीय र बहुपक्षीय सम्बन्ध विस्तार गर्ने नीति सक्रिय रूपमा अपनाउने ।

## ६.२. विदेश नीतिको आधार

विदेश नीतिको निर्माणमा देशको भू-राजनीतिक, आर्थिक, सामाजिक, सामरिक, प्राविधिक अवस्थाहरूको विश्लेषण एकीकृत रूपमा तय हुनुपर्ने भएकाले इतिहासका विभिन्न कालखण्डमा आवश्यकता अनुसार अवलम्बन गरिएका विभिन्न रणनीतिहरू र संश्लेषणहरूबाट पाठ सिक्दै राष्ट्रहितका लागि नेपालले अब उप्रान्त एकीकृत विदेश नीतिको तर्जुमा गर्नु पर्ने । तसर्थ अब उप्रान्त नेपालले संयुक्त राष्ट्रसंघको बडा पत्र (UN Charter), असंलग्न आन्दोलन (Non-Aligned Movement-NAM) ले अभिप्रेरित गरेको असंलग्न विदेश नीति, पंचशीलको सिद्धान्त र दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको बडापत्र (SAARC-Charter) लाई सम्मान गर्दै स्वतन्त्र र आत्म निर्भर विदेश नीति अवलम्बन गर्नु पर्ने ।

## ६.३. विदेश नीतिको प्रमुख लक्ष्य

राष्ट्रिय सुरक्षा, स्वतन्त्रता र स्वाधीनताको रक्षा गर्दै आर्थिक संमृद्धि हासिल गर्नु नेपालको विदेश नीतिको प्रमुख लक्ष्य हुनेछ । यसका लागि आवश्यक पर्ने पूर्वाधारहरूको विकास, सम्बर्धन र संरक्षण गर्नु पर्ने ।

## ६.४. राष्ट्रिय हितको सर्वोपरि स्थान

एउटा राष्ट्रको जीवनमा व्यक्ति, परिवार, समुदाय वा सीमित क्षेत्रको हित मात्र नभएर समग्र राष्ट्रको हित नै राष्ट्रको जीवन भएकाले जनताको आकांक्षा अनुरूप संमृद्ध संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको विदेश नीतिले राष्ट्रिय हितलाई सर्वोपरी स्थानमा राख्नु पर्ने ।

## ६.५. छिमेकीहरुसँगको सम्बन्ध

दुई विशाल छिमेकीहरूसंग समानता र पारस्पारिक हितको आधारमा सुमधुर र घनिष्ट सम्बन्ध कायम गर्दै नेपालले स्वतन्त्र र आत्मनिर्भर विदेश नीतिको अवलम्बन गर्नु पर्ने ।

## ६.६ विदेश नीति निर्माणमा राष्ट्रिय सहमति

परिवर्तित सन्दर्भमा विदेशनीति निर्माणको कुरा गर्दा राष्ट्रिय सहमतिको आधारमा विदेश नीति निर्माण गरिने संस्कारको विकास गर्नु पर्ने ।

## ६.७ अन्तर्राष्ट्रिय कूटनीतिक पहल

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन लगायत नेपाल सदस्य रहेको संयुक्त राष्ट्र संघ तथा अन्य अन्तर्राष्ट्रिय संघसंस्थाहरूसितको घनिष्ट सम्बन्ध र सहकार्यबाट आर्थिक हित र नेपालको छवि माथि उठाउने कार्यका लागि अधिकतम पहल गर्नु पर्ने ।

## ६.८ लगानीको मूल नीति

प्राकृतिक स्रोत र साधन, खासगरी जलसम्पदा, जैविक विविधता, खनिज पदार्थ आदिको राष्ट्रहितमा उचित विकास र प्रयोग गर्नका लागि सकेसम्म राष्ट्रिय लगानीको उपयुक्त

वातावरण तयार पार्नु पर्ने । वैदेशिक लगानीका सम्बन्धमा उपयुक्त र नेपालको राष्ट्रिय हित हुने खालका छिमेकी तथा अन्य मुलुकका भरपर्दा लगानीलाई भने लगानी-मैत्री वातावरणको सृजना गरिने नीति लिनु पर्ने ।

### ६.९ आणविक हतियारहरुको निःशस्त्रीकरण

राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सुरक्षाका लागि आणविक निषेध सन्धि (CTBT) मा नेपालले हस्ताक्षर गरिसकेको परिप्रेक्षमा आणविक शस्त्रास्त्र तथा अन्य आम विनासकारी हतियारहरू (Weapons of Mass Destruction -WMD) को उत्पादन, भण्डारण, किनबेच तथा प्रयोगको विपक्षमा नेपाल उभिदै आएको छ र भविष्यमा पनि यो नीतिलाई निरन्तरता दिने ।

### ६.१० सीमा कूटनीति

मित्र राष्ट्र चीनसँग सीमा सम्बन्धी दोलखा जिल्लाको ५७ नं. को स्तम्भ सम्बन्धी समस्या बाहेक अन्यत्र खासै समस्या रहेको देखिदैन । मित्र राष्ट्र चीनसँगको सीमा सुरक्षा र अन्य व्यवस्थालाई सुदृढ गर्नु पर्ने देखिन्छ । मित्र राष्ट्र भारतसंगका सीमा समस्या र विवादका विषयमा निम्ननुसार कार्यहरू सम्पन्न गर्नेः

६.१०.१. नेपालको दक्षिणी सीमा क्षेत्रमा १८१६ को सुगौली सन्धि पश्चात् निर्मित जङ्गे पिलरहरूको अवस्था चिन्ताजनक भएको स्थितिलाई ध्यानमा राखी आधार नक्शा भिडाउँदै बढी विवाद देखिएका सुस्ता र कालापानी सहितका विवादहरूको समाधानका लागि वास्तविक सीमाना अंकित पुराना नापनक्साहरूका आधारमा सीमांकन, नक्सांकन, सत्यापन र व्यवस्थापन गरी सबै प्रकारका सीमा समस्याहरूको कूटनीतिक पहलद्वारा स्थायी रूपमा समाधान गर्ने ।

६.१०.२. विदेशी भूमिबाट अवैध ढङ्गले हतियार, जाली नोटको ओसार पसार, सीमापार आतंकवाद (Cross Border Terrorism) र अन्य अपराधजन्य क्रियाकलापहरू बढिरहेको परिप्रेक्षमा तुरुन्तै द्विपक्षीय सीमा सुरक्षामा कडाइको व्यवस्था गर्ने ।

६.१०.३. सीमा नियमन (Regulated Border) प्रभावकारी रूपमा लागू गर्ने ।

६.१०.४. दुवै मुलुकको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी स्थायी सीमाना नै बनाई नियन्त्रित सीमा (Controlled Border) बनाउँदा सुरक्षा लगायतका क्षेत्रमा दुवै मुलुकको हित हुने देखिएकाले आपसी सहमतिमा सोही अनुसार सीमा समस्याको समाधान गर्ने ।

६.१०.५. भारतीय नदी व्यवस्थापन आयोजना (IRLP) र अन्य निर्माण कार्यबाट उत्पन्न समस्या द्विपक्षीय सहमतिबाट समाधान गर्ने ।

६.१०.६. नेपाल-भारत सीमा संयुक्त प्राविधिक समिति पुनः गठन गरी सोहीमार्फत तुरुन्तै कार्य अगाडि बढाउने ।

६.१०.७. दशगजा क्षेत्रको अतिक्रमण हटाई सो क्षेत्र खाली गर्ने ।

६.१०.८ प्रत्येक दश वर्षमा सीमा अवस्था पुनरावलोकन गर्ने ।

### ६.११. सन् १९४७ को त्रिपक्षीय सन्धि र मित्र राष्ट्र भारतसितका अन्य सन्धिहरुका सम्बन्धमा

सन् १९४७ को गोर्खा भर्ती सम्बन्धी त्रिपक्षीय सन्धि, सन् १९५० को शान्ति तथा मैत्री सन्धि, कोशी सम्झौता, सन् १९५९ को गण्डक सम्झौता, सन् १९६५ को सेना सुदृढीकरण र हतियार खरिद सम्बन्धी संम्झौतालाई आपसी हितको संरक्षण हुने गरी परिमार्जन, पुनर्लेखन वा खारेज गर्ने वारे विषयवस्तु सहितको प्रस्ताव तयार गरी नयाँ सन्धिहरूद्वारा छिमेकी मित्र राष्ट्र भारतसँगको मित्रतालाई प्रगाढ बनाउने । साथै सन् १९९६ को महाकाली सन्धि (पञ्चेश्वर-टनकपुर प्याकेज) तत्कालीन संसद्को दुवै सदनले आफ्नो दृष्टिकोण सहित पारित गरेकोमा आजसम्म सोको कार्यान्वयन हुन नसकेको अवस्थालाई समेत ध्यानमा राखी पुनरावलोकन गर्ने ।

**६.१२. मित्रराष्ट्र चीनसितका सन्धिहरुका सम्बन्धमा**

मित्रराष्ट्र चीनसितको सन् १९६० को शान्ति तथा मैत्री सन्धि तथा सन् १९९९ को सांस्कृतिक सन्धि आजको सन्दर्भमा परिवर्तन गर्नु पर्ने भएकाले दुवै सन्धिहरूको ठाउँमा नयाँ सन्धिहरू गरी नेपालको राष्ट्रिय हितलाई ध्यानमा राखी मित्र राष्ट्र चीनसितको सम्बन्ध प्रगाढ बनाउने कार्य तुरुन्तै अगाडि बढाउने ।

**६.१३. दक्षिण एशियाली क्षेत्रीय जलविधि निर्माण**

मित्र राष्ट्र भारतको सन् २००२ देखि प्रभावकारी रूपमा कार्यान्वयन भैरहेको इण्डियन रिभर लिङ्किङ्ग प्रोजेक्ट तथा अन्य निर्माण कार्यले गर्दा नेपाल-भारत सीमा क्षेत्रमा वर्षा याममा नेपालतर्फको डुबानलाई माथिल्लो तटीय अधिकार (Upstream Rights) र तल्लो तटीय अधिकार (Downstream Rights) लाई दीर्घकालीन रूपमा व्यवस्थित गर्न दक्षिण एशिया र खासगरी नेपाल-भारत सीमा क्षेत्रलाई व्यवस्थित गर्न दक्षिण एशियाली क्षेत्रीय तटीय अधिकार जलविधि (South Asian Regional Riparian Rights Statutes : SA-RRR-S)[४२] को अभिसन्धिको आवश्यकता भएको देखिन्छ । यस अनुसार आपसी हितका लागि सीमा क्षेत्रमा निर्माण कार्य गर्दा सीमाबाट ८ (आठ) किलोमिटर भित्र निर्माण गर्नु पर्ने भए आपसी परामर्शबाट गर्नुपर्ने प्रावधानले सीमा क्षेत्रको डुबान तथा अन्य समस्याको निराकरण हुनेहुँदा तुरुन्तै यस अभिसन्धिको तयारीका लागि कार्य थालनी गर्ने । यसबाट आन्तरिक संघीय राज्य, तटबन्धीय राज्यहरू र क्षेत्रीय सम्बन्धित मुलुकलाई फाइदा पुग्ने भएकाले सोही अनुसार तुरुन्तै कार्य अघि बढाउने ।

**६.१४ प्राथमिकता क्षेत्र निर्धारण**

प्रभावकारी आर्थिक कूटनीति अगाडि बढाउन वैदेशिक लगानीको पनि महत्वपूर्ण भूमिका हुने भएकोले लगानी-मैत्री विदेश नीति तुरुन्तै निर्माण गर्ने । वाणिज्य, पर्यटन, यातायात, प्रविधि रूपान्तरण, जलविद्युत र कृषि लगानीका प्राथमिकता क्षेत्र निर्धारण गर्ने ।

**६.१५ संस्थागत सुधार**

परराष्ट्र मन्त्रालय नै अन्तर्राष्ट्रिय सम्बन्धलाई छिमेकी लगायत बाहिरि विश्वमा पुऱ्याउने एक मात्र माध्यम रहेकाले व्यापक संस्थागत सुधारको कार्यलाई पहिलो प्राथमिकता दिने । परिवर्तित सन्दर्भमा हाल विद्यमान कतिपय नियोगहरूको औचित्यको विश्लेषण गरी उक्त नियोगहरू राष्ट्रियहितलाई ध्यानमा राखी राख्ने वा नराख्ने भन्ने निर्णय गर्ने, साथै भविष्यमा खोल्ने नियोगहरूका लागि पनि उक्त प्रावधानलाई आधार मान्ने । संस्थागत सुधारका लागि निम्नानुसार कार्य अगाडि बढाउने :

६.१५.१ परराष्ट्र मन्त्रालयले विभिन्न मुलुकलाई हेर्ने क्षेत्रीय शाखालाई सक्षम र प्रभावकारी बनाउने ।

६.१५.२ सम्बन्धित मन्त्रालयसंग समन्वय गरी गणतन्त्र कोरिया, जापान, मलेसिया र अरव मुलुकहरू विशेषत: वैदेशिक रोजगारीका लागि नेपालीहरू गएका ठाउँहरूमा श्रम, पर्यटन, साँस्कृतिक सहचारीको व्यवस्था गर्ने ।

६.१५.३ वैदेशिक रोजगारी लगायत अध्ययन र अन्य पेशामा विदेश गएका नेपालीहरूको तथ्याङ्क राख्ने व्यवस्था गर्ने ।

६.१५.४ नेपाल सरकारको अनुमति बिना वैदेशिक रोजगारीमा कतिपय मुलुकमा बसेका नेपालीहरूको राजदूतावास मार्फत तथ्याङ्क लिई प्रकृया पुऱ्याई वैधानिकता प्रदान गर्ने नीति लिने ।

६.१५.५ अमेरिका, जापान, बेलायत, जर्मनी लगायत अन्य मुलुकहरूमा राजदूत/कर्मचारी पठाउँदा बहुआयामिक, योग्य र सक्षम व्यक्तिहरू पठाउने ।

---

[४२] See: SAARC Apex Body SAFMA New Delhi Declaration, 2004, Lahore, 2004.

६.१५.६ नेपाली राजदूत नियुक्तिका निमित्त निश्चित आधार र योग्यता तोकी संभावित व्यक्तिहरूको रोष्टर बनाउने । राजदूत नियुक्ति अगावै आवधिक तथा वार्षिक कार्ययोजना समेत प्रस्ताव गर्न लगाई सोही आधारमा निजको मूल्याङ्कन गर्ने । राजदूतहरूको प्रत्येक वर्ष क्षेत्रीय स्तरमा सम्मेलन गर्नु पर्ने साथै नियुक्त भएका राजदूतको आवधिक प्रतिवेदन लिने व्यवस्था गरी अपेक्षित भूमिका निर्वाह गर्न नसकेमा सोही आधारमा फिर्ता बोलाउने व्यवस्था समेत गर्ने ।

६.१५.७ परराष्ट्र सेवामा कर्मचारी नियुक्ति गर्दा सेवा अनुकूलका शैक्षिक योग्यता, दक्षता, तालिम लगायतका आधारहरू तोक्नु पर्ने ।

६.१५.८ कूटनीतिक नियोगमा विषयगत डेस्क खडा गरी यसमा रहने कर्मचारीहरु आफ्नो कामको निमित्त दक्ष तथा सूचनामूलक जानकारी सहितको बनाउन व्यावसायिक कर्मचारीहरुको व्यवस्था गर्नुका साथै नियोगको भूमिकाको आधारमा खास गरी वाणिज्य, श्रम, अध्यागमन र अर्थ जस्ता क्षेत्रहरुमा विज्ञ/विशेषज्ञहरुको पद राखी नियोगको संस्थागत विकास गर्ने । विदेश स्थित नेपाली कूटनीतिक नियोगहरूका कन्सुलर शाखालाई चुस्त-दुरुस्त बनाउने ।

६.१५.९ विशेषत: गाणतन्त्र कोरिया, जापान, मलेसिया र अरब मुलुकहरूमा वैदेशिक रोजगारीमा गएका नेपालीहरूका लागि विभिन्न समस्याहरू आइपर्ने भएकाले कन्सुलर सेवाको प्रभावकारिता बढाउन विशेष पहल गर्ने ।

६.१५.१० विदेशमा रहेका नेपाली संघ-संस्थाहरू, गैर-आवासीय नेपालीहरू, विभिन्न मुलुकमा रहेका नेपालका शुभेच्छुकहरु खास गरी उच्च नेतृत्वमा रहेका र उक्त मूलुकमा प्रभाव पार्न सक्ने नागरिकहरुको "नेपाल हितकारी समूह" बनाएर नेपालमको हितमा परिचालन गर्ने ।

६.१५.११ अन्तरमन्त्रालय वीच प्रभावकारी समन्वय गरी परराष्ट्र मन्त्रालय र यससँग आबद्ध निकायहरूलाई व्यापक सुधार गरी राजदूत नियुक्तिका प्रक्रियाहरूलाई पनि परिणाममुखी बनाउने ।

६.१५.१२ विश्वका महत्वपूर्ण शहरहरूमा आवश्यकता हेरी महावाणिज्य दूतावासहरू खोल्ने ।

६.१५.१३ अवैतनिक वाणिज्य/माहावाणिज्यदूत नियुक्ति गर्दा मुलुकको हित गर्नसक्ने नेपाली / गैर आवासीय नेपाली/विदेशीहरू मध्येबाट गर्ने ।

६.१५.१४ कोलकता तथा ल्हासा स्थित महावाणिज्य दूतावासहरूमा रहेको कर्मचारी संख्याको पुनरावलोकन गर्ने ।

६.१५.१५ मूल्यांकन प्रक्रियालाई प्रभावकारी नबनाएमा कूटनीतिक क्षेत्रमा ढिलासुस्ती वृद्धि हुने भएकाले वाह्य सम्पर्कका लागि एकद्वार प्रणाली (One Window Policy) लाई सशक्त बनाउने । वैदेशिक सम्बन्ध विस्तार कार्यको सम्पूर्ण जिम्मा परराष्ट्र मन्त्रालयलाई दिने ।

६.१५.१६ नेपालको कूटनीतिको पहिलो लक्ष नै नेपाल र नेपालीहरुको सुरक्षा र संरक्षण रहेको सन्दर्भमा अधिकतम संख्यामा नेपाली रहेका मुलुकहरुमा नेपालको दूतावासको स्थापना गर्नुपर्ने । जस अनुसार नेपालको कूटनीतिक उपस्थिति विस्तारमा ५ हजार भन्दा वढी नेपालीहरु रहेको मुलुकमा दूतावास खोल्न प्राथमिकता दिनु पर्ने । साथै नियोगका लागि कार्यालय सम्बन्धी आवश्यक तथ्याङ्क अद्यावधिक गर्ने ।

६.१५.१७ विदेश स्थित नेपालका वाणिज्य/ महावाणिज्य दूतावासहरू लगायत कूटनीतिक नियोगहरूमा भौतिक, आर्थिक, मानवीय स्रोत-साधनको व्यवस्था गर्ने ।

६.१५.१८ नियुक्त हुने पदाधिकारीहरूलाई प्रोटोकल लगायत आफ्नो काम, कर्तव्य र अधिकार सम्बन्धी तालिमको व्यवस्था गर्ने ।

६.१५.१९ परराष्ट्र मन्त्रालयमा गोप्य दस्तावेजहरूको अभिलेख सुरक्षित रूपमा राख्ने भरपर्दो व्यवस्था गर्ने ।

६.१५.२० नेपाल स्थित वैदेशिक कूटनीतिक नियोगहरू र स्वदेशी नेता, कूटनीतिज्ञ एवं पदाधिकारीहरूलाई प्रभावकारी रूपमा कूटनीतिक आचार संहिता पालना गर्न लगाउने ।

६.१५.२१ राज्यले कूटनीतिक नियोगहरू र निजी क्षेत्रका साथै गैरआवासीय नेपालीहरूको हाल विश्वका ५६ देशमा रहेको समन्वय समिति (NRN Co-ordination Committee) मार्फत उनीहरूको अन्तर्राष्ट्रिय सम्बन्ध र संपर्कलाई समन्वयात्मक रूपमा क्रियाशील बनाउँदै संमृद्ध र स्वावलम्बी नेपाल बनाउने महान् कार्यमा सहभागी गराई क्रियाशील बनाउँने ।

६.१५.२२ नेपालको कूटनीतिक विषयसंग आवद्ध हुने विभिन्न विषयगत क्षेत्रमा आवश्यक सहयोग पुऱ्याउन, विशेषज्ञताको अभिबृद्धि गर्न तथा आवश्यक परेको समयमा तुरुन्त परिचालन गर्न सकिने गरी नेपाल सरकारका विभिन्न मन्त्रालयमा रहेका कर्मचारी एवं निजी क्षेत्रका विशेषज्ञ र कूटनीतिक क्षेत्रमा क्रियाशील व्यक्तिहरु रहेको विषयगत कार्य समूह बनाउने । उदाहरणका लागि वैदेशिक सहायता विषयगत समूह, वाणिज्य विषयगत समूह, श्रम विषयगत समूह, सीमा व्यवस्थापन समूह, असंलग्नता विषयगत समूह, आर्थिक लगानी विषयगत समूह आदि ।

## ६.१६. वातावरण संरक्षण

कोपेनहेगेन शिखर सम्मेलन २००९ ले ४८ अतिकम विकसित मुलुकहरुका लागि सन् २०१० देखि २०१२ भित्र सहयोगको प्याकेज ३०.० अर्ब डलर विनियोजन गरेको सन्दर्भमा नेपाल विश्वकै चौथो[४३] अत्यन्त खतरायुक्त मुलुक भएकाले क्षतिपूर्ति स्वरूप उक्त प्राप्त हुने रकमलाई अनुदानमा परिणत गरी कृषि, स्वास्थ्य, पूर्वाधार निर्माण, जनजीविका आदिमा लगानी गर्ने । उक्त रकम प्राप्त गर्दा तत्काल नेपाललाई फाइदा पुग्ने भएको हुँदा आफू एल.डी.सी.को सक्रिय सदस्य (हाल अध्यक्ष) भएका बेला पहल गर्नु राम्रो भएकाले सो को कार्यान्वय गर्न तुरुन्तै कूटनीतिक पहल अघि बढाउने ।[४४]

## ६.१७ शरणार्थीका सम्बन्धमा

६.१७.१. भुटानी, तिब्बती र अन्य शरणार्थीहरूको भार नेपाललाई परिरहेको हुनाले ससंमान उनीहरूलाई आ-आफ्नो देशमा फिर्ता पठाउने कार्यलाई प्राथमिकता दिने । हाल अफगानिस्तान, सुडान, सोमालिया जस्ता देशहरूबाट शरणार्थीको चाप बृद्धि हुँदैगएको सन्दर्भमा उनीहरूको प्रवेश हुँदादेखि नै वास्तविक शरणार्थी भए नभएको बुझी उचित नियमन र निगरानी प्रभावकारी बनाउने ।

६.१७.२. अफगानिस्तान, सोमालिया, सुडान आदि देशबाट आउने शरणार्थीको चाप रोक्न आवश्यक नीति लिने ।

६.१७.३. भुटानी शरणार्थीहरूलाई उनीहरूको मुलुक भुटान स्वदेश फिर्ताको कार्य हालसम्म सम्पन्न गर्न नसकिएको परिप्रेक्ष्यमा तेस्रो मुलुकमा जाने व्यवस्थालाई अल्पकालीन रणनीतिको रूपमा स्वीकार्ने । बाँकीलाई भुटान फर्काउने कामका निम्ति द्विपक्षीय एवं बहुपक्षीय संवादका रुपमा कूटनीतिक क्रियाशीलतालाई जोड दिने ।

६.१७.४. तिब्बती शरणार्थीका हकमा नेपाल-चीन दौत्य सम्बन्धको "एक चीन" नीतिलाई खलल पुग्ने कुनै कार्य गर्न नदिइने शर्तमा मानवीय संरक्षण र व्यवहार दिने ।

---

[४३] See: Maplecroft Report, London, 2010, Ibid.

[४४] See: The Himalayan Times, 17 November 2010, Ibid.

६.१७.५. अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूलाई ध्यानमा राखी द्विपक्षीय र आवश्यकता परे त्रिपक्षीय सहमतिका आधारमा शरणार्थीहरूलाई आफ्नो देश फिर्ता पठाउने ।

६.१८. **भूमि प्रयोगको अनुमति**

नेपालले आफ्नो भूमि कुनै पनि मित्र राष्ट्र विरुद्ध प्रयोग गर्न नदिने ।

६.१९. **विद्युतीय रेल मार्ग सम्बन्धी विशेष नीति**

नेपालको हालको आर्थिक क्षमतालाई ध्यानमा राखी उत्तरी सीमा क्षेत्रहरूमा मित्रराष्ट्र चीनको सहयोगमा र दक्षिणी सीमा क्षेत्रहरूमा मित्रराष्ट्र भारतको सहयोगमा विद्युतीय रेलमार्ग निर्माणको प्रक्रिया अगाडि बढाउन तुरुन्तै कार्य थालनी गर्ने ।

६.२०. **श्रम कूटनीति**

६.२०.१ राज्यको आर्थिक रूपान्तरणको एक महत्वपूर्ण आधार युवा शक्तिलाई वैदेशिक रोजगारमा पठाइरहँदा हाललाई विप्रेषण (Remittance) आएता पनि अन्ततोगत्वा मुलुकलाई फाइदा नहुने भएकाले वैदेशिक रोजगारमा युवाहरूलाई पठाउनेवारे अल्पकालीन राष्ट्रिय नीति व्यवस्थित गर्ने र रोजगारीका पर्याप्त अवसरहरू सृजना गरी युवा शक्तिलाई देश भित्रै क्रियाशील राख्ने दीर्घकालीन वैदेशिक रोजगार श्रम नीति लिने ।

६.२०.२ लगानीकर्ताले नेपालमा उपलब्ध नहुने प्राविधिक जनशक्ति मात्र विदेशबाट ल्याउन पाउने तर अन्य जनशक्तिका हकमा नेपाली नै हुनुपर्ने व्यवस्था गर्ने ।

६.२०.३ नेपाली युवाहरूलाई विदेशमा रोजगारीमा पठाउनु अघि गन्तव्य मुलुकमा सुरक्षाको सुनिश्चितता र आवश्यक सीपमूलक तालीम सहित तात्कालिक, अल्पकालीन र दीर्घकालीन रोजगार नीति तय गरी वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने ।

६.२०.४ नेपाली श्रमिकहरु जुनसुकै मुलुकमा गए पनि उनीहरुको श्रम अधिकार सुनिश्चित गर्ने ।

६.२०.५ **गोर्खा भर्ती केन्द्र सम्बन्धी व्यवस्था**

राष्ट्रको मर्यादालाई हृदयङ्गम गरी बेलायत, भारत र अन्य देशहरूमा नेपाली युवाहरुलाई गोर्खा सैनिकका रूपमा भर्ना गरिने प्रक्रियालाई उपयुक्त वैकल्पिक व्यवस्था गरी अन्ततः पूर्ण रूपले बन्द गर्ने ।

६.२१. **आप्रवासी नेपाली सम्बन्धी व्यवस्था**

आप्रवासी नेपालीहरू (NRN) मार्फत आर्थिक-सामाजिक रूपान्तरणका लागि उपयुक्त लगानी र प्रविधि आकर्षित गर्न उपयुक्त नीति लिने ।

६.२२ **अति कम विकसित र भूपरिवेष्टित मुलुकको नैसंर्गिक अधिकार कायम गर्ने**

अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको आधारमा नेपालले अतिकम विकसित र भूपरिवेष्टित मुलुकले प्राप्त गर्ने जल, स्थल र हवाई मार्गहरूको निर्वाध प्रयोग गरी अन्तर्राष्ट्रिय सम्बन्ध, सम्पर्क, पर्यटन र व्यापारको प्रवर्द्धन गर्ने ।

६.२३. **आर्थिक सामाजिक रूपान्तरण**

जलस्रोतको क्षेत्रमा नेपाल एक धनी राष्ट्र रहेकाले जलस्रोत लगायत अन्य प्राकृतिक स्रोत र साधनको अधिकतम प्रयोग गरी देशको बदलिएको परिस्थितिमा जनचाहनानुरूप द्रुततर गतिमा आर्थिक-सामाजिक रूपान्तरण प्राप्त गर्न सो अनुरूपको विदेश नीति अवलम्बन गर्ने ।

६.२४.**नेपाल र दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन**

सार्कमा विश्व शक्ति राष्ट्रहरु पनि पर्यवेक्षकको रूपमा रहेको, मुख्यालय काठमाण्डौमै भएको र नेपाल दुई तीब्र आर्थिक विकास गरिरहेका मुलुकहरूको वीचमा रहेकाले बृहत् क्षेत्रीय सहयोगको माध्यमबाट नेपालले कूटनीतिक गतिविधिहरूलाई देशको द्रुततर आर्थिक विकासमा केन्द्रित गरी प्राप्त उपलब्धिहरूलाई अगाडि बढाउँदै लैजाने ।

### ६.२५. भूमण्डलीकरणको नकारात्मक प्रभावको न्यूनीकरण

भूमण्डलीकरणका कतिपय सकारात्मक पक्षहरू हुँदा-हुँदै पनि अति कम विकसित भूपरिवेष्टित राष्ट्र (LLLDC) ले भूमण्डलीकरणको नाममा ब्यहोर्नु परेका यसका नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्दै नेपाल भित्रै गार्हस्थ वस्तुहरूको उत्पादनमा अभिवृद्धि गरी छिमेकी र अन्य राष्ट्रहरूसँगको व्यापार घाटा कमगर्न निर्यात अभिवृद्धि गर्ने सक्रिय नीति राज्यले अवलम्बन गर्नु पर्दछ । यसका लागि प्रभावशाली आर्थिक कूटनीतिलाई विदेश नीतिको महत्त्वपूर्ण स्तम्भको रूपमा अघि बढाउनु पर्दछ। आजको विश्व परस्पर अन्तरनिर्भरताको आधारमा अघि बढिरहेको परिप्रेक्ष्यमा स्वतन्त्र एवं आत्मनिर्भर अर्थतन्त्रको गन्तव्यमा पुग्नका लागि देशको प्रचुर प्राकृतिक एवं मानव स्रोत र साधनको विकास गरी छिमेकी र अन्य मित्र राष्ट्रहरूसँग औद्योगीकरण र वाणिज्य स्थितिको सुधार गर्न क्रमश: वैदेशिक प्रत्यक्ष लगानी तथा अति सौविध्य प्राप्त व्यापारिक सन्धिको सुविधा प्राप्त गर्ने रणनीति अपनाउनु पर्छ । आर्थिक-सामाजिक रूपान्तरण नभइकन दिगो शान्ति पनि प्राप्त नहुने भएकाले देशलाई द्रुत गतिमा औद्योगीकरणतिर लैजाने नीति अनुरूप राष्ट्रिय लगानी अभिवृद्धि गर्न राज्यले तोकेका ठूला योजनाहरूमा राष्ट्रिय हितलाई ध्यानमा राखी लगानीकर्ताको सुरक्षा र मुनाफा फिर्ता लग्न पाउने अधिकार (Repatriation)लाई पनि सुनिश्चित गर्नुपर्छ । लगानी अभिवृद्धिका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा विश्वासको वातावरण सृजना गरिनु पर्दछ। वाणिज्य, पर्यटन, जल, स्थल र हवाई यातायातको विकास, प्रविधि रूपान्तरण (मानव संसाधन, कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास र वातावरण संरक्षण क्षेत्रमा) जल विद्युत र अन्य उर्जाको क्षेत्रमा लगानी अभिवृद्धि गर्न प्राथमिकता दिने ।

### ६.२६. विकास कूटनीति

आयोजनाहरूको उचित तर्जुमा, कार्यान्वयन, मूल्यांकन र सुपरिवेक्षण हुन नसक्दा ठूलो परिमाणमा राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीमार्फत भैरहेका आवधिक योजनाहरूको उचित सदुपयोग हुननसकी राष्ट्रिय र बाह्य छविमा पर्न गएका नकारात्मक प्रभावहरूलाई निर्मूल गर्ने । उचित दण्ड/सजाय र पुरस्कारको व्यवस्थाको माध्यमबाट भ्रष्टाचार निर्मूल पारी देशको द्रुत विकासको गति एवं छविलाई माथि उठाउन विकास कूटनीतिलाई प्राथमिकता दिने ।

### ६.२७. संघीयता र विदेश नीति

देश संघीयतामा गए पछि एउटा संघीय एकाइले अपनाउनु पर्ने विदेश नीति राष्ट्रिय विदेश नीतिसँग सम्बन्धित हुने भएकाले संघीय राज्यको विदेश नीति, सुरक्षा, सीमा निर्धारण, मुद्रा, सेना आदि केन्द्रीय सरकार मातहत रहने व्यवस्था गर्ने ।

### ६.२८. आत्म निर्भरताको नीति

दक्षिण एशियामा अहिलेसम्म नेपालले आफ्नो राष्ट्रियता विगतको उपनिवेशवादबाट पनि सुरक्षित राखी आएको अस्तित्व संरक्षणको रणनीति (Strategy for Survival) लाई सम्मान गर्दै नेपालले यथास्थितिवाद (Status-quoism) बाट समय सापेक्ष अग्रगमनतर्फ केन्द्रित गर्नुपर्ने आवश्यकता छ । प्राकृतिक स्रोत-साधनको उचित उपयोगबाट आत्मनिर्भरताको बाटोमा आर्थिक, सांस्कृतिक, क्षेत्रीय, भाषिक र कूटनीतिक रूपले नेपालको छवि माथि उठाउने नीति लिने ।

### ६.२९. आपसी हितको नीति

राष्ट्रियता, स्वतन्त्रता, स्वाधीनता जस्ता सवालहरूमा मुलुकको छवि उंचो राख्नसक्ने नेतृत्व सहित लोकतान्त्रिक राजनीतिक संस्कार एवं कूटनीतिक क्षमताको अभिवृद्धि गरी छिमेकी राष्ट्रहरू एवं अन्य राष्ट्रहरूसँग परस्पर सहयोग, अनाक्रमण, अहस्तक्षेप, सीमा सुरक्षा, आफ्नो भूमि अन्य मुलुक विरुद्ध प्रयोग गर्न नदिने र अन्तरनिर्भरतालाई आपसी हितमा प्रयोग गर्ने विदेश नीति लिने ।

**६.३० वैदेशिक नीति निमार्णमा नेतृत्वको विकास सम्बन्धी अवधारणा**

राजनीतिक नेतृत्व देशको विदेश नीति निर्माणको अत्यन्त महत्वपूर्ण अंग रहेको हुनाले निःस्वार्थी, आत्मनिर्भर, स्वाभिमानयुक्त र सक्षम नेतृत्व पंक्तिको विकास गर्ने ।

**६.३१ राजनीतिक स्थिरता र विदेश नीति**

स्थीर लोकतान्त्रिक राजनीतिक वातावरण तयार गर्न सिंगो नेतृत्व पंक्ति आत्मनिर्भर भई देश निर्माण कार्यमा लागिपरेमा यसले राष्ट्रिय विदेश नीतिको निर्माणमा मद्दत पुग्ने हुनाले सो अनुसार गर्नुपर्दछ । साथै स्थिर राजनीतिक वातावरण र खासगरी ठूलो वलिदान पछि प्राप्त भएको लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै यसलाई सबल बनाई अन्तर्राष्ट्रिय जगतमा नेपालको विश्वसनीयतालाई प्रस्तुत गर्ने ।

**६.३२ उच्चस्तरीय परामर्श परिषद्को व्यवस्था**

मुलुकको विदेश नीतिमा राष्ट्रिय सहमतिको अत्यन्त ठूलो भूमिका रहने भएकाले प्रभावकारी संयन्त्रका लागि कार्यकारी प्रमुखको अध्यक्षतामा विदेश मन्त्री, व्यवस्थापिका-संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानव अधिकार समितिका सभापति, पूर्व राजदूतहरू, पूर्व परराष्ट्र सचिवहरू, परराष्ट्रविद्हरू, विकास विज्ञहहरू मध्येबाट विदेश नीति निर्माणमा उच्चस्तरीय निकायको भूमिका निर्वाह गर्न "उच्चस्तरीय विदेश नीति परामर्शदातृ परिषद्" (High Level Foreign Policy Advisory Council) को गठन गर्ने ।

**६.३३. राष्ट्रिय सहमति**

विदेश नीतिमा राष्ट्रिय सहमति निर्माण गर्न राजनीतिक पार्टीहरू बीच सहमति जुटाउन बृहद् अन्तरक्रियाहरू मार्फत् अधिकतम् साझा कार्यक्रमहरू (Maximum Common Agenda) तय गर्ने ।

**६.३४.अन्तर्राष्ट्रिय संगठनहरूप्रतिको प्रतिवद्धता**

नेपालले संयुक्त राष्ट्र संघ लगायत अन्य अन्तर्राष्ट्रिय निकायहरूसँग हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय महासन्धि एवं सम्झौताहरूप्रति प्रतिवद्ध रहँदै तिनको तदारुकताका साथ कार्यान्वयन गर्ने । विश्व वैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, एशियाली विकास बैंक र विश्व व्यापार संगठन लगायतका अन्तर्राष्ट्रिय दातृ निकाय एवं अन्तर्राष्ट्रिय गैर सरकारी संघ-संस्थाहरूसंगको सम्बन्ध सुदृढ एवं विस्तार गर्दै नेपालको आर्थिक र सामाजिक विकासको पूर्वाधार निर्माण तथा गरिवी निवारण जस्ता कार्यहरूमा प्राथमिकताका साथ उनीहरूको सहयोग अभिवृद्धि गर्ने ।

**६.३५ आर्थिक कूटनीति**

आर्थिक कूटनीति संचालनको विषय ज्यादै गहन र दीर्घकालीन प्रकृतिको हुन्छ । यसको सफल संचालनका लागि अर्थ-राजनीतिक क्षेत्रको ज्ञान भएका व्यक्तिहरूलाई राजदूतको रूपमा चयन गर्नु बढी उपयुक्त हुन्छ । यस्तो अवस्थामा नेपालले अवलम्बन गर्ने आर्थिक कूटनीतिलाई पनि राष्ट्रिय रूपबाटै अग्रसरता र नेतृत्व लिई आफ्ना विदेश स्थित नियोगहरूलाई सहायकको रूपमा प्रयोग गर्दै निम्नानुसार व्यवस्था गर्ने :

६.३५.१. ठूला जलविद्युत आयोजनाहरूको विकासका लागि राष्ट्रिय पूँजीले नभ्याउने स्थितिमा नेपालको राष्ट्रिय हितलाई सर्वोपरी राखी वैदेशिक लगानीलाई प्रोत्साहित गर्ने ।

६.३५.२. मुलुकको हित हुने गरी औद्योगिक क्षेत्रमा विदेशी लगानी बढाउँदै लैजाने उद्देश्य अनुरूप देशभित्र सहमति कायम गरी भारत, चीन लगायत अन्य देशहरूसंग द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (Bilateral Investment Promotion and Protection Agreement) गर्ने । यस्तो सम्झौता गर्दा नेपाली लगानीकर्ता तथा गैर-आवासीय नेपाली लगानीकर्ताको लगानी संरक्षण सुनिश्चित गर्ने ।

६.३५.३. मित्रराष्ट्र चीनको ग्वान्जाउ र सियान गरी दुई स्थानमा नेपाली महावाणिज्य दूतावास कार्यालय खोल्ने अग्रसरता लिनु वान्छनीय देखिन्छ । ग्वाङडुङ प्रान्तको राजधानी ग्वान्जाउ एक प्रमुख आर्थिक व्यापारिक केन्द्र पनि हो । उता सियान, सान्सी प्रान्तको राजधानी हुनुको साथै बुद्धधर्म सम्बन्धी चीनकै एक प्रमुख ऐतिहासिक धार्मिक शहरका रूपमा प्रख्यात छ । मित्रराष्ट्र भारतको आर्थिक राजधानीका रूपमा ख्याति प्राप्त मुम्बई र हाम्रो दक्षिणी सीमा जोडिएको विहार राज्यको राजधानी पटनामा गरी थप दुई स्थानमा पनि महावाणिज्य दूतावास खोल्दा नेपालमा भारतीय पूँजी प्रविधिका साथै पर्यटन प्रवर्द्धन कार्यमा सघाउ पुग्ने हुँदा त्यसतर्फ आवश्यक पहल गर्ने ।

६.३५.४. भारत, चीन लगायत आवासीय नियोग नभएका देशका ठूला शहरहरूमा अवैतनिक वाणिज्यदूत/महावाणिज्यदूत नियुक्त गर्ने ।

६.३५.५. व्यापार सम्बन्धी सूचना संकलन गर्नुका साथै व्यापार मेला, प्रदर्शन आदि गतिविधि बढाउने ।

६.३५.६. व्यापारिक भिसा प्रक्रियालाई सरल पारी सरकारी र व्यापारिक सम्बन्ध बढाउने ।

६.३५.७. हाल स्थापित सुख्खा बन्दरगाह (Dry Port) को समुचित व्यवस्थापन र प्रभावकारी संचालन गर्दै देशको उत्तरी सीमातर्फ पनि सुखा बन्दरगाह निर्माण गर्ने कार्यलाई अघि बढाउने ।

६.३५.८. आर्थिक कूटनीतिमार्फत नेपालका विदेश स्थित कूटनीतिक निकायहरूलाई उनीहरू कार्यरत मुलुकहरूमा नेपालको पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने कार्यमा सक्रिय पार्नुका साथै छिमेकी मित्रराष्ट्रहरू भारत र चीन लगायत सार्क क्षेत्रका अन्य देशहरूमा हाम्रो प्रयास अझ बढी केन्द्रित एवं विस्तार गर्दा छिटो र कम खर्चमा बढी सफलता प्राप्त हुने देखिन्छ । यी मुलुकहरूमा नेपालको प्रयास अन्य कुराका अतिरिक्त पदयात्रा, पर्वतारोहण, खेलकुद, फिल्म सुटिङ, जलयात्रा, शैक्षिक, सांस्कृतिक छुट्टी मनाउने, मधुमास गन्तव्य आदिका लागि पनि नेपाल उपयुक्त भएको प्रचार प्रसार गर्नेतर्फ जोड दिनुपर्ने देखिन्छ । साथै नेपाली नियोगहरूले समय-समयमा नेपाली कला संस्कृतिका विविध पक्ष झल्काउने खालका साँस्कृतिक कार्यक्रमहरूको आयोजना गरी नेपालमा विदेशी पर्यटक भित्र्याउने कार्यमा सघाउ पुर्‍याउने ।

६.३५.९. नेपालका नदी नालाहरूको पानी दक्षिणतिर बग्दै भारतको गङ्गा नदीमा मिसिएर बंगलादेश हुँदै बंगालको खाडीमा पुग्छ । नेपालमा विद्युतको उत्पादन बढाउँदै सम्बन्धित देशहरूलाई पानी र विद्युत विक्री गर्ने व्यवहारिक नीति अवलम्वन गरी आपसी छलफलद्वारा कार्यान्वयन गरेको खण्डमा त्यसबाट प्रशस्त लाभ लिन सकिन्छ । साथै पानी र विद्युत उत्पादक देशका नाताले क्रेता देशसंग राष्ट्रिय हितका विविध पक्षमा वार्ता र छलफल गर्दा नेपालको प्रभाव र मोलतोल गर्ने शक्ति समेत बढ्ने भएकाले सोही अनुसार गर्ने ।

६.३५.१०. जलस्रोतको उपयोग सम्बन्धी नीति र सम्भाव्य परियोजनाका बारे निर्क्योल गरी नेपालका नियोगहरूमा पठाउँदा सम्बन्धित देशका लगानीकर्ता र अन्य वित्तीय संस्थासंग कुरा गर्न नेपाली नियोग प्रमुखहरूलाई निर्देशित गर्ने ।

६.३५.११. कृषि-वन क्षेत्रको विकासले देशमा औद्योगीकरणको जग पनि बलियो पार्न सघाउ पुर्‍याउने हुँदा सम्बन्धित देशमा रहेका नेपाली नियोगहरूलाई उनीहरूको अनुभवबाट सिक्न र खासगरी भारत, चीन र इजरायल जस्ता देशहरूबाट यस क्षेत्रमा प्राविधिक सहयोग लिन र उनीहरूको सहभागिता वृद्धि गराउने कार्यमा सक्रिय पार्ने ।

६.३५.१२. कृषि उत्पादन, वन पैदावार, जडिबुटी, भीरमह लगायत अन्य मौलिक नेपाली उत्पादनहरूको प्याटेन्टराईट प्राप्त गर्नका लागि नेपालले उच्च सतर्कता साथ तुरुन्तै पहल गर्ने ।

६.३५.१३. नेपाल-भारत बीच सम्पन्न पारवहन सन्धिका बारेमा हालसम्म प्रत्येक सात वर्षमा स्वत: नवीकरण हुने व्यवस्था रही आएकोमा अब उप्रान्त भूपरिवेष्टित राष्ट्रको समुद्रसम्म निर्वाध रूपमा आवतजावत गर्ने नैसंर्गिक अधिकार रहेकोले सो प्राप्त गर्नका लागि मित्र राष्ट्र भारतसँग कूटनीतिक पहल गर्ने ।

६.३५.१४ विगतमा भारतसँग भएको समझदारी अनुसार बंगलादेशसँग सम्झौता भई प्राप्त समुद्रसम्मको पहुँचलाई अझ प्रभावकारी बनाउने ।

६.३५.१५ पर्यटन आवागमनका दृष्टिले महत्वपूर्ण रहेका मुलुकहरूसंग नेपालको अधिकतम हित हुने ढंगले लचिलो हवाई सेवा सम्झौता गरी राष्ट्रिय ध्वजावाहकको सुदृढीकरण एवं क्षमता अभिवृद्धि सहित पर्यटकको उद्‍गम मुलुकहरूसंग सिधा हवाई सम्पर्कको व्यवस्था मिलाउनु पर्ने ।

६.३५.१६ नेपालमा अन्तर्राष्ट्रिय वायु सेवा कम्पनीहरूको स्थापना र संचालनमा गैर-आवासीय नेपाली तथा विदेशी लगानीकर्ताहरूलाई समेत प्रोत्शाहन गर्न कूटनीतिक पहल गर्नुका साथै प्रस्तावित “केपटाउन कन्भेन्सन” को अनुमोदन गरी हवाई सेवा क्षेत्रमा लगानी सुरक्षित हुने गरी विदेशी लगानीको वातावरण वृद्धि गर्ने ।

६.३५.१७ त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थललाई पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गर्न सकिने अवस्था छैन । त्यसैले काठमाडौं उपत्यका बाहिर एउटा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नका लागि कूटनीतिक माध्यमद्वारा अन्तर्राष्ट्रिय लगानीका लागि पहल गर्ने ।

६.३५.१८ एशिया प्रशान्त क्षेत्रमा निरन्तर बढ्दो ट्राफिकका कारण बंगालको खाडी हुँदै गएको हवाई ट्राफिक भिँडलाई दृष्टिगत गरी वैकल्पिक हवाई रुटको स्थापनाको विकास गर्न अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) ले सन् २००१ मा EMARSSH Project ल्याएको सन्दर्भमा नेपालको हवाई क्षेत्र भएर जाने तीनवटा हवाई रुटहरूको प्रस्तावलाई मूर्त रूप दिन नेपालले कूटनीतिक स्तरमा समेत सम्बद्ध मुलुकहरू विशेषत: भारत र चीनसंग गम्भीर पहल गर्ने ।

६.३५.१९ चीन सरकारले तिब्बत स्थित कैलाश मानसरोवर क्षेत्रमा आली विमानस्थल निर्माण गरी चेङ्दू तथा ल्हासाबाट नियमित हवाई सेवा संचलन गरिसकेको छ । नेपाल भई कैलाश मानसरोवर यात्रा गर्ने यात्रुहरूलाई लक्षित गरी काठमाण्डौं तथा सिमिकोटबाट आली विमानस्थलमा हवाई सेवा संचालन गर्ने बारे कूटनीतिक पहल गर्ने ।

## ६.३६. विदेशी नागरिकहरूको सुपुर्दगी

६.३६.१ समन्याय, स्वतन्त्रता र पारस्पारिक हितका आधारमा मित्रराष्ट्रहरूसंग सुपुर्दगी सन्धि गर्ने ।

६.३६.२ विदेशी नागरिकहरूको सुपुर्दगी (Extradition)का विषयमा द्विपक्षीय सन्धिका आधारमा सम्बन्धित देशका नागरिकहरूको आदान प्रदान गर्ने ।

## ६.३७. विदेशमा रहेका नेपालीहरूको सुरक्षा

विदेशमा रहेका नेपालीहरूको सुरक्षा, न्याय र सम्मानको सुनिश्चितता गर्न अन्तर्राष्ट्रिय क्षेत्रमा विशेष कूटनीतिक पहल गर्ने । [४५]

## ६.३८. क्षेत्रीय सहयोग सम्बन्धी विशेष प्रस्ताव

एक्काइसौं शताब्दी “एशियाली शताब्दी” हुने भन्ने विज्ञहरूको अनुमान अनुरूप दक्षिण एशियाको सामरिक महत्वलाई ध्यानमा राखी “दक्षिण एशियाली जलमार्ग” (NIBB-CAP Water Ways 21st Century Multi-purpose Project)[४६] विकासको अवधारणालाई मूर्तरूप

[४५] See: "Human Security and Extremism in Nepal: Synergy and Conflict," Human Security Approach To Counter Extremism in South Asia: Relevance of Japanese Culture, BIISS, Dhaka, 2010, pp.136-159.

[४६] See. "Managing Nepalese Waters", South Asian Journal, No.8, SAJ Pub, Lahore, 2005, pp.44-54.

दिन नेपालले कोशी, नारायणी, कर्णाली आदि नदीहरूसम्म बंगालको खाडीबाट पानी जहाज आवागमन गराउने दीर्घकालीन योजनाको सर्भेक्षण, अनुगमन, प्रस्ताव र क्रियान्वयनलाई अभिप्रेरित गरी अघि बढ्दा नेपाल र सिंगो दक्षिण एशिया क्षेत्रलाई नै फाइदा हुने भएकाले आपसी क्षेत्रीय सहयोगमा क्षेत्रीय जलमार्गको अवधारणालाई अगाडि बढाउने ।[४७] यसबाट नेपाल र भुटानले समुद्रसम्म पुग्न सहज मार्ग प्राप्त गर्ने छन् र अन्य तटीय देशहरूलाई पनि अत्यधिक फाइदा हुने देखिन्छ ।

६.३९. **विश्व शान्ति स्थापना कार्यमा योगदान**

६.३९.१ संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कार्यको अभियानमा नेपालको गौरवपूर्ण स्थानलाई अझ माथि उठाउने ।

६.३९.२ नेपालमा संयुक्त राष्ट्र संघीय शान्ति सेनाको अन्तर्राष्ट्रिय मान्यता प्राप्त क्षेत्रीय तालीम केन्द्रको स्थापना गर्ने कार्य अघि बढाउने ।

६.३९.३ गौतम बुद्ध नेपालको मात्र निधि नभएर विश्वकै साझा निधि भएकाले उहाँको जन्मस्थल-नेपालको लुम्बिनीको विकास, सम्बर्द्धन, संरक्षण कार्य तदारुकताका साथ अगाडि बढाई राष्ट्रको गौरव र मर्यादालाई अझ विस्तृत रूपमा वाहिरी विश्वमा पुऱ्याउने । शान्तिका अग्रदूत (Apostle for Peace) बुद्धको विचारको खाँचो सर्वत्र देखिन थालेकाले नेपालले बुद्धलाई "ब्रह्माण्डका ज्योति" (Light of the Universe) घोषणा गराउन गरेका विगत देखिका प्रयत्नलाई निरन्तरता दिई त्यसलाई सफल पार्न सक्रिय कूटनीतिक पहल गर्ने ।

६.४०. **समन्याय प्रणालीमा अडिग रहने**

विश्वको कुनै पनि भागमा कुनै पनि किसिमको वहानामा कुनै पनि जाति, भाषा, समुदाय, वर्ण, वर्ग, लिंग, क्षेत्र, संस्कृति माथि हुने सवै प्रकारका विभेदकारी नीति र हस्तक्षेपको विरोध गर्ने नीति लिने ।

६.४१. **सम्बन्ध विस्तारको छनौट**

छिमेकीहरूका अतिरिक्त नेपालको विकासका सहयात्री लगायतका मुलुकहरू तथा अन्तर्राष्ट्रिय संघ-सस्थाहरूसंग द्विपक्षीय, क्षेत्रीय र अन्तरराष्ट्रिय रूपमा आपसी हितलाई ध्यानमा राखी सम्बन्ध सुदृढ र विस्तार गर्ने ।

---

[४७] See: Energy Cooperation in South Asia, SAPANA-V, Pakistan, 2006, pp. 268.

# परिशिष्ट खण्ड

## परिशिष्ट-१

### नेपालको कूल व्यापार अंश (प्रतिशतमा)

| | आ.व. ०६४।६५ | आ.व. ०६५।६६ | आ.व. ०६६।६७ | आ.व. ०६७६८* |
|---|---|---|---|---|
| १ भारत | ६४.४ | ५७.२ | ५६.१ | ६७.५ |
| २ अन्य मुलुक | ३५.६ | ४२.८ | ४३.९ | ३२.५ |
| **नेपालको कूल निर्यातमा अंश (प्रतिशतमा)** | | | | |
| १ भारत | ६८.२ | ६०.९ | ६४.४ | ६६.९ |
| २ अन्य मुलुक | ३१.८ | ३९.१ | ३५.६ | ३३.१ |
| **नेपालको कूल आयातमा अंश (प्रतिशतमा)** | | | | |
| १ भारत | ६३.४ | ५६.३ | ५४.७ | ६७.६ |
| २ अन्य मुलुक | ३६.६ | ४३.७ | ४५.३ | ३२.४ |

नोट * अपरिष्कृत

स्रोत :आर्थिक सर्वेक्षण २०६७६८, अर्थ मन्त्रालय भाग १

## परिशिष्ट-२

### छिमेकी मुलुकहरूको आर्थिक-सामाजिक परिसूचाङ्क

| क.सं. | देश | जनसंख्या १० लाखमा सन् २००८ | प्रतिव्यक्ति कूल राष्ट्रिय आय अ. डलर सन् २००८ | क्रशक्तिको आधारमा प्रतिव्यक्ति राष्ट्रिय आय अ. डलरमा | गरिवीको रेखा मूनिको जनसंख्या दैनिक १.२५ अ.ड. को आधारमा % | जन्मको आधारमा सरदर आयु सन् २००७ | | साक्षरता % १५ बर्ष माथि सन् २००७ |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पुरुष | महिला | |
| १ | अफगानिस्तान | | | | | | | |
| २ | भारत | ११४० | १०७० | २९६० | ४९·४ | ६३ | ६६ | ६६ |
| ३ | भुटान | ०·६९ | १९०० | ४८०० | – | ६४ | ६८ | ५३ |
| ४ | नेपाल | २९ | ४००* | ११२० | ६८·४ | ६३ | ६४ | ५७ |
| ५ | पाकिस्तान | ११६ | ९८० | २७०० | ३५·९ | ६५ | ६६ | ५४ |
| ६ | बङ्गलादेश | १६० | ५२० | १४४० | ५७८ | ६५ | ६७ | ५३ |
| ७ | माल्दीभ्स | ०·३१ | ३६३० | ५२८० | – | ६८ | ६९ | ९७ |
| ८ | श्रीलङ्का | २० | १७९० | ४४८० | १६·३ | ६९ | ७६ | ९१ |
| ९ | चीन | १३२६ | २९०० | ६०२० | २८·४ | ७१ | ७५ | ९३ |

श्रोत : वर्ड डेभलपमेन्ट रिपोर्ट, द वर्ड बैक, २०१०

*०६७६८ को प्रथम आठ महिनाको अनुमानित प्रतिव्यक्ति राष्ट्रिय आय अमेरिकी डलर ६४५ रहेको आर्थिक सर्वेक्षण २०६७६८ मा उल्लेखित छ ।

## परिशिष्ट-३

### छिमेकी मुलुकको आर्थिक वृद्धिदर (वार्षिक प्रतिशत परिवर्तन)

| क्र.सं. | देशहरू/वर्ष सन्मा | २००८ | २००९ | २०१० | प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | | | | | २०११ | २०१२ |
| १ | चीन | ९.६ | ९.२ | १०.३ | ९.६ | ९.५ |
| २ | अफगानिस्तान | ३.६ | २०.९ | ८.२ | ८.० | ७.५ |
| ३ | बङ्गलादेश | ६.० | ५.८ | ६.० | ६.३ | ६.६ |
| ४ | भुटान | ३.० | ८.७ | ६.७ | ६.५ | ६.० |
| ५ | भारत | ६.२ | ६.८ | १०.४ | ८.२ | ७.८ |
| ६ | माल्दीभ्स | १२.६ | -४.८ | ८.० | ६.० | ५.० |
| ७ | पाकिस्तान | १.६ | ३.४ | ४.८ | २.८ | ४.० |
| ८ | श्रीलङ्का | ६.० | ३.८ | ९.१ | ६.९ | ६.५ |
| ९ | नेपाल | ६.१ | ४.४ | ४.६ | ४.५ | ३.८ |

स्रोत :- अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व परिदृश्य, अप्रिल २०११
साभार :- आर्थिक सर्वेक्षण आ.ब. २०६७६८

## परिशिष्ट-४

### आर्थिक कूटनीतिको लागि बिगत आ.व. देखि हाल सम्मको राजदूतावासगत वजेट निकासा विवरण

| क्र.सं. | राजदूतावासहरू | कार्यक्रम खर्च | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | आ.व.२०६४/०६५ | आ.व.२०६५/०६६ | आ.व.२०६६/०६७ | आ.व.२०६७/०६८ | | |
| १ | नेपाली राजदूतावास, अबुधाबी | ५००,०००.०० | १,०००,०००.०० | ३००,०००.०० | ५००,०००.०० | २,३००,०००.०० | |
| २ | नेपाली राजदूतावास, बैंकक | २००,०००.०० | ९००,०००.०० | १,०००,०००.०० | १,२००,०००.०० | ३,३००,०००.०० | |
| ३ | नेपाली राजदूतावास ब्राजिल | ०.०० | ०.०० | ३००,०००.०० | १,८००,०००.०० | २,१,००,०००.०० | |
| ४ | नेपाली राजदूतावास वर्लिन | ६००,०००.०० | २,२९८,६६२.०० | १,८००,०००.०० | ५००,०००.०० | ५,१९८,६६२.०० | |
| ५ | नेपाली राजदूतावास वेभ्फिङ | ४००,०००.०० | १,५००,०००.०० | १,०००,०००.०० | १,८००,०००.०० | ४,७००,०००.०० | |
| ६ | नेपाली राजदूतावास व्रसेल्स | ४००,०००.०० | ७००,०००.०० | ९००,०००.०० | १,२००,०००.०० | ३,२००,०००.०० | |
| ७ | नेपाली राजदूतावास कायरो | ३००,०००.०० | ३००,०००.०० | ४००,०००.०० | ५००,०००.०० | १,५००,०००.०० | |
| ८ | नेपाली राजदूतावास क्यानाडा | ०.०० | ०.०० | ३००,०००.०० | ०.०० | ३००,०००.०० | |
| ९ | नेपाली राजदूतावास क्यानवेरा | ६००,०००.०० | १,७००,०००.०० | १,५००,०००.०० | १,७००,०००.०० | ५,५००,०००.०० | |
| १० | नेपाली राजदूतावास कोपन्हेगेन | ४००,०००.०० | १००,०००.०० | १,२००,०००.०० | १,२००,०००.०० | ३,८००,०००.०० | |
| ११ | नेपाली राजदूतावास कोलम्बो | २००,०००.०० | ६००,०००.०० | ५००,०००.०० | ६००,०००.०० | १,९००,०००.०० | |
| १२ | नेपाली राजदूतावास ढाका | १००,०००.०० | ५००,०००.०० | ५००,०००.०० | ५००,०००.०० | १,६००,०००.०० | |
| १३ | नेपाली राजदूतावास दोहा | २००,०००.०० | ७००,०००.०० | ७००,०००.०० | ७००,०००.०० | २,३००,०००.०० | |
| १४ | नेपाली राजदूतावास इस्लामावाद | ०.०० | ३००,०००.०० | ५००,०००.०० | ७००,०००.०० | १,५००,०००.०० | |
| १५ | नेपाली राजदूतावास क्वालालम्पुर | ०.०० | ५००,०००.०० | ८००,०००.०० | ८००,०००.०० | २,१००,०००.०० | |
| १६ | नेपाली राजदूतावास कुवेत | ०.०० | ०.०० | ३००,०००.०० | ४००,०००.०० | ७००,०००.०० | |
| १७ | नेपाली राजदूतावास लण्डन | ५००,०००.०० | १,३००,०००.०० | १,५००,०००.०० | १,०००,०००.०० | ४,३००,०००.०० | |
| १८ | नेपाली राजदूतावास मस्को | ३००,०००.०० | ३००,०००.०० | ५००,०००.०० | ५००,०००.०० | १,६००,०००.०० | |
| १९ | नेपाली राजदूतावास नयाँदिल्ली | ०.०० | १,८००,०००.०० | २,२००,०००.०० | ३,०००,०००.०० | ७,०००,०००.०० | |
| २० | नेपाली राजदूतावास पेरिस | ०.०० | ६००,०००.०० | ८००,०००.०० | १,०००,०००.०० | २,४००,०००.०० | |
| २१ | नेपाली राजदूतावास रियाद | ०.०० | ६००,०००.०० | ०.०० | ७००,०००.०० | १,३००,०००.०० | |
| २२ | नेपाली राजदूतावास सिउल | ५००,०००.०० | १,६००,०००.०० | १,२००,०००.०० | १,३००,०००.०० | ४,६००,०००.०० | |
| २३ | नेपाली राजदूतावास द.अफ्रिका | ०.०० | ०.०० | ३००,०००.०० | ५००,०००.०० | ८००,०००.०० | |
| २४ | नेपाली राजदूतावास टोकियो | ६००,०००.०० | १,९००,०००.०० | २,१००,०००.०० | २,०००,०००.०० | ६,६००,०००.०० | |
| २५ | नेपाली राजदूतावास तेल अबिव | ०.०० | ५००,०००.०० | ७००,०००.०० | ८००,०००.०० | २,०००,०००.०० | |
| २६ | नेपाली राजदूतावास वासिङ्गटन | ६००,०००.०० | ८००,०००.०० | १,२००,०००.०० | २,०००,०००.०० | ४,६००,०००.०० | |
| २७ | नेपाली राजदूतावास याङगुन | २००,०००.०० | ३००,०००.०० | १,३००,०००.०० | ४००,०००.०० | २,२००,०००.०० | |
| **जम्मा** | | **६,६००,०००.००** | **२१,६९८,६६२.००** | **२३,८००,०००.००** | **२७,३००,०००.००** | **७९,३९८,६६२.००** | |

स्रोत :- आर्थिक प्रशासन शाखा, परराष्ट्र मन्त्रालय

## परिशिष्ट-५

## आर्थिक कूटनीतिको लागि विगत चार वर्षमा स्थायी नियोग र महावाणिज्यदूतावासमा बजेट निकासा विवरण

| क.सं. | राजदूतावासहरू | कार्यक्रम खर्च | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | आ.व.२०६४/०६५ | आ.व.२०६५/०६६ | आ.व.२०६६/०६७ | आ.व.२०६७/०६८ | | |
| १ | महावाणिज्यदूतावास कोलकोता | ३००,०००.०० | ५५०,०००.०० | ६००,०००.०० | ६००,०००.०० | २,०५०,०००.०० | |
| २ | महावाणिज्यदूतावास ल्हासा | ०.०० | ३००,०००.०० | ४००,०००.०० | ४००,०००.०० | १,१००,०००.०० | |
| ३ | महावाणिज्यदूतावास हङकङ | २००,०००.०० | १,०००,०००.०० | ८००,०००.०० | ६००,०००.०० | २,६००,०००.०० | |
| ४ | स्थायी नियोग जेनेभा | ३००,०००.०० | ४००,०००.०० | ८००,०००.०० | ९००,०००.०० | २,४००,०००.०० | |
| ५ | स्थायी नियोग न्यूयोर्क | ०.०० | १,०००,०००.०० | १,२००,०००.०० | १,२००,०००.०० | ३,४००,०००.०० | |
| **जम्मा** | | ८००,०००.०० | ३,२५०,०००.०० | ३,८००,०००.०० | ३,७००,०००.०० | ११,७००,०००.०० | |

स्रोत :- आर्थिक प्रशासन शाखा, परराष्ट्र मन्त्रालय

## परिशिष्ट-६

## वैदेशिक रोजगारको अवस्था (०६८ जेष्ठ मसान्त)

| क.सं. | वैदेशिक रोजगारका प्रमुख गन्तब्य मुलुकहरू | २०६८ जेष्ठ सम्मको कूल संख्या |
|---|---|---|
| १ | मलेसिया | ६,६६,१५५ |
| २ | कतार | ५,६५,३२९ |
| ३ | साउदी अरब | ३,९०,६६३ |
| ४ | संयुक्त अरब इमिरेट्स | २,५२,९३३ |
| ५ | बहराइन | २६,३९७ |
| ६ | कुबेत | ३६,९६० |
| ७ | ओमन | १३,४६९ |
| ८ | गणतन्त्र कोरिया | ९,५६१ |
| ९ | लेबनान | १०,०२१ |
| १० | इजरायल | ५,७१७ |
| ११ | अन्यराष्ट्रहरू | ५०,०३८ |
| **कूल जम्मा** | | **२०,३६,३१९** |

**स्रोत** :- श्रम तथा यातायात व्यवस्था मन्त्रालय, नेपाल सरकार

**परिशिष्ट-७**

## छिमेकी मुलुकहरूसंग नेपालको व्यापार (सन् २००९।१०)

| क्र.सं. | देशहरू/वर्ष सन्मा | निर्यात | आयात | व्यापार घाटा रु. ,००० मा |
|---|---|---|---|---|
| १ | भारत | ३९,९०२,८११ | २१४,२६१,१०९ | १७४,३५८,२९८ |
| २ | बङ्गलादेश | ३,३७३,७१८ | ७६४,८३० | +२,६०८,८८८ |
| ३ | भुटान | १,५५४,८२४ | १३३,१५२ | +१,४२१,६७२ |
| ४ | माल्दीभ्स | २८९ | – | २८९ |
| ५ | पाकिस्तान | ७८,९७१ | २८१,२४० | २०२,२६९ |
| ६ | श्रीलङ्का | १००,२६३ | ५४,७७३ | +४५,४९० |
| ७ | अफगानिस्तान | ९७३ | ७३८४ | ६४१२ |
| | सार्कको जम्मा<br>प्रतिशत | ४५,०११,८४८<br>७३·९ | २१५,५०२,४८८<br>५७४ | – |
| | जम्मा | ६०,९४९,६०३ | ३७५,६०५·८७० | – |
| ८ | चीन*<br>कूल व्यापारको प्रतिशत | १,३८०,२७४<br>२·२ | ४३,४४५,६१३<br>११·६ | ४२,०६५,३३९ |

स्रोत :- नेपाल राष्ट्रबैंक + व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र, अक्टोवर २०१०
* हङकङ्ग र मकाउ सहित

**परिशिष्ट-८**

## सम्भाव्य निर्यात योग्य वस्तु तथा सेवाहरू

| क्र.सं. | कृषि-खाद्यान्न क्षेत्र | क्र.सं. | हस्तकला र औद्योगिक समूह | क्र.सं. | सेवा क्षेत्र | क्र.सं. | अन्य निर्यात सम्भाव्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | अलैंची | ८ | नेपाली हाते कागज | १३ | पर्यटन | १ | पारवाहन निर्यात सेवा** |
| २ | अदुवा | ९ | चाँदीका गहना | १४ | श्रम | २ | चिनी |
| ३ | मह | १० | फलाम तथा स्टीलका सामाग्री | १५ | सूचना तथा प्रविधि र तिनको व्यवसायिक सेवा * | ३ | सिमेन्ट |
| ४ | मसुरोको दाल | ११ | पश्मिना | १६ | स्वास्थ्य | ४ | दुग्धजन्य उत्पादन |
| ५ | चिया | १२ | ऊनजन्य उत्पादन | १७ | शिक्षा | ५ | ट्रान्सफरमर |
| ६ | चाउचाउ | | | १८ | इन्जिनियरिङ | | |
| ७ | जडिबुटी र तिनबाट बन्ने तेल | | | १९ | जलविद्युत | | |

* IT and Business Process Outsourcing

**Transit Trade Services

स्रोत :- Nepal Trade Integration Strategy 2010. Exclusive Summary and Action Matrix. Ministry of commerce & Supplies, Kathmandu 2010 p.10

## परिशिष्ट- ९

### आ.ब. २०६६।६७ सम्म विदेशी लगानीका लागि स्वीकृत उद्योगहरू (रु. करोडमा)

| उद्योग प्रकार | संख्या | कूल परियोजना लागत | कूल स्थिर पूंजी | विदेशी लगानी | रोजगारी प्राप्त संख्या |
|---|---|---|---|---|---|
| ओद्योगिक उत्पादन | ६७३ | ४८३४·२२ | ३५२२·०० | १९४५·९९ | ७५०५७ |
| सेवा उद्योग | ५६१ | २४९३·२० | २०४३·५२ | १२०५·४३ | २८५४० |
| पर्यटन उद्योग | ५१४ | १९२०·८३ | १८०५·४३ | ७२१·६० | २३२९२ |
| निर्माण | ४१ | ३४५·५३ | २५६·३१ | २६१·२८ | २९२६ |
| कृषि | ३७ | १२०·११ | ७०·२६ | ५२·६२ | २१६० |
| खनिज | ३१ | ५०४·९० | ४१२·१० | २८३·६७ | ५१२८ |
| ऊर्जा | ४१ | ४०६४·१२ | ३८६४·३० | १३२९·१८ | ७३७० |
| जम्मा | १८९८ | १४२८२·९१ | ११९७३·९२ | ५७९९·७७ | १४४५१३ |

स्रोत :- उद्योग मन्त्रालय,
साभार :- आर्थिक सर्वेक्षण २०६७।६८, भाग १, अर्थमन्त्रालय पृ १२४

## परिशिष्ट-१०

### देशगत रूपमा स्वदेशी एवं विदेशी लगानीका उद्योग सख्या

| क्र.सं. | देशहरू | ०६६।६७ मा उद्योग संख्या | ०६७।६८ को उद्योग संख्या* | क्र.सं. | देशहरू | उद्योग संख्या | ०६७।६८ को उद्योग संख्या* |
|---|---|---|---|---|---|---|---|
| १ | भारत | २७ | १५ | ११ | रसिया | २ | – |
| २ | चीन | ५८ | ४० | १२ | न्यूजील्याण्ड | २ | – |
| ३ | जापान | ४ | ५ | १३ | अष्ट्रेलिया | ५ | २ |
| ४ | संयुक्तराज्य अमेरिका | १० | ६ | १४ | डेनमार्क | २ | – |
| ५ | बेलायत | ६ | २ | १५ | मोरीसस | २ | – |
| ६ | गणतन्त्र कोरिया | २० | ११ | १६ | क्यानडा | २ | – |
| ७ | बङ्गलादेश | २ | – | १७ | फ्रान्स | २ | ७ |
| ८ | जर्मनी | ४ | ६ | १८ | टर्की | २ | – |
| ९ | सिंगापुर | २ | २ | १९ | अन्य | १६ | २२ |
| १० | नेदरल्याण्ड | ३ | २ | जम्मा | | १७१ | १२० |

स्रोत :- उद्योग मन्त्रालय साभार : आर्थिक सर्वेक्षण २०६७।६८ भाग १, अर्थ मन्त्रालय पृ १२२ र १२३
* फागुन मसान्त सम्मको

## परिशिष्ट-११

## देशगत अर्वपतिहरूको संख्या

| क्र.सं. | देश | अर्वपतिको संख्या अमेरिकी डलरमा | देशगत प्रतिशत |
|---|---|---|---|
| १ | अमेरिका | ४१२ | ३४.० |
| २ | चीन | ११५ | १०.६ |
| ३ | रुस | १०१ | ८.३ |
| ४ | भारत | ५५ | ४.५ |
| ५ | जर्मनी | ५२ | ४.३ |
| ६ | टर्की | ३८ | ३.१ |
| ७ | हङकङ | ३६ | ३.० |
| ८ | बेलायत | ३३ | २.७ |
| ९ | ब्राजील | ३० | २.५ |
| १० | जापान | २६ | २.१ |
| | जम्मा | १२१० | १०० |

Source :- Wikipedia, The Free Encyclopedia As of March 2011

# अनुसूची खण्ड

## अनुसूची-१

### व्यवस्थापिका-संसद
### अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समिति

**सभापति**

मा० श्री पद्मलाल विश्वकर्मा

**पदेन सदस्यहरू**

सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराई

माननीय उप-प्रधान तथा परराष्ट्र मन्त्री श्री नारायणकाजी श्रेष्ठ “प्रकाश”

माननीय संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्री श्री गोपाल किराँती

माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री लोकेन्द्र विष्ट मगर

माननीय शिक्षा मन्त्री श्री दीनानाथ शर्मा

माननीय युवा तथा खेलकुद मन्त्री श्री कमला रोका

माननीय कानून तथा न्याय मन्त्री श्री वृजेश कुमार गुप्ता

**समितिका माननीय सदस्यहरू**

मा० श्री इन्द्रमती यादव
मा० श्री उमा कार्की विष्ट
मा० श्री कमला थापा
मा० श्री कुमार राई
मा० श्री गौरी महतो कोइरी
मा० श्री चन्द्रदेव जोशी
मा० श्री जोखबहादुर महरा
मा० श्री दलबहादुर राना
मा० श्री नगेन्द्रबहादुर धिमाल
मा० श्री नरहरि आचार्य
मा० श्री नारायणमान विजुक्छे
मा० श्री पुरन राना थारू
मा० श्री प्रदीप गिरी
मा० श्री भरतप्रसाद शाह
मा० श्री महन्थ ठाकुर
मा० श्री महालक्ष्मी अर्याल उपाध्याय
मा० श्री रामप्रित पासवान
मा० श्री राचन्द्र प्यासी कुशवाह
मा० श्री रिमाकुमारी नेपाली
मा० श्री रेनु चन्द (भट्ट)
मा० श्री लोकेन्द्रबहादुर चन्द
मा० श्री शशांक कोइराला
मा० श्री सन्तबहादुर नेपाली
मा० श्री सलाहुद्दिन मुसलमान
मा० श्री सावित्रीकुमार काफ्ले
मा० श्री सुरेशकुमार आले मगर
मा० श्री ईश्वरीप्रसाद दाहाल
मा० एकनाथ ढकाल
मा० श्री किरण यादव
मा० श्री कृष्णा अमात्य
मा० श्री चन्द्रप्रसाद गजुरेल
मा० श्री चन्द्रिकाप्रसाद यादव
मा० श्री तेजबहादुर मिजार
मा० श्री ध्रुव आङ्दम्बे
मा० श्री नजिर मिया
मा० श्री नविन्द्रराज जोशी
मा० श्री पार्वती रसाइली
मा० श्री पुष्पकमल दाहाल 'प्रचण्ड'
मा० श्री बिन्दा पाण्डे
मा० श्री भीमबहादुर रावल
मा० श्री मोहमदि सिद्दिकी
मा० श्री राधा ज्ञवाली
मा० श्री राम सहायप्रसाद यादव
मा० श्री रामानन्द मण्डल
मा० श्री रूपा वि.क.
मा० श्री ललिताकुमारी साह
मा० श्री विषमलाल अधिकारी दनुवार
मा० श्री शिवराम यादव
मा० श्री सन्तोष थारू
मा० श्री सावित्रा गुरूङ्ग दुरा
मा० श्री सीता गुरूङ

समिति सचिव श्री विनोद कुमार अधिकारी

# अनुसूची-२

## समिति सचिवालयका कर्मचारीहरू

| | | |
|---|---|---|
| १. | श्री मनोहर प्रसाद भट्टराई | - महासचिव |
| २. | श्री ठाकुर प्रसाद बराल | - सचिव |
| ३. | श्री विनोदकुमार अधिकारी | - सह-सचिव |
| ४. | श्री घनिन्द्रराज चिमौरिया | - उप-सचिव |
| ५. | श्री झलक शर्मा सापकोटा | - शाखा अधिकृत |
| ६. | श्री विमलराज जोशी | - कम्प्यूटर अधिकृत |
| ७. | श्री रामप्रसाद गैरे | - ना.सु |
| ८. | श्री श्यामलाल न्यौपाने | - कम्प्यूटर अप्रेटर |
| ९. | श्री लक्ष्मी ढकाल | - ना.सु. |
| १०. | श्री हरि अर्याल | - का.स. |
| ११. | श्री मुनामाया बूढाथोकी | - का.स. |
| १२. | श्री तिर्थमान डङ्गोल | - सवारी चालक |

### मुद्रणतर्फ

| | | |
|---|---|---|
| १. | श्री पुष्पमुनि बज्राचार्य | - प्रमुख मुद्रण अधिकृत |
| २. | श्री जगदीश्वरलाल श्रेष्ठ | - मुद्रण अधिकृत |
| ३. | श्री प्रेमलाल तण्डुकार | - मुद्रण अधिकृत |
| ४. | श्री सागर कुमार तुलाधर | - मुद्रण अधिकृत |
| ५. | श्री हरिशचन्द्र भण्डारी | - सि.प्रे.टे |
| ६. | श्री गम्वीरमान सिंह | - सि.प्रे.टे |
| ७. | श्री राजेन्द्र प्रसाद लामिछाने | - सि.प्रे.टे |
| ८. | श्री प्रेम बहादुर चन्द | - प्रे.टे |
| ९. | श्री मदन गिरी | - का.स. |

# अनुसूची-३

## आधारपत्र

### १) विदेश नीतिको परिभाषा

### २) नेपालको विदेश नीतिका उद्देश्यहरू

→ मुलुकको स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा गर्ने,
→ राष्ट्रिय हित, स्वाभिमान र आत्म गौरवको संरक्षण र सम्बर्द्धन गर्ने,
→ देशको आर्थिक हितको खोजी र प्रर्वधन गर्ने
→ विश्वका विभिन्न मुलुक र अन्तर्राष्ट्रिय समुदायसँग सुसम्बन्ध कायम गर्ने,
→ अन्तर्राष्ट्रिय जगतमा मुलुकको भूमिका र सम्मानको अभिवृद्धि गर्ने ।

### ३) परिवर्तित सन्दर्भमा नयाँ विदेश नीति निर्माण गर्नुको औचित्य र आवश्यकता

→ मुलुकमा राजतन्त्रको अन्त्य भै संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएकोले,
→ अग्रगामी राज्यपुनर्संरचनाद्वारा देशलाई समावेशी, सहभागितामूलक, प्रतिनिधिमूलक र समतामूलक बनाइने भएकोले,
→ देश र जनताको हित एवं समृद्धिका लागि अन्तर्राष्ट्रिय मञ्चहरूमा सम्मानजनक र सशक्त भूमिका निर्वाह गर्नु पर्ने भएकोले,
→ अन्तर्राष्ट्रिय सम्बन्धमा आएको परिवर्तनलाई ध्यान दिनु पर्ने भएकोले ।

### ४) विदेश नीतिका आधारहरू

⇒ स्वतन्त्रता, अखण्डता, सार्वभौमसत्ता,
⇒ सुरक्षा, सीमाना, सन्धि-सम्झौता,
⇒ आर्थिक हित,
⇒ भौगोलिक अवस्था र जनसंख्या,
⇒ इतिहास, भाषा र संस्कृति,
⇒ सामाजिक तथा राजनीतिक सुरक्षा,
⇒ सामरिक शक्ति,
⇒ व्यापार वाणिज्य सम्बन्ध,
⇒ औद्योगिक विकास,
⇒ विज्ञान र प्रविधिको विकास,
⇒ राजनैतिक नेतृत्व,
⇒ विश्व जनमत ।

## ५) विदेश नीतिका सिद्धान्तहरू

⇒ संयुक्त राष्ट्रसंघको वडापत्र
⇒ अन्तराष्ट्रिय कानून/अन्तर्राष्ट्रिय सन्धि-सम्झौता
⇒ पंचशील
⇒ सार्कको वडापत्र

## ६) विगतमा नेपालको विदेश नीति

⇒ नेपालको एकीकरण पूर्व
⇒ नेपालको एकीकरण र तत्पश्चात्
⇒ राणाकाल
⇒ २००७ सालको राजनीतिक परिर्वतन पश्चात
⇒ पंचायतकाल
⇒ बहुदलीय शासनकाल
⇒ शाहीकाल
⇒ संघीय लोकतान्त्रिक गणतन्त्रकाल

## ७) आर्थिक कूटनीति

⇒ सार्वजनिक निजी साझेदारी
⇒ विकास सहयोग
⇒ व्यापार
⇒ पारवहन
⇒ वैदेशिक रोजगारी
⇒ पर्यटन
⇒ वैदेशिक लगानी
⇒ जलस्रोत
⇒ बिमस्टेक
⇒ साफ्टा
⇒ विश्व ब्यपार संगठन
⇒ अन्तराष्ट्रिय वित्तीय संस्थाहरू

## ८) संस्थागत सुधार

⇒ परराष्ट्र मन्त्रालय र सम्बद्ध संस्थाहरूको संस्थागत सुधार
→ परराष्ट्र मन्त्रालय
→ विदेश स्थित कूटनीतिक नियोगहरू
→ परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान
⇒ कन्सुलर सेवा
→ राहदानी
→ अध्यागमन
→ अन्य कन्सुलर सेवा

⇒ परराष्ट्र सेवाको नियुक्ति प्रक्रियामा सुधार
⇒ सेवासँग सम्बन्धित पाठ्यक्रम
⇒ अन्तर मन्त्रालय समन्वय
⇒ क्षमता अभिवृद्धि

## ९) परिवर्तित सन्दर्भमा नेपालको विदेश नीतिका प्राथमिकताहरू

⇒ विगतको विदेश नीतिको समीक्षा गर्दै सकारात्मक पक्षहरूको अवलम्बन तथा समय सापेक्ष सुधार,
⇒ जनआन्दोलनको भावना अनुसार गौरवशाली राष्ट्रका स्वतन्त्र नागरिकको रूपमा विश्वसम्बन्ध कायम गर्ने,
⇒ शान्ति सुरक्षा, आपसी सद्भाव र सहिष्णुता सहितको मेलमिलाप कायम गर्ने,
⇒ देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राजनीतिक स्वतन्त्रताको संरक्षण गर्ने,
⇒ सर्वसाधारण जनताको जीवनस्तरमा सुधार, समता र न्यायमा आधारित दिगो विकास र सामाजिक प्रगति प्रर्वद्धन गर्ने,
⇒ संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै नागरिक स्वतन्त्रता, आर्थिक अवसरमा समान पहुँच र समावेशीकरण कायम गर्ने,
⇒ विश्व शान्ति, सुरक्षा, लोकतन्त्र, मानव अधिकार, आर्थिक-सामाजिक विकास र प्रगति गर्ने,
⇒ मुलुकलाई विदेशी हस्तक्षेपबाट मुक्त गर्ने,
⇒ नेपालको सर्वोत्तम हितको लागि विदेश नीतिमा राष्ट्रिय सहमति कायम गर्ने,
⇒ संयुक्त राष्ट्रसंघसंगको सम्बन्ध सुदृढ गर्दै संयुक्त राष्ट्रसंघ प्रणालीमा नेपालको सम्मानजनक र सशक्त भूमिका कायम गर्ने,
⇒ नेपालको हित हुने गरी कानून निर्माण गरी विश्व व्यापार संगठनसंगको सम्बन्ध कायम राख्ने,
⇒ भौगोलिक, ऐतिहासिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक पक्षका आधारमा भारत-चीन सहित सार्क सम्बद्ध मुलुकहरू लगायत विश्वका अरू मुलुकहरूसंग हार्दिक र सहयोगात्मक सम्बन्ध स्थापित गर्ने,
⇒ विगतका सहमति, सन्धि-सम्झौताहरू आवश्यकता अनुसार पुनरावलोकन, नवीकरण र खारेज गर्ने ।
⇒ जैविक विविधता, वातावरणको संरक्षण गर्दै जलवायु परिर्वतनका असरहरू अनुकूलन र न्यूनीकरण गर्ने,
⇒ नेपालमा रहेका भुटानी, तिब्बती लगायतका शरणार्थीहरूको समस्या समाधान गर्ने ।

## १०) विदेश नीतिका तात्कालिक चुनौतिहरू

## ११) सुझाव एवं सिफारिसहरू

⇒ विदेश नीति अवलम्बन गर्दा तत्कालीन र दीर्घकालीन नीति निर्माण गर्ने सम्बन्धमा,
→ तत्काल कार्यान्वय गर्नु पर्ने नीति सम्बन्धमा,
→ दीर्घकालीन नीति सम्बन्धमा ।

# अनुसूची-४

## समिति/उप-समिति बैठकका आमन्त्रित सहभागीहरू

| क्र.सं. | नाम,थर | आवद्ध संस्था र पद |
|---|---|---|
| **बैठक संख्या :- ९(उप-समिति)** | | **मिति :- २०६८।३।२४** |
| १ | श्री प्रेम सुवाल | नेता, नेपाल मजदूर किसान पार्टी |
| २ | श्री नैनसिंह महरा | केन्द्रीय उपाध्यक्ष, ने.वि.संघ |
| ३ | श्री अजय मिश्र | नेता, तराई-मधेस लोकतान्त्रिक पार्टी |
| ४ | श्री इश्वर पौडेल | महासचिव, अखिल क्रान्तिकारी |
| ५ | श्री काशिनाथ पोखरेल | अध्यक्ष, अखिल नेपाल संयुक्त संघ |
| ६ | श्री सरोज कुमार साह | सह-सचिव, नेपाल क्रान्तिकारी विद्यार्थी संघ |
| ७ | श्री रविन्द्र ज्याख्व | अध्यक्ष, नेपाल क्रान्तिकारी बिद्यार्थी संघ |
| ८ | श्री मनोज भट्ट | कोषध्यक्ष, राष्ट्रिय जनमोर्चा केन्द्रीय समिति |
| ९ | श्री योगेन्द्र राय यादव | केन्द्रीय अध्यक्ष, मधेसी युवा फोरम |
| **बैठक संख्या :- १० (उप-समिति)** | | **मिति :- २०६८।३।२६** |
| १ | मा. चन्द्रदेव जोशी | संविधानसभा सदस्य |
| २ | मा. रामचन्द्र प्यासी कुशवाह | संविधानसभा सदस्य |
| ३ | मा. परि थापा | संविधानसभा सदस्य |
| ४ | मा. डा. रामशरण महत | संविधानसभा सदस्य |
| ५ | मा.डा. प्रकाशसरण महत | संविधानसभा सदस्य |
| ६ | मा. हरिराज खेवा | संविधानसभा सदस्य |
| ७ | मा. इन्द्रजीत राई | संविधानसभा सदस्य |
| ८ | मा. डा. नारायण खड्का | संविधानसभा सदस्य |
| **बैठक संख्या :- ११ (उप-समिति)** | | **मिति :- २०६८।३।२८** |
| १ | डा. भेषबहादुर थापा | पूर्व राजदूत |
| २ | डा. केदारभक्त माथेमा | शिक्षाविद |
| ३ | श्री हिरण्यलाल श्रेष्ठ | पूर्व राजदूत |
| ४ | प्रा. हर्षनारायण धौवडेल | पूर्व राजदूत |
| ५ | प्रा.डा. नोवल किशोर राई | पूर्व राजदूत |
| ६ | श्री केशव झा | पूर्व राजदूत |
| ७ | श्री श्यामानन्द सुमन | पूर्व राजदूत |
| ८ | श्री टीकाजंग थापा | कार्यकारी निर्देशक, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान |
| ९ | श्री सुन्दरनाथ भट्टराई | पूर्व राजदूत |
| १० | डा. सम्भुराम सिम्खडा | पूर्व राजदूत |
| **बैठक संख्या :- १२ (उप-समिति)** | | **मिति :- २०६८।३।२९** |
| १ | श्री दिनेशहरि अधिकारी | सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय |
| २ | श्री पूर्णचन्द्र भट्टराई | सह-सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय |
| ३ | श्री सुशील जङ्गबहादुर राणा | सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ४ | श्री वेगेन्द्रराज शर्मा पौड्याल | सहसचिव, उद्योग मन्त्रालय |
| ५ | श्री सोमलाल बाटाजू | अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ |
| ६ | श्री कुमुद खनाल | महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ |

| क्र.सं. | नाम,थर | आवद्ध संस्था र पद |
|---|---|---|
| ७ | श्री हंशराज वाग्ले | प्रथम उपाध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ |
| ८ | श्री रञ्जनकृष्ण अर्याल | सहसचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ९ | श्री भाष्कर्रराज राजकर्णिकार | वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग-वाणिज्य महासंघ |
| १० | श्री हरि भक्त शर्मा | उपाध्यक्ष, नेपाल उद्योग परिसंघ |
| **बैठक संख्या :- १३ (उप-समिति)** | | **मिति :- २०६८।४।१** |
| १ | श्री दीपेन्द्र बहादुर क्षेत्री | पूर्व गभर्नर,नेपाल राष्ट्र बैंक |
| २ | श्री आत्माराम पाण्डे | सह-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय |
| ३ | डा. युवराज खतिवडा | गभर्नर, नेपाल राष्ट्र बैंक |
| ४ | श्री कृष्णहरि बाँस्कोटा | सचिव, अर्थ मन्त्रालय |
| ५ | डा. जगदीशचन्द्र पोखरेल | पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग |
| **बैठक संख्या :- १४ (उप-समिति)** | | **मिति :- २०६८।४।३** |
| १ | श्री उपेन्द्र गौतम | प्रतिनिधि, CMS |
| २ | श्री राजेन्द्र खनाल | प्रमुख, IUCN |
| ३ | प्रा.डा. मदन कोइराल | सदस्य, जलवायु परिर्वतन परिषद /विज्ञ/प्र.अ.स. त्रि.वि |
| ४ | श्री भीम उदास | संरक्षक, गैर आवासीय नेपाली संघ |
| ५ | श्री राजेश राणा | गैर आवासीय नेपाली संघ |
| ६ | श्री ताना गौतम | सचिव, सिचाई मन्त्रालय |
| ७ | श्री दीपक ज्ञवाली | प्राज्ञ, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान |
| ८ | श्री कृष्ण ज्ञवाली | सचिव, वातावरण मन्त्रालय |
| ९ | श्री वालानन्द पौडेल | सचिव, ऊर्जा मन्त्रालय |
| **बैठक संख्या :- १५ (उप-समिति)** | | **मिति :- २०६८।४।५** |
| १ | श्री योगेन्द्र ढकाल | महामहिम राजदूत, नेपाली राजदूतावास अष्ट्रेलिया |
| २ | श्री यमबहादुर थापा | उप-महानिर्देशक, वन विभाग |
| ३ | श्री जुद्धबहादुर गुरूङ्ग | सदस्य सचिव, राष्ट्रिय प्रकृति संरक्षण कोष |
| ४ | श्री रामप्रसाद लम्साल | सह-सचिव, वन तथा भूसंरक्षण मन्त्रालय |
| ५ | श्री यादवकान्त सिलवाल | पूर्व महासचिव, सार्क सचिवालय |
| ६ | प्रा.डा. जयराज आचार्य | पूर्व राजदूत |
| **बैठक संख्या :- १६ (उप-समिति)** | | **मिति :- २०६८।४।८** |
| १ | श्री चक्रप्रसाद बाँस्तोला | पूर्व परराष्ट्र मन्त्री |
| २ | श्री रमेशनाथ पाण्डे | पूर्व परराष्ट्र मन्त्री |
| **बैठक संख्या :- ५८ (समिति)** | | **मिति :- २०६८।४।९** |
| १ | श्री रामचन्द्र पौडेल | उपसभापति, नेपाली काँग्रेस |
| २ | श्री वामदेव गौतम | केन्द्रिय उपाध्यक्ष, नेकपा (एमाले) |
| ३ | श्री रत्नेश्वरलाल कायस्थ | सचिव, मधेसी जनअधिकार फोरम नेपाल |
| ४ | श्री चित्रबहादुर के.सी. | अध्यक्ष, राष्ट्रिय जनमोर्चा, |
| ५ | श्री अर्जुन थापा | नेता, मधेसी जनअधिकार फोरम नेपाल |
| ६ | श्री राजेन्द्र महतो | अध्यक्ष, नेपाल सद्भावना पार्टी |

# अनुसूची-५

## २०६८ असार ३० गतेको राष्ट्रिय गोष्ठीका सहभागीहरू

| नाम | पद तथा संस्था |
|---|---|
| डा. मीना आचार्य | सदस्य सचिव, टंकप्रसाद आचार्य प्रतिष्ठान |
| श्री भीम उदास | संरक्षक, गैर-आवासीय नेपाली संघ |
| श्री तोया ज्ञवाली | प्रतिनिधि, MUS |
| मा. रामबहादुर थापा मगर | सभासद् |
| श्री सूर्यप्रसाद श्रेष्ठ | अध्यक्ष, NEOC |
| श्री योगेश भट्टराई | नेता, नेकपा (एमाले) |
| प्रा.डा. गोपाल पोखरेल | परराष्ट्र मामिला विज्ञ |
| श्री श्याम श्रेष्ठ | राजनीतिक विश्लेषक |
| श्री तोयानाथ भट्टराई | सहसचिव, संसद सचिवालय |
| डा.विष्णुहरि नेपाल | परराष्ट्र मामिला विज्ञ |
| प्रा. कृष्ण पोखरेल | परराष्ट्र मामिला विज्ञ |
| श्री सन्तोस घिमिरे | प्रतिनिधि, नयाँ पत्रिका दैनिक |
| श्री मंगल लामा | प्रतिनिधि, नेपाल-१ टि.भी. |
| श्री सुशिल पन्त | प्रतिनिधि, दैनिक पत्र |
| श्री प्रेम सुवाल | नेता, ने.म.कि.पा. |
| डा. तिलक रावल | नेता, मजफो (लोकतान्त्रिक) |
| श्री प्रह्लाद प्रसाईं | परराष्ट्र मामिला विज्ञ |
| मा. श्री धर्मप्रसाद घिमिरे | सभासद्, एनेकपा (माओवादी) |
| श्री अमुदा श्रेष्ठ | सदस्य, राष्ट्रिय महिला आयोग |
| श्री वालानन्द पौडेल | सचिव, उर्जा मन्त्रालय |
| श्री धनबहादुर श्रेष्ठ | सहसचिव, संसद् सचिवालय |
| श्री अरुण नेपाल | नेता, नेकपा (एमाले) |
| प्रा.डा. गुणनिधि शर्मा | पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग |
| श्री बुद्धिनारायण श्रेष्ठ | सीमाविद् |
| श्री लीलामणि पौड्याल | सचिव, गृह मन्त्रालय |
| डा. मदनकुमार भट्टराई | सचिव, परराष्ट्र मन्त्रालय |
| डा. रेणु राजभण्डारी | महिला अधिकारकर्मी |
| डा. रामभक्त ठाकुर | पूर्व राजदूत |
| डा. शम्भुराम सिमखडा | पूर्व राजदूत |
| श्री अब्दुल्लाहा मियाँ | प्रतिनिधि, कान्तिपुर दैनिक |
| श्री मुकुन्द शर्मा | प्रवक्ता, संसद् सचिवालय |
| प्रा.डा. श्रीधर गौतम | राजनीतिक विश्लेषक |
| डा. प्रकाशचन्द्र लोहनी | सभासद् |
| श्री दुर्गा प्रसाद भट्टराई | सहसचिव, परराष्ट्र मन्त्रालय |
| श्री के.पी. शर्मा ओली | वरिष्ठ नेता, नेकपा (एमाले) |
| श्री रमेश आचार्य | प्रतिनिधि, नागरिक समाज |
| श्री भरतराज पौडेल | उपसचिव, परराष्ट्र मन्त्रालय |

| नाम | पद तथा संस्था |
|---|---|
| मा.शारदादेवी कुमाल | सभासद् |
| मा.सोनाम छर्जुङ् लामा | सभासद् |
| श्री जयनारायण नेपाल | पूर्व सचिव, अ.स.र मा.अ. समिति |
| श्री लवप्रसाद गौतम | सहसचिव, संसद सचिवालय |
| श्री तेन्जी शेर्पा | प्रतिनिधि, गैर आवासीय नेपाली संघ |
| श्री राजुमान सिंह मल्ल | काठमाडौं स्कूल अफ रिसर्च |
| श्री पूणचन्द्र भट्टराई | सहसचिव, श्रम मन्त्रालय |
| श्री सुशील जंगबहादुर राणा | सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| श्री सुदर्शन कुइँकेल | उपसचिव, संसद सचिवालय |
| श्री राजेश्वर आचार्य | पूर्व राजदुत |
| डा.गोपाल कृष्ण सिवाकोटी | अध्यक्ष, इन्हुरेड इन्टरनेशनल |
| श्री सुरेश कार्की | नेता, नेकपा (एमाले) |
| श्री सुरेन्द्र | प्रतिनिधि, एभिन्यूज टेलिभिजन |
| श्री मधुकर | प्रतिनिधि, एभिन्यूज टेलिभिजन |
| श्री मोहन महर्जन | प्रतिनिधि, एभिन्यूज टेलिभिजन |
| डा.उमा शंकर प्रसाद | नेता, मजफो नेपाल |
| श्री रञ्जनकृष्ण अर्याल | सहसचिव, पर्यटन तथा ना.उ. मन्त्रालय |
| श्री हेमबहादुर विष्ट | प्रतिनिधि, नेपाल एफ.एम. |
| श्री मुकेश के.सी. | प्रतिनिधि, ICC |
| श्री उर्मिला बजिमया | प्रतिनिधि, ICC |
| श्री सञ्जय महर्जन | प्रतिनिधि, N.P. |
| श्री मुक्तिनाथ भट्ट | परराष्ट्र मन्त्रालय |
| श्री फणीन्द्र ढकाल | प्रतिनिधि, द काठमाडौं पोष्ट |
| मा. गोपालसिंह बोहरा | सभासद् |
| प्रा.डा.प्रेमरमण उप्रेती | इतिहासविद, त्रि.वि. |
| डा. भेषबहादुर थापा | पूर्व राजदूत |
| श्री वीरेन्द्र बहादुर कार्की | सहसचिव, संसद सचिवालय |
| श्री जीवन अधिकारी | सविच, न्याय परिषद् |
| डा. चिरन्जीवी नेपाल | अर्थविद |
| डा. चन्द्रकान्त पौडेल | अर्थविद |
| श्री देवेन्द्र सिटौला | प्रतिनिधि, रक्षा मन्त्रालय |
| श्री विनोद कोइराला | प्रनिनिधि, एस.एस. |
| श्री जीतेन्द्र नारायण देव | नेता, मजफो (लोकतान्त्रिक) |
| प्रा.डा. सुरेन्द्र के.सी. | इतिहासविद, त्रि.वि. |
| डा. मदन कोइराला | वातावरणविद, त्रि.वि. |
| डा. गोपाल सिवाकोटी "चिन्तन" | कानूनविद, ल क्याम्पस |
| डा. मदन परियार | योजनाविद |
| श्री बिष्णु नेपाल | प्रतिनिधि, रासस |
| मा. हरि रोक्का | सभासद् |
| श्री सञ्जय दाहाल | शा.अ., संसद सचिवालय |

**समाप्त**